# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

## National Natural Resources and Fiscal Commission

प. सं: २०७८/७९
च. नं. / Ref: ५२

मिति : २०७८/०४/३२

विषय : राय सुझाव उपलब्ध गराउने सम्बन्धमा।

श्री प्रदेश सरकार (सबै),
श्री स्थानीय तह (सबै),
श्री जि.स.स. महासङ्घ नेपाल,
श्री नेपाल नगरपालिका सङ्घ,
श्री गाँउपालिका राष्ट्रिय महासङ्घ नेपाल,
श्री सरोकारवाला सम्पुर्ण निकायहरू तथा आम जनसमुदायहरु।

उपर्युक्त सम्बन्धमा यस आयोगको प्रथम रणनीतिक योजना, २०७८ को मस्यौदा आयोगको Website मा सवैको सार्वजनिक जानकारीको लागि राखिएको छ। उक्त दस्तावेजलाई अन्तिम रूप दिन यहाँहरूको आवश्यक राय, सुझाव र प्रतिक्रिया २०७८ साल भाद्र मसान्तसम्म यस आयोगमा आइपुग्ने गरी पठाइदिनुहुन आदेशानुसार अनुरोध छ।

(लक्ष्मी प्रसाद रेग्मी)
उपसचिव

सिंहदरवार, काठमाडौं, नेपाल, फोन नं. + ९७७-१-४२००५९२, फ्याक्स: + ९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593
E-mail: info@nnrfc.gov.np, Website: www.nnrfc.gov.np

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

# प्रथम रणनीतिक योजना
## (First Strategic Plan)




**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग**

सिंहदरबार, काठमाडौं

२०७८

रणनीतिक योजनाः २०७८/७९-२०८२/८३

सर्वाधिकार © २०७८ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

२०७८ असार

**सम्पर्क ठेगाना:**
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
सिंहदरबार, काठमाण्डौं
टेलिफोनः ०१-४२००५९२
फ्याक्सः ०१-४२००५९३
इमेलः info@nnrfc.gov.np
वेबसाईटः www.nnrfc.gov.np

# मन्तब्य

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई  नेपालको संविधानले नेपालको प्राकृतिक तथा वित्तीय स्रोतलाई सरकारको तीन तहबीच बाँडफाँट गरी कार्यान्वयनका लागि सिफारिस गर्ने जिम्मेवारी दिएको छ। संविधानले दिएको यस जिम्मेवारी अनुरूप आयोगले वित्तीय समानीकरण अनुदान, राजस्व बाँडफाँटको आधार र ढाँचा निर्धारण, आन्तरिक ऋणको सीमा निर्धारण समेत गरी नेपाल सरकार र प्रदेश सरकारलाई सिफारिस गर्ने गरेको छ। आयोगले आर्थिक वर्ष २०७४/०७५, २०७५/०७६, २०७७/०७८ र २०७८/७९ का लागि सङ्घ, प्रदेश र स्थानीय तहले प्राप्त गर्ने प्राकृतिक स्रोतको रोयल्टी समेत सिफारिस गरी सकेको छ। आयोगबाट प्राकृतिक स्रोतको परिचालत तथा वित्तीय सङ्घीयताको क्षेत्रमा प्राविधिक  कार्यहरू सम्पादन गर्दा संविधान तथा कानुनको परिधिभित्र रही निष्पक्ष, पारदर्शी, सन्तुलित, व्यवसायिक तथा न्यायोचित ढङ्गले गर्नु पर्ने हुँदा आयोगका मूल्य मान्यताहरू सुनिश्चित गरी सोही आधारमा कार्यसञ्चालन गर्नुपर्ने हुन्छ। आयोगको विद्यमान अवस्थाको समीक्षा गर्दै यसका दीर्घकालीन दुरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्यहरू यकीन गरी लक्ष्यमा पुग्न अपनाउनु पर्ने रणनीति तथा कार्यनीतिहरू यकीन गरी सो को खाका यस रणनीतिक योजनाले प्रस्तु गरेको छ। यस रणनीतिक योजनाले आयोगको आगामी पाँच वर्षको रणनीतिक दिशावोध र रणनीति कार्यान्वयनका लागि संस्थागत विकासका क्षेत्र समेत निर्देशित गरेको छ जसले आयोगको संवैधानिक दायित्वहरू अझ प्रभावकारी रूपमा सम्पादन गर्न सहज हुने विश्वास लिइएको छ। आयोगका क्रियाकलापहरूलाई अझ पारदर्शी, अनुमानयोग्य र सम्प्रेषणीय बनाउनका लागि यसै रणनीतिको पुरक हिस्साको रूपमा सञ्चार रणनीति समेत तर्जुमा गरिएको छ।

यस रणनीतिक योजना निर्माणका लागि योगदान पुऱ्याउनु हुने आयोगका माननीय सदस्यहरू तथा आयोगको सचिवालयका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु ।

**बालानन्द पौडेल**
अध्यक्ष
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

# बिषय-सूची


परिच्छेद-१ ........ 1

परिचय ........ 1

१.१ पृष्ठभूमि ........ 1

१.२ आयोग सम्बन्धी संस्थागत व्यवस्था ........ 1

१.२.१ संवैधानिक व्यवस्था ........ 1

१.२.२ कानुनी व्यवस्था ........ 3

१.२.३ सङ्गठनात्मक व्यवस्था ........ 6

१.३ रणनीतिको आवश्यकता र तर्जुमा विधि ........ 7

परिच्छेद -२ ........ 8

स्थिति विश्लेषण ........ 8

२.१ वर्तमान परिवेश ........ 8

२.२ आयोगको आन्तरिक सबलता र सीमा तथा बाह्य अवसर र चुनौतीहरूको विश्लेषण ........ 10

२.३ सरोकारवालाको लेखाजोखा ........ 14

परिच्छेद-३ ........ 15

रणनीतिक योजना (Strategic Plan) ........ 15

३.१ परिचय ........ 15

३.२ दीर्घकालीन सोंच ........ 15

३.३ ध्येय ........ 15

३.४ लक्ष्य ........ 15

३.५ उद्देश्यहरू ........ 15

३.७ मार्गदर्शक सिद्धान्तहरू ........ 16

३.७ रणनीति तथा कार्यनीतिहरू ........ 16

परिच्छेद-४ ........ 31

रणनीति कार्यान्वयन कार्ययोजना (Implementation Framework) ........ 31

४.१ रणनीति कार्यान्वयन कार्ययोजना ........ 31

४.२ अनुगमन तथा मूल्याङ्कन ........ 96

४.३ जोखिमको पहिचान ........ 97

४.४ अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउन आवश्यक क्षमता विकास ........ 98

अनुसूचीहरू ........ 99

# परिच्छेद-१

# परिचय

## १.१ पृष्ठभूमि

नेपालको शासन व्यवस्था सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरण भएसँगै सङ्घ, प्रदेश र स्थानीय तहबाट राज्यशक्तिको प्रयोग हुने प्रणाली स्थापित भएको छ। नेपालको संविधानमा तीन तहका सरकारका अधिकार, दायित्व तथा जिम्मेवारीका विषयहरू बाँडफाँट गरिएको छ। सङ्घ, प्रदेश र स्थानीय सरकारहरूबाट एकापसमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै संविधान प्रदत्त क्षेत्राधिकार बमोजिम कार्यसम्पादन गर्नका लागि वित्तीय तथा प्राकृतिक स्रोतको प्रभावकारी परिचालन पूर्वशर्तका रूपमा रहन्छ। तदनुरुप तीन तहका सरकारबीच स्रोतको बाँडफाँट गर्ने जिम्मेवारी सहित संवैधानिक निकायको रूपमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको गठन भएको छ। आयोगको मुख्य भूमिका मुलुकमा उपलब्ध प्राकृतिक एवं वित्तीय स्रोतहरू सङ्घ, प्रदेश र स्थानीय सरकारहरूबीच न्यायोचित तवरले बाँडफाँट गर्नु हो। उक्त प्रकृयामा आयोगले निष्पक्षतापूर्वक र वस्तुपरक ढङ्गले प्रमाण, तथ्य तथा स्थापित सिद्धान्तका आधारमा वित्तीय तथा प्राकृतिक स्रोतको लाभको बाँडफाँट एवं वितरणको आधार र ढाँचा निर्धारण गर्ने तथा सङ्घ, प्रदेश र स्थानीय तहका सरकारबीच हुने राजस्वको बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान तथा आन्तरिक ऋण र प्राकृतिक स्रोतको बाँटफाँटका सम्बन्धमा सिफारिस गर्ने कार्य गर्दछ। आयोगको कार्यगत भूमिकालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।




## १.२ आयोग सम्बन्धी संस्थागत व्यवस्था

### १.२.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा ५० मा उल्लिखित निर्देशक सिद्धान्तहरू अन्तर्गत उपधारा (३) मा "उपलब्ध साधन स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्ने" उल्लेख भएको छ।

त्यसै गरी धारा ५१ मा "राज्यका नीतिहरू" शीर्षक अन्तर्गत खण्ड (ख) "राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीति" शीर्षकको उपखण्ड (६) मा "सङ्घीय इकाइबीच जिम्मेवारी, स्रोत, साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने" उल्लेख छ भने खण्ड (च) "विकास सम्बन्धी नीति" शीर्षकको उपखण्ड (१) मा "क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकासका लागि क्षेत्रीय विकासको योजना अन्तर्गत दिगो सामाजिक

आर्थिक विकासका रणनीतिहरू र कार्यक्रम तर्जुमा गरी समन्वयात्मक तरिकाले कार्यान्वयन गर्ने" व्यवस्था गरिएको छ।

सोही धाराको खण्ड (छ) मा "प्राकृतिक साधन स्रोतको संरक्षण संवर्द्धन र उपयोग सम्बन्धी नीति" शीर्षकको उपखण्ड (१) मा "राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने" भन्ने उल्लेख भएको छ भने उपखण्ड (२) मा जलस्रोतको बहुउपयोगी विकास गर्ने विषय, उपखण्ड (३) मा उर्जाको समुचित प्रयोग गर्ने, उपखण्ड (५) मा वातावरणीय स्वच्छता कायम गर्ने विषय, उपखण्ड (६) मा वन क्षेत्र कायम गर्ने, उपखण्ड (७) मा नकारात्मक वातावरणीय प्रभाव न्यून गर्ने उपायहरू अवलम्बन गर्ने, उपखण्ड (८) मा पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने विषय र उपखण्ड (९) मा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्ने विषय उल्लेख गरिएको छ।

संविधानको धारा ५९ को उपधारा (४) मा "सङ्घ, प्रदेश तथा स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नु पर्नेछ; त्यस्तो लाभको निश्चित अंश र रोयल्टी सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानून बमोजिम वितरण गर्नु पर्नेछ" भन्ने व्यवस्था गरिएको छ भने उपधारा (५) मा "सङ्घ प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा कानून बमोजिमको अंश लगानी गर्न प्राथमिकता दिनु पर्नेछ" भन्ने उल्लेख छ।

त्यसैगरी धारा ६० को उपधारा (३) अनुसार "प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने" उल्लेख गरिएको छ भने धारा २५१ को उपधारा (१) मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने गरी तोकिएको छः

(क) संविधान र कानुन बमोजिम सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने;

(ख) सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्बन्धमा सिफारिस गर्ने;

(ग) राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने;

(घ) प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने;

(ङ) सङ्घ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पुरा गर्ने र राजस्व असुलीमा सुधार गर्नु पर्ने उपायहरूको सिफारिस गर्ने;

(च) समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने;

(छ) सङ्घ र प्रदेश सरकारको राजस्व बाँडफाँटका आधारको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने;

(ज) प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने; र

(झ) प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने।

त्यसैगरी धारा २५१ को उपधारा (२) मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको बाँडफाँट गर्दा

सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नेछ भन्ने उल्लेख गरिएको छ। साथै सोही धाराको उपधारा (३) ले आयोगको काम, कर्तव्य र अधिकार, प्राकृतिक स्रोतको परिचालन गर्दा वा राजस्व बाँडफाँट गर्दा अपनाउनु पर्ने विस्तृत आधार, आयोगका पदाधिकारीहरूको सेवाका शर्त लगायत अन्य व्यवस्था सङ्घीय कानुन बमोजिम हुने व्यवस्था गरेको छ।

### १.२.२ कानुनी व्यवस्था

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अनुसार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका काम, कर्तव्य र अधिकारहरू निम्नानुसार रहेका छन्:

(क) प्रदेश कानुन बमोजिम प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा प्रदेशलाई सिफारिस गर्ने;

(ख) प्रदेश कानुन बमोजिम प्रदेशले स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदानको आधार तयार गरी प्रदेशलाई सिफारिस गर्ने;

(ग) नेपाल सरकार, प्रदेश वा स्थानीय तहबीच राजस्वको बाँडफाँट सम्बन्धमा उठेको विवाद समाधान गर्न आवश्यक सहजीकरण र सहयोग गर्ने;

(घ) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई दिने अनुदान सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने;

(ङ) नेपाल सरकार तथा प्रदेशले राजस्व बाँडफाँटका सम्बन्धमा कुनै सुझाव माग गरेमा आवश्यक सुझाव दिने;

(च) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले लगाउने करका सम्बन्धमा सुझाव माग गरेमा आवश्यक सुझाव दिने;

(छ) प्राकृतिक स्रोतको संरक्षण र उपयोगका विषयमा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहलाई आवश्यक सुझाव दिने।

त्यसै गरी ऐनको दफा ३ को उपदफा २ मा “आयोगले संविधान र यस ऐनबमोजिम सुझाव वा सिफारिस दिँदा वा ढाँचा तयार गर्दा प्रदेश तथा स्थानीय तहको कार्यसम्पादनलाई समेत आधार लिनेछ” भन्ने व्यवस्था उल्लेख भएको छ।

**अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४** अनुसार आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा देहायबमोजिमको व्यवस्था रहेको छः

(क) मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको बाँडफाँटबाट प्राप्त राजस्वको बाँडफाँट सम्बन्धमा ऐनको दफा ६ को उपदफा (४) मा भएको व्यवस्था अनुसार उक्त दफाको उपदफा (३) बमोजिम प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा जम्मा भएको राजस्व रकम संविधान र यस ऐनको अधीनमा रही राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रत्येक प्रदेश र स्थानीय तहलाई बाँडफाँट गर्ने;

(ख) सवारी साधन करको बाँडफाँट सम्बन्धमा ऐनको दफा ६क. को उपदफा ४ मा भएको व्यवस्था अनुसार उक्त दफाको उपदफा (३) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम संविधान र यस ऐनको अधीनमा रही आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्ने;

(ग) रोयल्टी बाँडफाँट सम्बन्धमा ऐनको दफा ७ को उपदफा (२) मा भएको व्यवस्था अनुसार उक्त दफाको उपदफा (१) बमोजिमको कोषमा रहेको रोयल्टीको बाँडफाँट नेपाल सरकारले अनुसूची-४ बमोजिम वार्षिक रूपमा गर्नेछ भन्ने व्यवस्था उल्लेख भएको र सोही अनुसूचीको द्रष्टव्य-१ बमोजिम नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट तथा वितरण गर्ने;

(घ) वित्तीय समानीकरण अनुदान सम्बन्धमा ऐनको दफा ८ को उपदफा (१) अनुसार नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने। त्यसैगरी उपदफा (२) मा उल्लेख भएको व्यवस्था अनुसार उपदफा (१) बमोजिम नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेश भित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानुन बमोजिम आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने;

(ङ) सशर्त अनुदानका सम्बन्धमा ऐनको दफा ९ को उपदफा (१) अनुसार नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधारबमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्ने। त्यसैगरी उपदफा (३) अनुसार प्रदेशले स्थानीय तहलाई प्रदेश कानुनबमोजिम आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने;

(च) आन्तरिक ऋणको सम्बन्धमा ऐनको दफा १४ को उपदफा (१) अनुसार नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने; र

(छ) आय व्ययको प्रक्षेपण सम्बन्धमा ऐनको दफा १८ को उपदफा (२) अनुसार नेपाल सरकारले आयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको फागुन मसान्तभित्र दफा ६ बमोजिमको राजस्व बाँडफाँट र दफा ८ बमोजिमको वित्तीय समानीकरण अनुदान बापत आगामी आर्थिक वर्षमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने अनुमानित स्रोतको विवरण प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने। त्यसैगरी, उपदफा (३) अनुसार प्रदेश सरकारले आयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको चैत्र मसान्त भित्र संविधानको धारा ६० को उपधारा (५) बमोजिम स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय अनुदानको अनुमानित विवरण स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** मा आयोगको कार्यक्षेत्रसँग सरोकारका विषयमा देहायबमोजिमको व्यवस्था रहेको छः

(क) ऋण लिन सक्ने व्यवस्थाका सम्बन्धमा उक्त ऐनको दफा ६८ को उपदफा (१) अनुसार गाउँपालिका तथा नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही सम्बन्धित सभाबाट स्वीकृत गराई उत्पादनशील, रोजगारमूलक, आन्तरिक आय वृद्धि तथा पूँजीगत कार्यको लागि आन्तरिक ऋण लिन सक्ने।

(ख) कारोबारको लेखा सम्बन्धमा उक्त ऐनको दफा ७६ को उपदफा (५) अनुसार गाउँपालिका तथा नगरपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी सङ्घीयअर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, सङ्घीयमामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने।

**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६** को नियम (३) मा आयोगले संविधान, ऐन तथा प्रचलित कानुनमा उल्लिखित काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा देहाय बमोजिमका कार्यहरू गर्ने गरी व्यवस्था गरिएको

छः

(क) प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्न /गराउनका लागि आवश्यक अध्ययन, अनुसन्धान गर्ने/ गराउने र सोको वस्तुगत आधार एवं मापदण्ड निर्धारण गर्ने, गराउने;

(ख) प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण निर्धारण गर्न आवश्यक अध्ययन, अनुसन्धान गर्ने/ गराउने;

(ग) प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको पहिचान गर्न आवश्यक अध्ययन, अनुसन्धान गर्ने र सोको वस्तुगत आधार एवं मापदण्ड निर्धारण गर्ने/ गराउने;

(घ) संविधान र प्रचलित कानुन बमोजिम सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय तहबीच राजस्वको बाँडफाँट गर्ने आधार र ढाँचा तय गर्ने विधि स्वीकृत गर्ने;

(ङ) सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय तहलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तहबाट आवश्यक सूचना, तथ्याङ्क एवं विवरण नियमित रूपमा प्राप्त गर्ने,;

(च) राजस्व बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व असुली, आन्तरिक ऋणको सीमा, प्राकृतिक स्रोतको परिचालन, बाँडफाँट, संरक्षण एवं उपयोग र प्रदेश तथा स्थानीय तहको कार्य सम्पादनका बारेमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने/गराउने;

(छ) प्रचलित कानुन बमोजिम प्राकृतिक स्रोतको परिचालनमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले गर्ने लगानीको हिस्सा र प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने प्रतिफलको हिस्सा निर्धारणको आधार सम्बन्धी विधि तय गर्ने;

(ज) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबीच प्राकृतिक स्रोतको बाँडफाँट एवं परिचालनका सम्बन्धमा उठ्न सक्ने विवाद समाधान गर्न आवश्यक सहयोग र सहजीकरण गर्ने; र

(झ) कार्य सम्पादनको सिलसिलामा आवश्यकतानुसार नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा अन्य सरकारी आयोग लगायतका निकायहरूबाट सुझाव वा सल्लाह लिने।

त्यसै गरी उक्त नियमावलीको नियम (१६) ले आयोगको कार्य सम्पादनको सिलसिलामा समन्वय एवं सहजीकरण गर्न आयोगका अध्यक्षको अध्यक्षतामा विभिन्न विषयगत मन्त्रालयका सचिवहरू, विभागीय प्रमुखहरू र आवश्यकतानुसार प्रदेशका प्रमुख सचिव, सरकारी निकायका अधिकृत तथा विज्ञहरू समेत समावेश गरी एक अन्तर-समन्वय एवं सहजीकरण समिति गठन गर्न सक्ने व्यवस्था गरेको छ। सो समितिले प्राकृतिक एवं वित्तीय स्रोतको न्यायोचित बाँडफाँट, परिचालन, वितरण, संरक्षण र उपयोग, वित्तीय हस्तान्तरणको परिमाण निर्धारण, खर्चको आवश्यकता र राजस्व क्षमताको निर्धारण, कर एवं राजस्वको बाँडफाँट, वित्तीय समानीकरण तथा सशर्त अनुदान, खर्च जिम्मेवारी र राजस्व असुली, समष्टिगत आर्थिक परिसूचकहरूको विश्लेषण, आन्तरिक ऋणको सीमा, प्राकृतिक स्रोतको बाँडफाँट तथा परिचालन सम्बन्धमा उठ्न सक्ने विवाद निवारण, प्राकृतिक स्रोतसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन, प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन र आयोगले आवश्यक ठानेका अन्य विषय वा क्षेत्रमा समन्वय एवं सहजीकरण गर्ने व्यवस्था उक्त नियमावलीमा उल्लेख छ।

यसरी उल्लेखित ऐन तथा नियमावलीमा आयोगका संवैधानिक जिम्मेवारीहरूलाई थप प्रष्ट्याउनुका साथै तीन तहका सरकारहरू बीच हुने स्रोतको बाँडफाँट गर्दा आयोगले लिनुपर्ने आधारहरूको समेत व्यवस्था गरिएको छ। माथि उल्लिखित आयोगका काम, कर्तव्य र अधिकार बमोजिम आयोगको कार्य क्षेत्र र भूमिकाको सारांश तालिका नं. १ मा उल्लेख गरिएको छ।

तालिका नं. १: आयोगको कार्यक्षेत्र तथा भूमिका

| कार्य क्षेत्र | आयोगको भूमिका |
|---|---|
| खर्च जिम्मेवारी | • सङ्घ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारीको लागि आवश्यक वित्तीय स्रोतको गणना तथा ती जिम्मेवारीहरू पुरा गर्ने उपायहरू सिफारिस गर्ने। |
| राजस्व जिम्मेवारी | • सङ्घ, प्रदेश र स्थानीय सरकारले राजस्व असुलीमा सुधार गर्नुपर्ने उपायहरू सिफारिस गर्ने। |
| राजस्व बाँडफाँट | • सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय सरकारबीच राजस्व बाँडफाँट गर्ने विस्तृत आधार, ढाँचा र हिस्सा निर्धारण गर्ने,<br>• प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्व बाँडफाँट गर्ने विस्तृत आधार, ढाँचा र हिस्सा निर्धारण गर्ने,<br>• राजस्व बाँडफाँटका आधारहरूको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने,<br>• प्रदेश र स्थानीय तहबीच हुने सवारी साधन कर बाँडफाँटको आधार, ढाँचा र हिस्सा निर्धारण गर्ने। |
| अन्तर-सरकारी वित्तीय हस्तान्तरण | • सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको रकम सिफारिस गर्ने,<br>• प्रदेश सञ्चित कोषबाट स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको रकम सिफारिस गर्ने,<br>• प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार तयार गरी सिफारिस गर्ने। |
| आन्तरिक ऋण | • सङ्घ, प्रदेश र स्थानीय सरकारले लिनसक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने। |
| प्राकृतिक स्रोतको परिचालन तथा बाँडफाँट | • प्राकृतिक स्रोतको परिचालन गर्दा सङ्घ, प्रदेश र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने,<br>• प्राकृतिक स्रोतको बाँडफाँटसम्बन्धी विवादको विषयमा अध्ययन अनुसन्धान गरी विवाद निवारण गर्न सुझाव दिने,<br>• प्राकृतिक स्रोतको बाँडफाँट गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनका सम्बन्धमा अध्ययन अनुसन्धान गरी सुझाव दिने,<br>• सङ्घ, प्रदेश र स्थानीय तहबीच हुने रोयल्टी बाँडफाँटको विस्तृत आधार, ढाँचा र हिस्सा निर्धारण गरी सिफारिस गर्ने। |

### १.२.३ सङ्गठनात्मक व्यवस्था

संविधान बमोजिम यस आयोगमा अध्यक्षसहित पाँचजना पदाधिकारीहरू रहने व्यवस्था रहेको छ । आयोगको कार्य सञ्चालनमा सहयोग पुऱ्याउनका लागि नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिवको नेतृत्वमा तीन महाशाखा

र १२ शाखाहरूमा विभिन्न सेवा समूहका अनुसूची १ बमोजिमका कर्मचारीहरू रहने गरी सचिवालयको सङ्गठन संरचना विद्यमान रहेको छ।

## १.३ रणनीतिको आवश्यकता र तर्जुमा विधि

मुलुकमा सङ्घीय स्वरूपको शासकीय प्रणाली शुरू भएसँगै यसको प्रभावकारी कार्यान्वयनको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न आयोगको स्थापना भएको हो। आयोगको कार्यक्षेत्र बमोजिमको जिम्मेवारीलाई प्रभावकारी रूपमा सम्पादन गर्नका लागि आयोगले योजनाबद्ध ढङ्गबाट आफ्ना काम कारवाहीहरूलाई अगाडि बढाउन आवश्यक छ। विशेष गरी तीन तहका सरकारहरूबीचको अन्तरसम्बन्धलाई सुदृढ गर्नुका साथै सन्तुलित, समन्यायिक र समतामूलक विकासका निमित्त वित्तीय सङ्घीयता महत्वपूर्ण आधारस्तम्भ हो। यस सम्बन्धी दीर्घकालीन सोच सहितको कार्यदिशा तय गर्न र वित्तीय सङ्घीयताको संरक्षकको भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न आयोगको रणनीतिक योजनाको आवश्यकता रहेको छ। यसै सिलसिलामा आयोगले प्रथम पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरेको छ। यसबाट विशेष गरी सङ्घीय शासन प्रणालीको महत्वपूर्ण आधार स्तम्भको रूपमा रहेको वित्तीय सङ्घीयताको कार्यान्वयनमा सहयोग पुग्नेछ। साथै मुलुकको सन्तुलित र दिगो विकासका लागि प्राकृतिक स्रोतको परिचालनमा समेत यस रणनीतिक योजनाले योगदान पुऱ्याउनेछ।

प्रस्तुत रणनीति पत्र तयार गर्ने क्रममा आयोगले यस सम्बन्धी विद्यमान नीतिगत व्यवस्थाको पुनरावलोकन गर्नुको साथै सरोकारवाला निकाय र विज्ञहरूसँग समेत छलफल तथा अन्तरक्रिया गरी आवश्यक पृष्ठपोषण प्राप्त गरेको थियो। यस क्रममा विशेष गरी विभिन्न आयोगहरू, नेपाल सरकारका मन्त्रालयहरू, प्रदेश सरकारका मन्त्रालयहरू, स्थानीय सरकार तथा सम्बद्ध सङ्घ/महासङ्घहरूसँग अन्तरक्रिया गर्नुका साथै सङ्घीय शासन प्रणाली, वित्तीय सङ्घीयता तथा प्राकृतिक स्रोतको परिचालन सम्बन्धी विषयविज्ञ, प्राध्यापक, शोध अनुसन्धानकर्ताहरूबाट प्राप्त राय परामर्श समेतले यस दस्तावेजलाई वस्तुपरक एवं नतिजामूलक तुल्याउन योगदान पुगेको छ।

# परिच्छेद -२
# स्थिति विश्लेषण

## २.१ वर्तमान परिवेश

आयोगको कार्यसम्पादनलाई विभिन्न वातावरणीय पक्षहरूले प्रभाव पारेका हुन्छन्। आयोगको रणनीति तर्जुमा गर्ने क्रममा आयोगसँग सम्बन्धित विद्यमान राजनैतिक, आर्थिक, सामाजिक, प्रविधिजन्य, कानुनी तथा पर्यावरणीय पक्षहरूको विश्लेषण गरिएको छ। हाल आयोगले देहायको परिवेश र सो बाट सिर्जित सीमाभित्र रही काम गर्नु परेको अवस्था रहेको छ।

***राजनीतिक परिवेशः*** संविधानसभाबाट नेपालको संविधान जारी भई निर्वाचित जनप्रतिनिधिहरूको सहभागितामा तीनै तहका सरकार गठन भई नयाँ राजनीतिक अभ्यासको रूपमा सङ्घीय शासन प्रणाली कार्यान्वयनमा आएको छ। मुलुकको समग्र आर्थिक वृद्धि हासिल गर्दै समतामूलक विकासका लक्ष्यहरू हासिल गर्दै जाने विषयमा तीनै तहका सरकारहरू क्रियाशील रहेका छन्। नेपालको सङ्घीयता मौलिक प्रकृतिको भएकाले यसका कतिपय पक्षहरूको व्यवस्थापन गर्दा अनुभवबाट सिक्दै जानु पर्ने अवस्था विद्यमान छ। स्थानीय तहमा समेत लामो समय पछि जनप्रतिनिधि निर्वाचित भै आएकाले स्थानीय शासनका अभ्यासहरू पनि स्थापित हुने चरणमै छन्। प्रदेश तहको संरचना नयाँ अभ्यास भएकाले प्रदेश सरकारको काम कारबाही संस्थागत हुन स्वभाविक रूपमा समय लाग्ने देखिएको छ। नागरिक समाज पर्याप्त मात्रामा संस्थागत नभएकाले शासकीय प्रवन्धमा नागरिक संलग्नता (civic engagement) सुदृढ हुन समय लाग्ने देखिन्छ। सार्वजनिक सङ्गठनहरूको विस्तार भए पनि तिनीहरू गतिशील सार्वजनिक संस्थाका रूपमा रूपान्तरण हुन सकेका छैनन्। सङ्घीय इकाईमा रहेका जनप्रतिनिधिहरू र सरकारको स्थायी संयन्त्रको रूपमा रहेको कर्मचारीतन्त्रको भूमिकाको बीचमा तादाम्यता र सुसङ्गती कायम गर्दै सबै पक्षको क्षमता अभिवृद्धि गर्दै जानुपर्ने अवस्था विद्यमान छ।

***आर्थिक वातावरणः*** सबै प्रदेश र स्थानीय तहमा समान ढङ्गले आर्थिक केन्द्रहरूको विकास भएको छैन। प्रदेश-प्रदेश बीचको आर्थिक असमानतालाई प्रतिव्यक्ति प्रादेशिक गार्हस्थ आयमा रहेको विषमताले इङ्गित गर्दछ भने स्थानीय तहमा तहगत रूपमा आन्तरिक उत्पादनबाट सिर्जित आय सङ्कलनमा देखिएको विषमता र अन्य आर्थिक सामाजिक सूचकहरू समेतका आधारमा अन्तर-तह आर्थिक असमानता उच्च रहेको आँकलन गर्न सकिन्छ। मुलुकमा विभिन्न प्राकृतिक स्रोतहरूको उपलब्धता रहे तापनि अधिकांश स्रोतहरू निश्चित भौगोलिक क्षेत्रमा केन्द्रीकृत छन्। उपलब्धताको यस्तो असन्तुलनले गर्दा स्थानीय तहको स्रोत परिचालन क्षमता पनि फरक फरक रहेको छ। संविधानले प्रदेश तथा स्थानीय तहलाई दिएको कार्यजिम्मेवारीको अनुपातमा निक्षेपित राजस्व अधिकार समेत न्यून रहेको छ। विगतमा मुलुकको विकासलाई सन्तुलित ढङ्गबाट अगाडि बढाउन नसकेको परिणाम स्वरूप एउटै मुलुकभित्र हुनेखाने र हुँदा-खाने बीचको अन्तर उच्च रहेको छ। फलतः तहगत सरकारहरू बीचमा ठाडो र तेर्सो अर्थात् लम्बीय र अनुप्रस्थ वित्तीय असन्तुलन (vertical and horizantal fiscal imbalance) रहेको छ। त्यसैगरी अर्थतन्त्रको गतिशीलता मूलतः विप्रेषणमा निर्भर रहेको अवस्था छ।

विप्रेषण आयको उतारचढावले आन्तरिक राजस्वको आकार समेत प्रभावित हुने अवस्था छ। अर्थतन्त्र उत्पादनमुखी भन्दा पनि बढी उपभोगमुखी रहेको छ। प्राकृतिक स्रोतको अधिक उपयोगबाट उत्पन्न हुन सक्ने नकारात्मक असरको व्यवस्थापनको चुनौती पनि थपिँदै गएको छ। यस सम्बन्धमा प्रदेशगत आर्थिक तथा सामाजिक परिदृश्यलाई देहायबमोजिम तालिका नं. २ मा प्रस्तुत गरिएको छः

तालिका नं २: प्रदेशगत आर्थिक वृद्धि, गरिबी र बेरोजगारी

*(प्रतिशतमा)*

| प्रदेशको नाम | आर्थिक वृद्धि* | बहुआयामिक गरिबी** | गार्हस्थ्य उत्पादनमा योगदान* | बेरोजगारी *** |
|---|---|---|---|---|
| **प्रदेश नं.१** | ३.५ | १९.७ | १५.६ | १०.२ |
| **प्रदेश नं. २** | ३.५ | ४७.९ | १३.२ | २०.१ |
| **बागमती प्रदेश** | ४.६ | १२.२ | ३७.७ | ७.० |
| **गण्डकी प्रदेश** | ३.६ | १४.२ | ८.७ | ९.० |
| **लुम्बिनी प्रदेश** | ३.८ | २९.९ | १४.० | ११.२ |
| **कर्णाली प्रदेश** | ३.८ | ५१.२ | ४.० | ९.७ |
| **सुदूरपश्चिम प्रदेश** | ३.६ | ३३.६ | ६.९ | ११.५ |

*स्रोतः *केन्द्रीय तथ्याङ्क विभाग, **नेपाल बहुआयामिक गरिबी सूचक,२०१८, ***नेपाल श्रमशक्ति सर्वेक्षण,२०१७/१८*

**सामाजिक परिवेशः** नेपाली समाजको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण र प्रवर्द्धन गर्न सङ्घीयताले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। खुल्ला राजनैतिक प्रणाली, शिक्षा तथा सूचना प्रविधिमा वढ्दो पहुँच र प्रयोगवाट नागरिकहरूको चेतनाको स्तर अभिवृद्धि भई अधिकार र कर्तव्य प्रति थप सचेतना बढेको छ। विभिन्न खाले सामाजिक विकृतिहरूबाट मुक्त हुँदै ऐतिहासिक विरासतमा प्राप्त गरिमा र संस्कृतिको संरक्षण गर्नुका साथै समुन्नत समाज निर्माण गर्ने चुनौती पनि हाम्रो सामु छ। कमजोर पूर्वाधार विकास तथा अपर्याप्त सार्वजनिक सेवा प्रवाह जस्ता कारणले ग्रामीण क्षेत्रबाट अधिक बसाइसराइँ भई स्थानीय जनसांख्यिक संरचनामा समेत परिवर्तन भएको छ। विगतको निर्वाहमुखी सामाजिक-आर्थिक परिस्थितिबाट संक्रमण हुँदै विप्रेषणमा आधारित उपभोगवादी सामाजिक प्रवृत्तिमा रमाइरहेको नेपाली समाजलाई उद्यमशील र उत्पादनमुखी समाजमा रूपान्तरण गर्ने समेत चुनौती रहेको छ।

**कानुनी परिवेशः** राष्ट्रिय प्राकृतिक स्रोत वित्त आयोगका काम कर्तव्यहरू विभिन्न ऐनमा छरिएर रहेका साथै नेपालको संविधानले दिएका कतिपय जिम्मेवारीहरू समेत विद्यमान ऐनहरूले पूर्णरूपमा आत्मसात गर्न नसकेको अवस्था छ। कतिपय ऐनहरू एक आपसमा बाझिएका छन् र कतिपय दोहोरो अर्थ लाग्ने पनि रहेका छन्। वन सम्बन्धी ऐनले वनको रोयल्टीको स्पष्ट परिभाषा गरेको छैन। प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाटका सम्बन्धमा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची ४ को द्रष्टव्यमा स्थानीय तहलाई परिभाषित गर्ने क्रममा जिल्ला समन्वय समितिलाई समेत समेटिएको भए तापनि संविधानतः जिल्ला समन्वय समितिले सञ्चित कोष सञ्चालन नगर्ने, गाउँपालिका र नगरपालिका सरह कार्यकारिणीको भूमिका निर्वाह नगर्ने एवं संविधानले जिल्ला समन्वय समितिलाई अनुगमनकारी र समन्वयकारी भूमिका मात्र निर्वाह गर्ने व्यवस्था रहेको छ। तसर्थ यस सम्बन्धी कानुनी व्यवस्थामा उपयुक्त परिमार्जन गर्नुपर्ने आवश्यकता देखिन्छ।

त्यसै गरी सरकारको तीन तहबीच साझा अधिकारको बाँडफाँट गर्न यस सम्बन्धी सङ्घीय ऐनहरू निर्माण हुनुपर्ने देखिन्छ। सार्वजनिक वित्तीय क्षेत्रका ऐनहरू छरिएर रहेकाले यस सम्बन्धी संहिता कानुनको आवश्यकता देखिएको छ। स्थानीय सरकार सञ्चालन नियमावली हाल सम्म पनि तयार नभएकाले काममा कठिनाई उत्पन्न भएको अवस्था छ। प्रदेश र स्थानीय तहबीचको अन्तर सम्बन्ध सुदृढ गर्न संस्थागत संरचना तयार भएपनि यी संस्थाहरू सक्रियरूपमा क्रियाशील हुन बाँकी नै छ। प्राकृतिक स्रोतहरूको परिचालन, संरक्षण, उपयोग र लाभको बाँडफाँट सम्बन्धमा एकीकृत कानुनको तर्जुमा हुनुपर्ने तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा समसामयिक संशोधन हुनु जरूरी देखिन्छ। साथै, सङ्घीय इकाईहरूले तर्जुमा गर्ने कानुनहरूमा

सङ्घीयताको मर्म र वित्तीय सङ्घीयताको भावना अनुरूप संविधानका अनुसूचीहरूले प्रत्याभूत गरे बमोजिम व्यवस्थापन गर्दै नागरिकहरूको सहज पहुँच तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ।

उपर्युक्त कानुनी व्यवस्थाको अतिरिक्त नेपालको संविधान २०७२ जारी हुनुभन्दा अघि तत्कालीन अवस्थालाई मध्यनजर गरी जारी गरिएका कतिपय कानुनहरूमा परिमार्जन गरेर वा नयाँ कानुन ल्याएर नयाँ संवैधानिक व्यवस्था र सङ्घीयता अनुकूलका कानुनी प्रवन्ध गर्नु पनि त्यत्तिकै अपरिहार्य देखिएको छ।

**वातावरणीय सवालः** संविधानको धारा ३० ले एकातिर नागरिकलाई स्वच्छ वातावरणको हक प्रदान गर्दै वातावरणीय प्रदुषण वा वातावरणीय ह्रासबाट असर पुगेमा क्षतिपूर्तिको व्यवस्था गरेको छ भने अर्कोतिर वातावरण र विकासबीच सन्तुलन कायम गर्नमा जोड दिएको छ। हाम्रा सामु प्रचुर जलभण्डार, वन तथा जैविक विविधता, खानी तथा खानीजन्य वस्तुहरूको दिगो प्रयोग गर्ने अवसर छ। तर प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र वातावरणमैत्री तथा दिगो उपयोग गर्ने, स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार सहित प्रतिफलको न्यायोचित वितरण गर्ने, वातावरणीय स्वच्छताको चेतना बढाउनु पर्ने, वातावरणीय सन्तुलनका लागि वन, वन्यजन्तु, प्रकृति र जैविक विविधताको संरक्षण, सम्वर्द्धन, वातावरणीय संरक्षणका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूको कार्यान्वयन गर्नुपर्ने कार्यभार एकातिर छ भने विकास र स्थानीय जनताको प्रकृति माथिको अधिक निर्भरतालाई सन्तुलित तुल्याउनु पर्ने जिम्मेवारी पनि हाम्रा सामु छ। तीनै तहका सरकारले पूर्वाधार निर्माण र प्राकृतिक सम्पदाको उपयोग गर्ने क्रममा मेशिनरी उपकरण तथा औजारहरूको प्रयोग गर्दा वातावरणीय दिगोपना र सन्तुलन कायम गर्नेतर्फ पर्याप्त ध्यान दिनुपर्ने देखिन्छ।

**प्रविधिको विस्तार र पहुँचः** विज्ञान र प्रविधिमा तीव्र विकास, नवप्रवर्तन र सूचना प्रविधिमा बढ्दो पहुँच तथा घट्दो लागतले गर्दा विकास निर्माणमा गुणस्तरीयता कायम गर्न तथा सेवा प्रवाहलाई प्रभावकारी, मितव्ययी र नतिजामुखी बनाउन सहज हुँदै गएको छ। सूचना प्रविधिको विस्तार र बढ्दो प्रयोगले विश्वका गतिविधिहरू घरमै बसी देख्न, पढ्न र सिक्न पाउने सुविधा उपलब्ध हुनुका साथै घरैबाट कार्यालयको मात्र होइन विश्वको कुनै अर्को कुनाका लागि समेत काम गर्न सकिने अवस्था सिर्जना भएको छ। आधुनिक प्रविधिबाट सहज रूपमा सूचनाको उपलब्धताले कार्यसम्पादन समय र लागत घट्दै गएको तथा उत्पादकत्व समेत वृद्धि हुँदै गएको छ। हातहातमा टेलिफोन र इन्टरनेटको पहुँचले सार्वजनिक निर्माण, कृषि, सेवा लगायतका निजी क्षेत्रमा मात्र नभै समग्र शासन प्रणालीमा नै मुहाररहित (faceless) सेवाको प्रयोग बढ्दो छ। त्यसको साथै सार्वजनिक वित्त र अन्तर सरकारी वित्तको परिचालन र लेखाङ्कनमा सूचना प्रविधिको प्रयोग व्यापक भएको छ। तीनै तहमा सरकारहरूबाट वेबसाइट, मोबाइल एप तथा आधुनिक प्रविधि मार्फत सेवा प्रवाह गर्न निरन्तर प्रयासरत रहेका छन्। तथापि साइबर सुरक्षा चुनौती र प्रविधिको दुरूपयोग रोक्न कानूनी तथा संस्थागत क्षमता सबल पार्नेतर्फ पर्याप्त ध्यान दिनु आवश्यक देखिन्छ।

## २.२ आयोगको आन्तरिक सबलता र सीमा तथा बाह्य अवसर र चुनौतीहरूको विश्लेषण

वित्तीय सङ्घीयता कार्यान्वयनका सन्दर्भमा आयोगको हालसम्मको अनुभवका आधारमा आयोगका सबल पक्ष र सीमाहरू तथा अवसर र चुनौतीहरू देहाय अनुसार पहिचान गरिएको छः

### १) आयोगका सबल पक्षहरू ( Internal Strengths)

- **संवैधानिक हैसियत र व्यवस्थापकीय स्वायत्तताः-** आयोग नेपालको संविधान २०७२ अन्तर्गत स्थापित एक स्वतन्त्र संवैधानिक निकाय हो। आयोगको काम कर्तव्य र अधिकारलाई संविधानले दिशा निर्देश गरेको छ। आयोगका पदाधिकारीहरूको सेवा सुविधा सञ्चित कोषमाथि व्ययभार नहुने र आयोगबाट सिफारिस भएका निर्णयहरूको कार्यान्वयन वाध्यकारी हुने व्यवस्था रहेको छ। आयोगले गरेका सिफारिसहरू र दिएका सुझावहरू कार्यान्वयन गर्नु तीनवटै सङ्घीय इकाईको संवैधानिक कर्तव्य र जिम्मेवारी रहेको छ। साथै आयोगले दीर्घकालीन लक्ष्य सहितको कार्ययोजनाको तर्जुमा र कार्यान्वयन गर्न सक्ने गरी व्यवस्थापकीय स्वायत्तता रहेको छ। यसको कार्य क्षेत्र संविधानमै स्पष्ट उल्लेख गरिएको छ।

- **सङ्घीय इकाईसँगको प्रत्यक्ष सम्बन्धः** आयोगले तीन तहकै सरकारसँग प्रत्यक्ष संवाद, सम्बन्ध विस्तार र सहकार्य गर्न सक्छ। यसबाट आयोगलाई अन्तरसरकारी सम्बन्ध सुचारु राख्न र तीनै तहका सरकारसँग निरन्तर सहकार्य र संवाद गर्न सजिलो भएको छ। वित्तीय सङ्घीयताको क्षेत्रमा आयोगलाई बिभिन्न निकायहरूले प्रवुद्ध समूह (think tank) को निकायको रूपमा लिने र सम्झने गरेका छन्। प्रदेश तथा स्थानीय तहले यस आयोगको निष्पक्ष कार्यसम्पादनबाट वित्तीय तथा प्राकृतिक स्रोतको सुनिश्चितता पाएका छन्।
- **स्थायी संरचनाः** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग एक स्थायी संरचना हो। यस आयोगमा अध्यक्ष सहित बढीमा पाँचजना सदस्य रहने संवैधानिक व्यवस्था छ। आयोगका अध्यक्ष र सदस्यहरूको पदावधि नियुक्ति भएको मितिले छ वर्ष रहने व्यवस्था छ। आयोगमा कार्यरत निजामती कर्मचारी फेरवदल भैरहेपनि पदाधिकारीको स्थायित्वले संस्थागत स्मृति (institutional memory) सुदृढ रहन सहयोग पुगेको छ।
- **अध्ययन, अनुसन्धान र विकासः** आयोगका विज्ञ सदस्यहरू तथा विभिन्न विषयबिधाका कर्मचारीहरूको ज्ञान र अनुभवबाट वित्तीय हस्तान्तरणका क्षेत्रमा निरन्तर अध्ययन अनुसन्धान प्रकृयालाई जारी राख्न सहयोग पुगेको छ। आयोग प्राकृतिक स्रोत परिचालन तथा वित्तीय सङ्घीयताको क्षेत्रमा एक प्राज्ञिक थलो समेत भएकाले सरकारका तीनै तहलाई आवश्यकतानुसार सुझाव तथा पृष्ठपोषण प्रदान गर्ने गर्दछ। अध्ययन तथा अनुसन्धानबाट प्राप्त निष्कर्षलाई आधार लिई आयोगले नेपाल सरकारको नीति तर्जुमा तथा परिमार्जनमा समेत प्रत्यक्ष अप्रत्यक्ष भूमिका खेल्न सक्ने देखिन्छ।
- **स्पष्ट र विस्तृत कार्य जिम्मेवारीः** नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानूनी प्रवन्धले आयोगको क्षेत्राधिकार फराकिलो बनाएको छ। आयोगले अन्तरसरकारी वित्तीय हस्तान्तरणको परिमाण निर्धारण गर्ने, सार्वजनिक क्षेत्रले लिन सक्ने आन्तरिक ऋणको सीमा निर्धारण गर्ने, प्राकृतिक स्रोतको संरक्षण उपयोग र बाँटफाटका आधारहरू सिफारिस गर्ने र रोयल्टीको हिस्सा निर्धारण गरी सिफारिस गर्न सक्दछ। त्यसका साथै सार्वजनिक क्षेत्रको राजस्व तथा खर्च संरचानको क्षेत्रमा अध्ययन गरी सुधारका उपायहरू समेत सिफारिस गर्दछ।

### २) आयोगका सीमाहरू (Limitations)

- **कानुनी व्यवस्थाः** संविधानले आयोगको काम, कर्तव्य र अधिकार तय गरेको भएपनि त्यसलाई कार्यान्वयन गर्न विभिन्न कानुनहरूको निर्माण गर्नु पर्ने हुन्छ। यस क्रममा केही कानुनहरू तर्जुमा भएको भएपनि कतिपय विषयवस्तुहरूमा कानुनले संविधानको मर्म र भावना भन्दा फरक पर्ने गरी आयोगको संवैधानिक कार्यादेशलाई संकुचित गरिदिएको छ र कानुनका केही प्रावधान संविधानका प्रावधानहरूसँग पुर्णरूपमा तालमेल मिलेको छैन। आयोगलाई सबै प्रकारको वित्तीय हस्तान्तरणको हिस्सा निर्धारण गर्ने जिम्मेवारी प्रदान गरिएता पनि सशर्त अनुदानको मात्रा निर्धारण गर्न तथा विशेष अनुदान र समपुरक अनुदान सिफारिसमा आयोगको भूमिका कानुनमा समेटिएको छैन भने सशर्त अनुदानको रकम बाँडफाँटमा समेत आयोगको प्रत्यक्ष संलग्नता रहँदैन। त्यसका साथै प्राकृतिक स्रोत परिचालन सम्बन्धी एकीकृत कानुन पनि तर्जुमा हुन सकेको छैन।
- **तथ्याङ्कीय आधारः** आयोगले आफ्नो काम वस्तुनिष्ट किसिमले कुशलतापूर्वक सम्पन्न गर्न आवश्यक तथ्याङ्कहरू विभिन्न स्रोतबाट सङ्कलन गरी प्रयोग गर्नुपर्ने अवस्था रहेको र सोही बमोजिम प्राप्त तथ्याङ्कको उपयोग पनि भईरहेको छ। तर आयोगलाई आवश्यक पर्ने पालिका तहसम्मका कतिपय खण्डीकृत तथ्याङ्क प्राप्त हुन सकेको छैन। आयोगले विषयगत निकायहरूसँग रहेका व्यवस्थापन सूचना प्रणालीसँगको आवद्धता प्रकृयालाई भर्खरै अघि बढाएको छ।

- **सञ्जाल निर्माण (Networking):** आयोगको कार्यक्षेत्र देशै भरिका ७६१ सरकारसँग सरोकार राख्ने खालको भएपनि हालसम्म काठमाडौं उपत्यकामा एक मात्र कार्यालय रहेको छ। यसले गर्दा स्थानीय तथा प्रदेश सरकारसँग समन्वय गर्न गाह्रो हुने गरेको छ। आयोगको स्थलगत सम्पर्क निकाय समेत किटानी भएको छैन जसले गर्दा प्रदेश तथा स्थानीय तहबाट सूचना सङ्कलन गर्न कठिनाई उत्पन्न हुन गएको छ।
- **अध्ययन अनुसन्धान क्षमताः** आयोगको कार्य-जिम्मेवारी हेर्दा अध्ययन अनुसन्धानबाट प्राप्त निचोडको आधारमा पृष्ठपोषण प्राप्त गरी गर्नुपर्ने प्राविधिक प्रकृतिको रहेको छ। आयोगमा अर्थशास्त्र, वित्त, तथ्याङ्क, प्राकृतिक स्रोत आदि क्षेत्रमा दखल र रूची भएका जनशक्तिको आवश्यकता पर्दछ। नेपाल सरकारले यी क्षेत्रका कर्मचारीहरू पर्याप्त रूपमा उपलब्ध गराउन सकेको छैन। कर्मचारीहरू पठाउँदा अध्ययन अनुसन्धानमा रुचि भएका उत्साही र क्रियाशील कर्मचारी व्यवस्थापनमा पर्याप्त ध्यान दिन नसकेमा अनुसन्धान कार्य प्रभावित हुने अवस्था सिर्जना हुनसक्छ।
- **आयोगको भूमिका बारे सरोकारवालाहरूमा पर्याप्त जानकारीको अभावः** आयोग नयाँ संवैधानिक निकाय भएकाले आयोगको काम, कर्तव्य, अधिकार र कार्यक्षेत्रका बारेमा सबै सरोकारवाला निकाय र आमनागरिकहरूमा पर्याप्त जानकारी पुग्न सकेको छैन। आफ्ना सबै सरोकारवालासँग पर्याप्त मात्रामा संवाद र अन्तरक्रिया समेत गर्नुपर्ने अवस्था छ।

### ३) आयोगलाई प्राप्त अवसरहरू (Opportunities)

- **वित्तीय सङ्घीयताको संरक्षकको भूमिकाः** नेपालको संविधानले यस आयोगलाई वित्तीय सङ्घीयताको संरक्षकको जिम्मेवारी प्रदान गरेको छ। संविधानको धारा ६०(३) बमोजिम प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण निर्धारण गर्ने जिम्मेवारी आयोगको रहेको छ। यसका लागि तीनै तहका सरकारहरूसँग छलफल, अन्तरक्रिया, सहकार्य र समन्वय गर्ने प्रकृयाले निरन्तरता पाएको छ। साथै सार्वजनिक वित्तको क्षेत्रमा विश्वविद्यालय तथा नीति अनुसन्धानसँग सम्बन्धित निकायसँग सहकार्य गर्ने र प्राज्ञिक क्षितिज फराकिलो पार्दै प्रमाणमा आधारित सिफारिस गर्न सक्ने अवसर समेत आयोगलाई प्राप्त भएको छ। आयोगसँग सबै तहका सरकारले प्राकृतिक स्रोत तथा वित्तीय सङ्घीयताको विविध क्षेत्रमा विज्ञ परामर्श लिने हुनाले परामर्शकारी भूमिका समेत निभाउनु पर्ने हुन्छ। वित्तीय सङ्घीयता कार्यान्वयनका लागि राजनीतिक प्रतिवद्धता रहेको र यस विषयमा आम चासो बढ्दै गएको सन्दर्भमा आयोगको सम्पर्क र सहकार्यको दायरा फराकिलो हुँदै गएको छ। आगामी दिनमा प्राकृतिक स्रोत तथा वित्तीय सङ्घीयताको विविध विधामा आयोगको भूमिका अझ बढ्दै जाने देखिन्छ।
- **अर्थतन्त्रको वित्तीय स्वास्थ्यको क्षेत्रमा योगदान पुर्‍याउने अवसरः** आयोगलाई प्रदेश र स्थानीय तहको खर्च आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय अन्तर प्रक्षेपणको जिम्मेवारी समेत छ। आयोगले वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको कार्य गर्दा वित्तीय असमानताका विभिन्न आयामहरूको लेखाजोखा गरी सिफारिस गर्ने कानूनी व्यवस्था छ। उक्त प्रकृयामा अर्थतन्त्रको वित्तीय स्वास्थ्यको समेत अध्ययन गरी दिगो वित्त व्यवस्थापनका उपायहरू सिफारिस गर्ने अवसर आयोगसमक्ष छ।
- **राजस्व, खर्च, लगानीको मापदण्ड तयार गरी विश्लेषण गर्नेः** आयोगले खर्चको आवश्यकता र राजस्व सम्भाव्यता लेखाजोखा गर्नको लागि हरेक विषयगत क्षेत्रको लक्ष्य र यसको मापदण्डको समेत विश्लेषण गर्नु पर्ने हुन्छ। विषयगत क्षेत्रको लक्ष्य र मापदण्ड तयार गर्ने सिलसिलामा आयोगले सुझावहरू उपलब्ध गराई सङ्घ, प्रदेश तथा स्थानीय तहलाई सहयोग पुर्‍याउने अवसर प्राप्त भएको छ।
- **प्रमाणमा आधारित नीति तर्जुमामा योगदानः** संवैधानिक र कानूनी जिम्मेवारी निर्वाह गर्ने क्रममा विभिन्न क्षेत्रमा अध्ययन तथा अनुसन्धान गरी तीनै तहका सरकारलाई सुझाव दिने कार्य समेत यस आयोगको कार्यादेशभित्र परेको छ। यस जिम्मेवारी अनुरुप तथ्य र प्रमाणमा आधारित (evidence-based) नीति तर्जुमाका लागि योगदान दिने अवसर समेत यस आयोगलाई प्राप्त भएको छ।

- **तथ्याङ्कीय पूर्वाधार विकासः** आयोगले गर्ने कार्यहरू तथ्यमा आधारित हुने गर्दछ। यसका लागि आयोगलाई विभिन्न क्षेत्रका तथ्याङ्कहरूको निरन्तर आवश्यक पर्ने हुन्छ। आयोगलाई यस प्रयोजनका लागि आवश्यक पर्ने खण्डीकृत तथ्याङ्क व्यवस्थापन तीनै तहका सरकारहरूले गर्दै जानुपर्ने भएकोले आयोगलाई तथ्याङ्कीय पूर्वाधारमा सहयोग गर्ने अवसर प्राप्त भएको छ।
- **प्राकृतिक स्रोतको बाँडफाँटको अवसरः** प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने र प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश तथा प्रदेश र स्थानीय तहबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा सुझाव दिन सक्ने अवसर समेत आयोगका सामु छ।
- **अध्ययन अनुसन्धानको अवसरः** प्रदेश र स्थानीय तहको स्वायत्तता, अधिकार र स्रोत सम्भाव्यताबीच सन्तुलन कायम गर्दै राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने, वैधानिक जिम्मेवारी बमोजिमका कार्यसम्पादन गर्नका लागि प्रदेश र स्थानीय तहको लागि खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय न्यूनता पुरा गर्नेगरी तथा प्रत्येक प्रदेश र पालिकाको सामाजिक समता, गुणस्तरीय सेवा प्रवाह र सन्तुलित विकास हुने गरी वित्तीय समानीकरण बाँडफाँटको विस्तृत आधार, ढाँचा र रकम निर्धारण गर्ने, सबै तहमा राजस्व असूलीमा सुधार गर्ने उपायहरू, समष्टिगत आर्थिक सन्तुलन कायम हुने गरी आन्तरिक ऋणको सिमा र प्राकृतिक स्रोत परिचालनमा सम्भाव्य विवाद निवारणका उपायहरूको वस्तुनिष्ठ सिफारिस गर्न, राष्ट्रिय नीति तथा कार्यक्रम, मानक र पूर्वाधारको अवस्थाका आधारमा प्रदेश र स्थानीय सरकारलाई उपलब्ध गराउने सशर्त अनुदान, प्राकृतिक स्रोतको परिचालनका लागि तीनै तहका सरकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारण गर्न र राजस्व तथा प्राकृतिक स्रोत परिचालनका लागि विस्तृत वस्तुनिष्ठ आधार तयार गर्नका लागि पर्याप्त अध्ययन अनुसन्धान गर्ने अवसर आयोगलाई प्राप्त भएको छ।

### ४) आयोगका चुनौतीहरूः

- **आयोगको सिफारिस कार्यान्वयनको चुनौतीः** आयोगले तथ्यमा आधारित भई प्रदेश र स्थानीय तहले नेपाल सरकारबाट प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण निर्धारण गरी सिफारिस गर्ने गर्दछ। यसैगरी आयोगले विभिन्न विषयमा सरकारका तीनै तहलाई सुझावहरू दिने गर्दछ। ती सिफारिस तथा सुझावहरू सङ्घीय इकाईबाट हुवहु कार्यान्वयन हुनुपर्ने हुन्छ। सिफारिस कार्यान्वयनको अनुपालन भएको सुनिश्चित गर्ने/गराउने चुनौती आयोग सामु छ।
- **कर्मचारीहरूको पदपूर्ति र टिकाउने चुनौतीः** आयोगमा हाल ७३ जना बिभिन्न विषय विधाका कर्मचारीको दरवन्दी छ। आयोग तुलनात्मक हिसाबले नयाँ संस्था भएको र यसका कतिपय कार्यहरू प्राविधिक प्रकृतिको भएको हुँदा सिक्दै गर्दै जानु पर्ने अवस्था समेत छ। आयोगमा कर्मचारी टिकाइराख्ने र संस्थागत स्मृति बलियो पार्दै प्रशासनिक स्थिरता कायम गर्नु पर्ने चुनौती देखा परेको छ।
- **अन्य निकायका अध्ययन अनुसन्धानमाथि निर्भरताः** आयोगले गर्नु पर्ने कार्यहरू अध्ययन तथा अनुसन्धानबाट प्राप्त निष्कर्षमा आधारित हुने भए तापनि सीमित जनशक्ति र स्रोतको कारणले गर्दा पर्याप्त मात्रामा अध्ययन अनुसन्धानका कार्य सम्पादन गर्न सकिएको छैन। त्यसैले अन्य निकायका अध्ययन अनुसन्धानमा निर्भर रही कार्यहरू गर्नुपर्ने परिस्थिति छ। पर्याप्त अध्ययन अनुसन्धानको कमीले आयोगले गर्ने निर्णयहरूको परिपक्वतामा जोखिम आउन सक्ने देखिन्छ।
- **सङ्घीय इकाईहरूका अपेक्षा सम्बोधन गर्नेः** प्रदेश तथा स्थानीय तहको आयोगमाथि ठूलो आशा र भरोसा छ। वित्तीय हस्तान्तरणको रकम बढाउन आयोगले भूमिका खेलिदेओस् भन्ने उनीहरूको अपेक्षा देखिन्छ। वित्तीय हस्तान्तरणको आकार बढाउने विषय मुलुकको अर्थतन्त्रको आकार र अर्थ-राजनीतिमा निर्भर रहने गर्दछ जसमा आयोगको भूमिका सीमित रहन्छ। यसले गर्दा विस्तृत संवैधानिक प्रावधान हुँदाहुँदै पनि ऐनबाट सङ्कुचित भएको आयोगको कार्य जिम्मेवारीको सापेक्षतामा प्रदेश तथा स्थानीय सरकारको अपेक्षा पुरा गर्नुपर्ने जोखिम समेत रहेको छ।

- **तथ्याङ्कको गुणस्तरः** आयोग आफैं तथ्याङ्क उत्पादन गर्ने संस्था नभएकोले तथ्याङ्कका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारसँग बढी निर्भर रहनु पर्ने हुन्छ। अन्य निकायले उत्पादन गरेका तथ्याङ्कको गुणस्तरले आयोगको कामको गुणस्तरमा समेत प्रभाव पार्दछ। आयोग सामु एकातिर गुणस्तरीय तथ्याङ्क व्यवस्थापन गर्ने चुनौती रेहको छ भने अर्कोतिर द्वितीयक स्रोतबाट प्राप्त तथ्याङ्क भरपर्दो र व्यवस्थित नभएमा त्यसको असर आयोगका सिफारिसहरूमा र अन्ततः अन्तरसरकारी वित्तीय हस्तान्तरणमै समेत पर्ने सम्भावना रहन्छ।
- **आयोगको उच्च गरिमा कायम गर्नेः** संवैधानिक निकाय भएकोले आयोगले आफ्ना काम कारवाहीहरू स्वतन्त्र ढङ्गले, निष्पक्षतापूर्वक, उच्च नैतिकताका साथ र सर्वस्वीकार्य हुने गरी सम्पादन गर्नु पर्दछ। यसका लागि आयोगको काम कारवाही स्वच्छ, पारदर्शी र स्थापित मापदण्डका आधारमा सम्पादन गर्नु पर्दछ। तीनै तहका सरकारका लागि आयोग उच्च गरिमायुक्त र ओजले भरिएको एक विश्वसनीय संस्था बन्न सक्नु पर्छ। यस बमोजिमको कार्य संस्कृतिको विकास र संस्थागत गर्ने चुनौती आयोग सामु रहेको छ।
- **वित्तीय अन्तर मापनको चुनौतीः** आयोगले वित्तीय हस्तान्तरणको परिमाण निर्धारणको कार्य गर्दा प्रदेश र स्थानीय तहको राजस्व क्षमता र खर्चको आवश्यकताको आधारमा वित्तीय अन्तर मापन गरी गर्नु पर्ने संवैधानिक व्यवस्था छ। यो कार्यका लागि नेपाल सरकारले प्रदेश तथा स्थानीय तह समेतको समन्वयमा हरेक तहका सरकारको कार्य-जिम्मेवारीको विस्तृतीकरण गर्नु पर्ने, लक्ष्य निर्धारण गर्नु पर्ने, मापदण्ड निर्धारण गर्नु पर्ने र खर्च क्षेत्रको प्रक्षेपण समेत गर्नु पर्ने हुन्छ। उक्त कार्यमा आयोगले सहजीकरणको भूमिका मात्रै निर्वाह गर्न सक्ने अवस्था छ।

## २.३ सरोकारवालाको लेखाजोखा

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले विभिन्न निकायहरूसँग निरन्तर सहकार्य र संवाद गर्नु पर्ने हुन्छ। सरोकारवालाहरूलाई आयोगको उनीहरूसँगको सहकार्यको प्रकृति हेरेर मूल र प्रतिवेशी (core and surrounding) गरी दुई तहमा वर्गीकरण गरिएको छ। नियमित र औपचारिक सम्बन्ध राख्नु पर्ने निकायहरूलाई मूल सरोकारवालामा समावेश गरिएको छ भने बाँकी सरोकारवालाहरूलाई प्रतिवेशी सरोकारवाला समूहमा राखिएको छ। सरोकारवालाको विश्लेषणको आधारमा सञ्चार र संवाद प्रकृयालाई सुदृढ गर्न छुट्टै सञ्चार रणनीति तयार गरिएको छ। सरोकारवालाहरूको वर्गीकरण बमोजिमको विवरण अनुसूची ३ मा संलग्न गरिएको छ।

# परिच्छेद-३

# रणनीतिक योजना (Strategic Plan)

## ३.१ परिचय

यस रणनीतिक योजनाले आयोगको दीर्घकालीन सोंच, ध्येय, लक्ष्य र उद्देश्यहरू हासिल गर्नका लागि आगामी पाँच वर्षको अवधिमा अवलम्बन गरिने निश्चित रणनीतिहरू र ती रणनीतिका कार्यनीतिहरू तथा कार्यनीतिको कार्यान्वयन कार्ययोजना लगायतका विषयहरू समावेश गरेको छ। आयोगले यो रणनीतिक योजना नेपालको संविधान, आयोगको कामसँग सम्बन्धित ऐनहरू, नेपाल सरकारको वर्तमान आवधिक योजना र वित्तीय सङ्घीयताको अन्तराष्ट्रिय अभ्याससँग तादत्म्य हुने गरी  तयार गरेको छ। रणनीतिक योजनाको कार्यदिशा निर्धारण गर्दा नेपालको वित्तीय सङ्घीयतासँग जोडिएका राजनीतिक, आर्थिक, सामाजिक, संस्थागत तथा कानुनी पक्षहरूको विश्लेषण गरी आयोगका वर्तमान सबल पक्षहरू र सीमाहरू तथा आगामी दिनमा यसले लिनसक्ने अवसर एवं यसले सामना गर्नुपर्ने चुनौतीहरूको लेखाजोखा समेतको आधारमा तयार गरिएको छ। यस रणनीतिको कार्यान्वयनबाट आयोगले समन्यायिक, सन्तुलित, नतिजामुखी एवं पारदर्शी तरिकाले वित्तीय हस्तान्तरण हुने गरी सिफारिस गर्न तथा रायसुझाव दिने कार्यलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा लिइएको छ।

## ३.२ दीर्घकालीन सोंच

"***सङ्घीय शासनको सबलताः स्रोत बाँडफाँटमा समन्याय, सन्तुलन, दक्षता र पारदर्शिता***"

## ३.३ ध्येय

**अन्तरसरकारी वित्तीय सम्बन्ध सुदृढ हुने गरी प्राकृतिक तथा वित्तीय स्रोतको  परिचालनमा वस्तुनिष्ठ भूमिका निर्वाह गर्ने।**

## ३.४ लक्ष्य

प्रभावकारी वित्तीय हस्तान्तरण तथा स्रोत व्यवस्थापनबाट सङ्घीय इकाईहरूले लम्बीय तथा  अनुप्रस्थ (vertical and horizontal) समता र सन्तुलन हासिल गर्न सक्षम हुने।

## ३.५ उद्देश्यहरू

१. सङ्घ, प्रदेश र स्थानीय तहका लागि न्यायोचित, सन्तुलित र पारदर्शी रूपले राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने, सबै तहमा राजस्व असूलीमा सुधार गर्ने उपायहरू र राजस्व बाँडफाँटको आधार परिमार्जन गर्न सिफारिस गर्ने।

२. संवैधानिक जिम्मेवारी बमोजिमका कार्यसम्पादन गर्न प्रदेश र स्थानीय तहको लागि खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश र स्थानीय तहको स्वायत्तता, अधिकार, जिम्मेवारी र स्रोत परिचालन सम्भाव्यताबीच सन्तुलन कायम गर्दै सामाजिक समता, गुणस्तरीय सेवा प्रवाह र सन्तुलित विकास हुने गरी वित्तीय समानीकरण अनुदानको परिमाण सिफारिस गर्ने र राष्ट्रिय नीति तथा कार्यक्रम, मानक र पूर्वाधारको अवस्थाका आधारमा प्रदेश तथा स्थानीय सरकारलाई उपलब्ध गराउने सशर्त अनुदानको वस्तुनिष्ठ आधार तयार गर्ने।

३. समष्टिगत आर्थिक सन्तुलन र दिगो ऋण व्यवस्थापन हुने गरी तीनै तहका सरकारलाई आन्तरिक ऋणको सिमा सिफारिस गर्ने।

४. प्राकृतिक स्रोतको परिचालन गर्दा तीनै तहका सरकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्नुको साथै स्रोतको बाँडफाँट सम्बन्धी विषयमा उठ्न सक्ने सम्भावित विवाद निवारणको उपाय र वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक सुझाव दिने।
५. आयोगको संस्थागत क्षमता अभिवृद्धि गर्दै वित्तीय सङ्घीयताका विभिन्न आयामहरूको अध्ययन अनुसन्धान गरी सरोकारवाला निकायहरूलाई सुझाव दिने तथा आवश्यक सहयोग, समन्वय, सहजीकरण र सञ्चार गर्ने।

## ३.७ मार्गदर्शक सिद्धान्तहरू

१) **निष्पक्षता (Impartiality):** वित्तीय सङ्घीयताको संरक्षकको रूपमा यस आयोगले सम्पादन गर्ने कार्यहरू तथ्य, प्रमाण र अन्तर्राष्ट्रिय रूपमा स्थापित मान्यतामा आधारित रही निष्पक्ष ढङ्गले सम्पादन हुनेछन्। आयोगले आफ्ना कार्य सम्पादन गर्दा कुनै आग्रह वा झुकाव राख्ने छैन र सिंगो नेपाललाई एक ढिक्का मानी समन्यायिक तवरले आफनो जिम्मेवारीहरू पुरा गर्नेछ।

२) **व्यावसायिकता ( Professionalism):** आयोगले आफ्नो कार्य सम्पादन गर्दा तथ्यगत आधारमा पर्याप्त विश्लेषण गरी अद्यावधिक विधिहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा स्थापित अभ्यास समेतलाई आधार मानी व्यावसायिक तवरले गर्नेछ। आयोगले आफ्ना कार्यहरू निश्चित समयसीमामा रही सम्भव भएसम्म अत्याधुनिक प्रविधिहरू प्रयोग गरी सम्पादन गर्नेछ। आयोगमा उपलब्ध स्रोतको दक्ष र प्रभावकारी उपयोग गरिनेछ। आयोग आफ्नो काममा व्यवसायिक निष्ठा, वस्तुपरकता, नवप्रवर्तन, कुशलता र पारदर्शिताका मान्यताहरूमा रही सम्पन्न गर्ने र कामको परिणाम प्रति पूर्ण रूपमा जवाफदेही हुनेछ। नतिजामुखी व्यवस्थापनलाई आयोगले आत्मसात गर्नेछ।

३) **सत्यनिष्ठा/सदाचारिता (Integrity):** आयोगले आफ्नो कार्य सम्पादन गर्दा नेपालको संविधान र प्रचलित कानुनको पुर्ण पालना गर्नेछ। सत्यनिष्ठा र सदाचारिताको मूल्य मान्यतालाई अवलम्वन गर्नेछ।

४) **पारदर्शिता (Transparency):** आयोगका निर्णय र निर्णयसँग जोडिएका आधारहरू पारदर्शी हुनेछन्।

५) **समता (Equity)** आयोगले प्राकृतिक तथा वित्तीय स्रोतहरूको परिचालनको सिफारिस गर्दा अन्तर सरकारी समन्यायिक बाँडफाँटलाई आधार मान्नेछ।

६० **स्थानीयता (Localness):** आयोगले सिफारिस तथा सुझाव उपलब्ध गराउँदा सान्दर्भिक रहेसम्म स्थानीय ज्ञान, सीप, पूँजी र प्रविधिलाई प्रोत्साहन गर्नुपर्ने विषयमा ध्यान पुऱ्याउने छ।

७) **विविधता (Diversity):** आयोगले नेपालको भौगोलिक, आर्थिक, सामाजिक लगायतका विविधताप्रति सचेत रही कार्यसम्पादन गर्नेछ जसले आयोगलाई एक विश्वसनीय संस्थाको रूपमा स्थापित गर्नेछ।

८) **तथ्यपरकता (Objectivity):** आयोगका क्रियाकलापहरू अध्ययन अनुसन्धानबाट प्राप्त तथ्य एवं प्रमाणमा आधारित हुनेछन्।

९) **दिगोपना (Sustainability)** प्राकृतिक स्रोतको परिचालन तथा वित्तीय स्रोतको बाँडफाँट दिगो उपयोगको सिद्धान्तमा आधारित हुनेछ।

१०)**अनुमानयोग्यता (Predictability):** आयोगले गर्ने प्राकृतिक तथा वित्तीय स्रोतको परिचालनसम्बन्धी सिफारिसहरू निश्चित अवधिसम्म अनुमान गर्न सकिने हुनेछन् जसले सङ्घीय इकाईहरूको स्रोत अनुमान सहज र भरपर्दो हुनेछ।

## ३.७ रणनीति तथा कार्यनीतिहरू

आर्थिक वर्ष २०७८/७९ -२०८२/८३ को पाँच वर्षको अवधिलाई लक्षित गरी यो रणनीतिक कार्यान्वयन कार्ययोजना तयार गरिएको छ। माथि ३.५ मा उल्लिखित ५ वटा उद्देश्य हासिल गर्न आयोगले देहायका २२ वटा रणनीतिहरू तथा सो अन्तर्गतका १३२ वटा कार्यनीतिहरू र ३२५ क्रियाकलापहरू निर्धारण गरेको छ:

**तालिका नं ३: उद्देश्य, रणनीति तथा कार्यनीतिहरू**

| उद्देश्य | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| १. सङ्घ, प्रदेश र स्थानीय तहका लागि न्यायोचित, सन्तुलित र पारदर्शी रूपले राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने, सबै तहमा राजस्व असूलीमा सुधार गर्ने उपायहरू र राजस्व बाँडफाँटको आधार परिमार्जन गर्न सिफारिस गर्ने। | १.१ नेपालको संविधानले निर्दिष्ट गरेका विषयहरूको कार्यान्वयन सुनिश्चित हुने गरी राजस्व बाँडफाँटको सिफारिस गरिनेछ। | १.१.१ प्रदेश र स्थानीय तहका आवश्यकता बमोजिमका क्रियाकलापहरू प्रभावकारी रूपले सम्पादन गर्न सकिने गरी न्यायोचित हिसाबले राजस्व बाँडफाँटको सिफारिस गरिनेछ। |
| | | १.१.२ प्रदेश र स्थानीय तहमा जनतालाई पुऱ्याउनु पर्ने सेवाको मूल्यसँग तादात्म्यता हुने शुल्क, महसूल, दस्तुर लगायतका राजस्व सङ्कलनका स्तरीकृत मानक तथा पुनर्वितरणात्मक न्याय (redistributive justice) सुनिश्चित हुने गरी आन्तरिक स्रोत परिचालन र राजस्व बाँडफाँटका विकल्पहरू अध्ययन गरी सिफारिस गरिनेछ। |
| | | १.१.३ प्रदेश र स्थानीय तहको राजस्व सङ्कलनको अधिकारको प्रत्याभूति र सो अधिकारको प्रयोगका लागि तत्तत् निकायलाई सक्षम बनाउने उपायहरूको अध्ययन गरी सिफारिस गरिनेछ। |
| | | १.१.४ प्रदेश र स्थानीय तहको राजस्व उठाउन सक्ने क्षमता अभिवृद्धि गर्न र सीमान्त सङ्कलन लागत (marginal collection cost) कम गर्नका लागि प्राविधिक तथा संस्थागत संयन्त्रका विकल्पहरू सिफारिस गरिनेछ। |
| | | १.१.५ राजस्वको आधार र दायरा विस्तारको सम्भाव्यता र सङ्कलित राजस्वको उपयोग गर्दा महत्तम उत्पादकत्व (optimum productivity) हासिल गर्ने सम्बन्धमा अध्ययन गर्न नेपाल सरकारका सम्वद्ध निकायहरूसँग समन्वय गरी अध्ययन गरिनेछ। |
| | | १.१.६ प्रदेश तथा स्थानीय तहमा राजस्व परिचालन क्षमतामा अभिवृद्धिबाट ती निकायको आन्तरिक आयमा बढोत्तरी गरी गराई दीगो विकासका पूर्वाधार निर्माणमा सहयोग पुग्ने गरी राजस्व परिचालन गर्न सरोकारवाला निकायहरूसँग अन्तर्क्रिया गरिनेछ। |
| | | १.१.७ क्षेत्रीय असन्तुलनका विभिन्न आयामहरूको अध्ययन गर्दै आर्थिक तथा मानवीय गरिबी र असमानताको न्यूनीकरण गर्ने गरी राजस्व बाँडफाँटका आधारहरूमा आवधिक परिमार्जन गरी सिफारिस गरिनेछ। |
| | | १.१.८ राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरणबाट विपद् व्यवस्थापन लगायतका आकस्मिक कार्य र अस्थायी आवश्यकता पुरा गर्ने खालका क्रियाकलापमा समेत लगानी गर्न प्रोत्साहित गर्ने गरी सम्बन्धित निकायलाई सुझाव दिइनेछ। |

| उद्देश्य | रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- | --- |
| | १.२ तीनै तहका सरकारबीच राजस्वको बाँडफाँट सन्तुलित र पारदर्शी बनाउने बिस्तृत आधार र ढाँचा सिफारिस गरिनेछ। | १.२.१ जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्क, राजस्व सङ्कलनमा गरेको प्रयास, पूर्वाधार विकास र विशेष अवस्थालाई ध्यानमा राखी अद्यावधिक तथ्याङ्क र अध्ययनका आधारमा राजस्व बाँडफाँट सिफारिस गरिनेछ। |
| | | १.२.२ राजस्व बाँडफाँट सम्बन्धमा यस अघि गरिएका अध्ययनहरूको पुनरावलोकन समेत गरी नेपाल सरकारका विषयगत मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहको साथै नागरिक समाज समेतको परामर्शमा बस्तुपरक र स्तरीकृत सिफारिस गरिनेछ। |
| | | १.२.३ विभिन्न तहले राजस्व सङ्कलनमा गरेको प्रयासको अध्ययन गरी थप प्रयासबाट राजस्वको आधार र दायरा विस्तार तथा राजस्व सङ्कलन कार्यदक्षताका उपायहरूका सम्बन्धमा सोही प्रकृतिका कार्य गर्ने नेपाल सरकारका निकायहरूसँग समेत समन्वय गरी दीगो राजस्व व्यवस्थापनका उपायहरू सिफारिस गरिनेछ। |
| | | १.२.४ विद्यमान राजस्व बाँडफाँटका आधारहरू विस्तार गर्दै न्यूनतम राजस्व बाँडफाँटको आधार समेत सूत्रवद्ध तरिकाले निर्धारण गरिनेछ। |
| | | १.२.५ प्रत्येक पाँच वर्षमा राजस्व बाँडफाँटका आधार र ढाँचामा पुनरावलोकन गरिनेछ। |
| | १.३ सङ्घीय इकाईहरूबीच आत्मनिर्भरता र विकासमा प्रतिस्पर्धा प्रवर्द्धन गर्ने गरी राजस्व बाँडफाँटको सिफारिस गरिनेछ। | १.३.१ प्रदेश र स्थानीय तहले आफ्नो स्रोतबाट उठाएको राजस्व तथा राजस्व बाँडफाँटबाट प्राप्त रकमबाटै प्रशासनिक खर्च व्यहोर्ने गरेनगरेको सम्बन्धमा अध्ययन गरी अनुपालन संयन्त्र (compliance mechanism) लाई समेत कार्यसम्पादन सूचकको आधार बनाइनेछ। |
| | | १.३.२ सबै तहका सरकारका सालवसाली आर्थिक ऐन र बजेटको अध्ययन विश्लेषण गरी सुधारको लागि सुझाव उपलब्ध गराइने छ। |
| | | १.३.३ अन्तर-प्रदेश र अन्तर-पालिका स्वस्थ प्रतिस्पर्धाद्वारा कार्यदक्षतापूर्ण राजस्व सङ्कलन, लागत-प्रभावकारी हुने क्रियाकलापमा स्रोत परिचालन र गुणस्तरीय सेवा प्रवाह तथा असल अभ्यासलाई प्रोत्साहन गर्न पारस्परिक अध्ययन र सिकाइमा आयोगले भूमिका निर्वाह गर्नेछ। |
| | १.४ सङ्घ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पुरा गर्ने र राजस्व असुलीमा | १.४.१ सबै किसिमका आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने सम्बन्धमा आवश्यक अध्ययन गरी सबै तहका सरकारहरूलाई उत्प्रेरित गरिनेछ। |
| | | १.४.२ राजस्व असूलीमा उल्लेख्य प्रगति गरेका प्रदेश र स्थानीय तहको स्थलगत अवलोकन गरी असल अभ्यासहरू अनुकरणको लागि पारस्परिक सिकाइको ढाँचा सिफारिस गरिनेछ। |

| उद्देश्य | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | सुधार गर्नु पर्ने उपायहरूको सिफारिस गरिनेछ। | १.४.३ उत्पादन, लगानी र व्यवसायलाई प्रेरित गर्ने करदातामैत्री प्रगतिशील कर प्रणाली स्थापित गर्ने नीतिको अवलम्बन गर्न गराउन आवश्यक सुझाव दिइनेछ। |
| | | १.४.४ राजस्व असूलीमा सुधार एवं आन्तरिक श्रोत परिचालनमा दक्षता हासिल गर्न सङ्घ, प्रदेश र स्थानीय तहलाई प्रोत्साहित गर्दै कार्यसम्पादनमा आधारित राजस्व बाँडफाँट प्रणाली स्थापना गरिनेछ। |
| | | १.४.५ विश्व कर प्रणालीमा प्रयोगमा आएका नवीनतम विधि, अभ्यास र उपकरणको प्रयोग गरी कर प्रणालीको आधुनिकीकरण गर्न सम्बन्धित निकायहरूसँग समन्वय, सहकार्य तथा अध्ययन गरी सुझाव दिइनेछ। |
| | | १.४.५ संविधानका अनुसूचीहरूमा तोकिएबमोजिमका कार्यसम्पादन गर्न गराउनका लागि तीनै तहका सङ्घीय इकाईहरूले आ-आफ्ना खर्च जिम्मेवारी पूरा गर्न गराउन र आ-आफ्ना क्षेत्राधिकारभित्रका विषयमा राजस्व असूली एवं परिचालनमा सुधार ल्याउन आवश्यक सहजीकरण गरिनेछ। |
| | | १.४.७ प्रदेश र स्थानीय तहले राजस्व उठाउन सक्ने सम्भाव्यता, सम्भाव्य राजस्व सङ्कलनको लागि संस्थागत क्षमता, करको दायरा विस्तारको सम्भावना, प्रयोगमा ल्याइएका करका दरहरू र राजस्व सङ्कलनको कूल आकारको विश्लेषण गरी सुधारका लागि संस्थागत, नीतिगत र कार्यविधिगत उपायहरू सिफारिस गरिनेछ। |
| | १.५ समष्टिगत आर्थिक,सामाजिक तथा वित्तीय परिसूचकहरूको निरन्तर अध्ययन, अनुसन्धान र विश्लेषण गरी राजस्व बाँडफाँटका विस्तृत आधार र ढाँचा निर्धारणमा परिमार्जन गरिनेछ। | १.५.१ राजस्व बाडँफाँटको आधार र ढाँचा निर्धारण सम्बन्धी संवैधानिक र कानुनी क्षेत्राधिकारको अध्ययन विश्लेषण गरिनेछ। |
| | | १.५.२ प्रदेश तथा स्थानीय तहको आवश्यकता, राजस्व सङ्कलनमा गरेको प्रयास र सो बाट प्रदेश तथा पालिकामा पुगेको योगदानलाई समेत अध्ययन गरी राजस्व बाँडफाँटका विस्तृत आधार र ढाँचामा आवश्यक परिमार्जन गरिनेछ। |
| | | १.५.३ स्थानीय तह एवं प्रदेशहरूबाट आर्थिक, सामाजिक एवं पूर्वाधार विकासको अवस्थाको खण्डिकृत तथ्याङ्क प्राप्त गर्न केन्द्रीय तथ्याङ्क विभागसँग आवश्यक समन्वय गरी सम्बन्धित निकायका सूचना व्यवस्थापन प्रणालीहरूलाई आयोगको सूचना व्यवस्थापन प्रणालीसँग उपयुक्त प्रोटोकलमा आवद्ध गरिनेछ। |
| | | १.५.४ राजस्व बाँडफाँटका आधार र ढाँचा सम्बन्धमा नवीनतम अवधारणा र अन्तराष्ट्रिय अभ्यासहरु समेतको अध्ययन र विश्लेषण गरी विद्यमान व्यवस्था पुनरावलोकन, परिमार्जन र निर्धारण गर्न नेपाल सरकारमा सिफारिस गरिनेछ। |

| उद्देश्य | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | | १.५.५ प्रदेश र स्थानीय तहले राजस्व परिचालनमा गरेको प्रयासलाई समेत आधार लिई राजस्व बाँडफाँटको सिफारिस गरिनेछ। |

| **उद्देश्य** | **रणनीतिहरू** | **कार्यनीतिहरू** |
|---|---|---|
| २. संवैधानिक जिम्मेवारी बमोजिमका कार्यसम्पादन गर्न प्रदेश र स्थानीय तहको लागि खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश र स्थानीय तहको स्वायत्तता, अधिकार, जिम्मेवारी र स्रोत परिचालन सम्भाव्यताबीच सन्तुलन कायम गर्दै सामाजिक समता, गुणस्तरीय सेवा प्रवाह र सन्तुलित विकास हुने गरी वित्तीय समानीकरण अनुदानको परिमाण सिफारिस गर्ने र राष्ट्रिय नीति तथा कार्यक्रम, मानक र पूर्वाधारको अवस्थाका आधारमा प्रदेश तथा स्थानीय सरकारलाई उपलब्ध गराउने सशर्त अनुदानको वस्तुनिष्ठ आधार तयार गर्ने। | २.१ खर्चको आवश्यकता र राजस्वको क्षमताबीचको वित्तीय अन्तर (fiscal gap) को स्तरीकृत र विश्वसनीय गणना गरी वित्तीय समता (fiscal equity) को माध्यमबाट लम्बीय र अनुप्रस्थ (vertical and horizontal) समता हासिल गर्न सक्षम बनाउने उपायहरूको पहिचान गरिनेछ। | २.१.१ प्रदेश तथा स्थानीय तहमा प्रतिस्पर्धात्मक क्षमता, वातावरणीय दीगोपना र सामाजिक समावेशितामा योगदान पुऱ्याउने पूर्वाधार विकासका महत्वपूर्ण सूचकहरू पहिचान गर्ने, विश्लेषण गर्ने र तदनुरूप आवश्यक खर्चको गणना गरिने छ। |
| | | २.१.२ नेपालको संविधानका अनुसूचीहरूमा प्रदेश तथा स्थानीय तहका लागि निर्दिष्ट कार्यहरूको राष्ट्रिय मापदण्ड र लक्ष्य समेतको अध्ययन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारसँग आयोगको समन्वय र सहयोगमा गरी खर्चको गणना गरिनेछ। |
| | | २.१.३ प्रदेश र स्थानीय तहबीचको विषमता समेतलाई ध्यानमा राखी अन्य प्रदेश र स्थानीय तहको सन्तुलित विकासको अवस्थासँग औसत स्तरमा ल्याउन चाहिने खर्चको आवश्यकता यकिन गरिनेछ। |
| | | २.१.४ प्रदेश तथा स्थानीय तहबाट प्रदान गरिने सेवाको गुणस्तरीयता र स्तरीयतासँग खर्चको आवश्यकतालाई आवद्ध गरी समानीकरण अनुदान सिफारिसको आधार र ढाँचामा पुनरावलोकन गरिनेछ । |
| | | २.१.५ प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र खर्च गर्ने क्षमताबीचको अन्तर पहिचान गरी संस्थागत क्षमता विकासबाट वित्तीय अनुशासन कायम गरी खर्च गर्ने क्षमता बृद्धि गर्न सकिने उपायहरूको पहिचान गरी सिफारिस गरिनेछ |
| | | २.१.६ प्रत्येक प्रदेश र स्थानीय तहका राजस्वका दरहरू, राजस्वको दायरा समेतका आधारमा राजस्वको अवस्था र राजस्व उठाउन सक्ने क्षमताको अध्ययन एवं पहिचान गरी खर्चको आवश्यकता सँगको वित्तीय अन्तर निर्धारण गरिनेछ। |
| | | २.१.७ प्रत्येक प्रदेश तथा स्थानीय तहबाट सङ्कलन हुने राजस्वले खाम्न सक्ने चालू प्रकृतिका खर्चको हिस्सा यकीन गराई सो को स्तरीकरणका लागि सुझाव दिइनेछ। |

| उद्देश्य | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | | २.१.८ खर्चको आवश्यकता र राजस्वको क्षमताबीचको वित्तीय अन्तर (fiscal gap) को गणना वैज्ञानिक, वस्तुनिष्ठ र राष्ट्रिय मापदण्ड बमोजिमको बनाउन सम्बन्धित विषयगत निकाय र सङ्घीय इकाईहरूबीच समन्वय र सहकार्य गरिनेछ। |
| | | २.१.९ प्रदेश र स्थानीय तहमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेद घटाउने खालका कार्यक्रम सञ्चालन गर्नका लागि वित्तीय समानीकरण अनुदान परिचालनका समस्याहरूको पहिचान गरी समाधानका लागि आवश्यक सुझाव दिइनेछ। |
| | | २.१.१० मानव विकास सूचकाङ्कमा सुधार ल्याउन वित्तीय समानीकरण अनुदानको योगदानको अध्ययन अनुसन्धान गरिनेछ। |
| | | २.१.११ न्यूनतम वित्तीय समानीकरण अनुदानका आधारहरू समयानुकूल र वस्तुनिष्ठ बनाउन थप अध्ययन गरिनेछ। |
| | | २.१.१२ सूत्रमा आधारित अनुदानको गणना समयसापेक्ष, पारदर्शी र वस्तुपरक बनाइनेछ। |
| | | २.१.१३ प्रदेश तथा स्थानीय तहका कार्यसम्पादनका सूचकहरूमा समसामयिक परिमार्जन गर्दै कार्यसम्पादनमा आधारित अनुदान पद्धति अवलम्बन गरिनेछ। |
| | | २.१.१४ हस्तान्तरित वित्तीय समानीकरण अनुदानको सम्बन्धमा सबै सङ्घीय इकाईहरूबाट स्वचालित प्रणालीमार्फत सूचना, तथ्याङ्क एवं विवरण प्राप्त गर्ने संयन्त्रको विकास गरिनेछ। |
| | | २.१.१५ सबै खाले वित्तीय हस्तान्तरणको परिचालन र बाँडफाँटका सम्बन्धमा प्रदेश तथा स्थानीय तहले कार्यान्वयनमा ल्याएका कार्यसम्पादन ढाँचाहरूको अध्ययन गरी आपसी तालमेलयुक्त (harmonized) बनाउन आवश्यक सुझाव दिइनेछ। |
| | २.२ प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताबीचको वित्तीय अन्तर पुरा गर्ने गरी वित्तीय समानीकरण अनुदानको परिमाण सिफारिस गरिनेछ। | २.२.१ तथ्यपूर्ण र वैज्ञानिक विधिबाट वित्तीय अन्तरको अनुमान गणना गरी प्रदेश तथा स्थानीय तहकाबीच वित्तीय समता हासिल गर्न पुग्ने परिमाणको वित्तीय समानीकरण अनुदान सिफारिस गरिनेछ। |
| | | २.२.२ प्रदेश तथा स्थानीय तहबाट गरिने विकास र उपलब्ध गराइने सेवा तथा सेवाको पहुँचमा स्तरीकरण हुने गरी तदनुरूपको वित्तीय समानीकरण अनुदानको रकम यकिन गरिनेछ। |
| | | २.२.३ वित्तीय समानीकरण अनुदानतर्फको स्रोतबाट उत्पादकत्व अभिवृद्धिमा पुगेको योगदानको अध्ययन तथा विश्लेषण गरिनेछ। |

| उद्देश्य | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | | २.२.४ प्रदेश र स्थानीय तहमा प्रदान गरिने समग्र अन्तरसरकारी वित्तीय हस्तान्तरणको परिमाण निर्धारण गरी सिफारिस गर्न सम्वद्ध सरोकारवालाहरूसँग आवश्यक छलफल, समन्वय एवं सहजीकरण गरिने छ र सो को लागि आवश्यक अध्ययन अनुसन्धान गरी सङ्घीय इकाईहरूलाई सुझाव उपलब्ध गराइनेछ। |
| | | २.२.५ वित्तीय समानीकरण अनुदानको माध्यमबाट प्रदेश र स्थानीय तहमा लोकतान्त्रिक अभ्यासको न्यूनता (democratic deficit) कम गर्ने गरी योजना छनौट देखि कार्यान्वयन तथा मूल्याङ्कन सम्म समावेशिता र सशक्तिकरण प्रवर्द्धन गर्ने उपायहरूको पहिचान गरी सिफारिस गरिनेछ। |
| | | २.२.६ वित्तीय समानीकरण अनुदानको माध्यमबाट प्रदेश र स्थानीय तहमा स्वायत्तताको न्यूनता (sovereignty deficit) हटाउँदै जाने गरी यसको कार्यप्रणाली (modus operandi) का नवीनतम आयामहरूसँग अनुकूलन हुने गरी सिफारिस गरिनेछ। |
| | | २.२.७ नेपाल सरकार तथा प्रदेश सरकारबाट हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानबाट कार्यक्रम दोहोरिन नदिन आवश्यक अध्ययन गरी सुझाव दिइनेछ। |
| | | २.२.८ प्रदेश र स्थानीय तहका प्राथमिकता र आवश्यकतालाई वित्तीय समानीकरण अनुदानको माध्यमबाट सम्वोधन भए नभएको सम्बन्धमा अध्ययन गरी सुझाव दिइनेछ। |
| | | २.२.९ नेपालको संविधानले निर्दिष्ट गरेका मौलिक हकहरू तथा राज्यका निर्देशक सिद्धान्तहरू बमोजिम प्रदेश र स्थानीय तहको आर्थिक विकासका लागि आवश्यक वित्तीय अन्तर पुरा गर्न आवश्यक समानीकरण अनुदानको परिमाणको अध्ययन गरिने छ। |
| | | २.२.१० प्रत्येक पाँच पाँच वर्षमा खर्चको आवश्यकता र राजस्वको क्षमताबीचको वित्तीय अन्तरको अध्ययन अनुसन्धान गरी पुनरावलोकन गरिनेछ। |
| | २.३ प्रदेश तथा स्थानीय तहको वित्तीय स्रोतको दिगो र गुणस्तरीय परिचालनलाई प्रोत्साहन गर्दै समन्यायिक तथा समतामूलक वित्तीय समानीकरण अनुदानको | २.३.१ पछाडि परेका पालिका र प्रदेशलाई अन्य पालिका वा प्रदेश सरह आर्थिक, सामाजिक र संस्थागत रूपमा विकासको औसत वा समानस्तरमा उभ्याउन समानीकरण अनुदानको उपयोग भए नभएको अध्ययन अनुसन्धान गरी अनुदान सिफारिस तथा सुझाव प्रदान गरिनेछ। |
| | | २.३.२ वित्तीय समानीकरण अनुदानको महत्तम उपयोग (optimal utilization)बाट स्थानीय तहबीच र प्रदेशबीच दिगो विकासमा प्रतिस्पर्धा हुने गरी असल अभ्यासहरूको सिकाइ हस्तान्तरणका लागि उपयुक्त संयन्त्रको सिफारिस गरिनेछ। |

| उद्देश्य | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | बाँडफाँट एवं वितरण प्रणालीलाई संस्थागत गरिनेछ। | २.३.३ संविधानमा निर्दिष्ट एकल र साझा अधिकार सुची अनुसारका जिम्मेवारी पुरा गर्ने उद्देश्यका लागि वित्तीय समानीकरण अनुदानको सिफारिस गर्न र वित्तीय हस्तान्तरणको प्रभावकारिताका सम्बन्धमा अध्ययन अनुसन्धान गरी सुझाव प्रदान गरिनेछ। |
| | | २.३.४ वञ्चितीकरणमा परेका नागरिकहरूको सशक्तिकरणका लागि प्रदेश र स्थानीय तहले वित्तीय समानीकरण अनुदानको उपयोग गरे नगरेको अध्ययन गरी वञ्चितीकरण, गरिबी र आर्थिक सामाजिक असमानता न्यूनीकरण गर्ने कार्यक्रम कार्यान्वयन गर्न प्रोत्साहित गरिनेछ। |
| | | २.३.५ वित्तीय समानीकरण अनुदानको उद्देश्यपरक उपयोग भए नभएको र वित्तीय अनुशासन कायम गरे नगरेको सम्बन्धमा आवश्यक अध्ययन गरी सुझाव दिइनेछ। |
| | | २.३.६ आय एवं लाभको समन्यायिक बाँडफाँट एवं वितरण मार्फत् राज्यका सेवा सुविधामा कमजोर पहुँच तथा वञ्चितीकरणको अन्त्य गर्दै समतामूलक समाज निर्माण गर्न सबै तहका सरकारहरूलाई प्रमाणमा आधारित सुझाव दिइनेछ। |
| | २.४ सशर्त अनुदान सिफारिसको आधार समन्यायिक, विश्वसनीय र वस्तुनिष्ठ बनाइने छ। | २.४.१ सशर्त अनुदानको परिचालन राष्ट्रिय नीति तथा कार्यक्रम, मानक तथा पूर्वाधारको अवस्था अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रम सञ्चालन गर्नका लागि मात्र प्रयोग भएको सुनिश्चित गर्ने आधारहरूको सिफारिस गरिनेछ। |
| | | २.४.२ राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रम प्रदेश र स्थानीय तहबाट प्रभावकारी रूपले सम्पादन गर्न सकिने गरी न्यायोचित हिसाबले सशर्त अनुदानलाई ससाना कार्यक्रममा नटुक्राई एकमुष्ट हस्तान्तरण गर्न उपयुक्त एवं वस्तुनिष्ठ आधारहरू सिफारिस गरिनेछ। |
| | | २.४.३ सशर्त अनुदान वितरण सम्बन्धमा आयोगबाट विगतमा गरिएका सिफारिसका आधारहरू, सो को कार्यान्वयनको अवस्था र परेको प्रभावहरूको अध्ययन गरिनेछ । |
| | | २.४.४ प्रदेश तथा स्थानीय तहका लागि संविधानको अनुसूचीले निर्दिष्ट गरेका मूल जिम्मेवारी अनुरूपका कार्यहरूको सम्पादनका लागि राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदानको उपयोग गर्न र त्यस्ता कार्यमा सशर्त अनुदानतर्फको रकम परिचालन हुन नदिन आवश्यक अध्ययन अनुसन्धान गरी रायसुझाव दिइनेछ। |
| | | २.४.५ संविधानको अनुसूचीले स्थानीय तह र प्रदेशलाई दिएको स्रोत परिचालन, प्राथमिकता निर्धारण र खर्च व्यवस्थापनमा सशर्त अनुदानको विद्यमान ढाँचाले पारेको प्रभाव र स्वायत्तताको न्यूनता (sovereignty deficit) सम्बन्धमा अध्ययन गरी सुझाव दिइनेछ। |

| उद्देश्य | रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- | --- |
| | | २.४.६ सशर्त अनुदानका लागि आयोगले तोकेका आधार र सुझावहरूको पालन भए नभएको निरन्तर अनुगमन तथा अध्ययन गरिनेछ। |
| | | २.४.७ संविधानको अनुसूचीले प्रदेश र स्थानीय तहलाई प्रत्याभूत गरेको संवैधानिक कार्य जिम्मेवारी सुनुश्चित गर्न गराउन अन्तरसरकारी वित्तीय हस्तान्तरणमा सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको परिमाण क्रमशः न्यूनीकरण तथा वित्तीय समानीकरणको अनुदानमा बढोत्तरी गर्दै जाने नीति अवलम्बन गर्न गराउनमा जोड दिइनेछ। |

| उद्देश्य | रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- | --- |
| ३. समष्टिगत आर्थिक सन्तुलन र दिगो ऋण व्यवस्थापन हुने गरी तीनै तहका सरकारलाई आन्तरिक ऋणको सिमा सिफारिस गर्ने। | ३.१ समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरिनेछ। | ३.१.१ आन्तरिक ऋणको सीमा तय गर्ने सम्बन्धी विषयमा विश्लेषण गर्न आवश्यक तथा उपयुक्त हुने समष्टिगत आर्थिक सूचकहरू पहिचान गरिनेछ। |
| | | ३.१.२ सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा तय गर्दा विश्लेषण गर्न आवश्यक तथा उपयुक्त हुने तहगत समष्टिगत आर्थिक सूचकहरू पहिचान गरिनेछ। |
| | | ३.१.३ तहगत समष्टिगत आर्थिक सूचकहरू व्यवस्थित तथा अद्यावधिक गरिनेछ। |
| | | ३.१.४ अर्थतन्त्रका अन्य परिसूचकमा आन्तरिक ऋणबाट पर्ने प्रभावबारे तथ्याङ्कीय अनुसन्धान र विश्लेषण गरी आयोगका सिफारिसलाई प्रमाणमा आधारित (evidence based) बनाइने छ। |
| | | ३.१.५ राजस्व सङ्कलन, आर्थिक वृद्धि, रोजगारी सिर्जना, पूँजी निर्माण, उपभोग, लगानी र बचत प्रवृत्ति, र आर्थिक स्थायित्वमा आन्तरिक ऋणले पार्ने प्रभावको अध्ययन गरिनेछ। |
| | ३.२ समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी तीनै तहका सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा निर्धारण गरी सिफारिस गरिनेछ। | ३.२.१ आन्तरिक ऋण परिचालनका उपकरणहरूको प्रभावकारिता र कार्य दक्षताको अध्ययन गरिनेछ। |
| | | ३.२.२ आन्तरिक ऋणको लागत घटाउने र जोखिमपना कम गर्ने उपायहरूको पहिचान गरी सिफारिस गरिनेछ। |
| | | ३.२.३ आर्थिक सङ्कट वा अस्थिरताको अवस्थामा आन्तरिक ऋण संरचनामा गर्नुपर्ने परिवर्तनबारे अध्ययन गरी आवश्यकता अनुसार सिफारिस गरिनेछ। |
| | | ३.२.४ समष्टिगत आर्थिक सूचकहरुको विश्लेषण गरी देशको समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी परिचालन गर्न सकिने आन्तरिक ऋणको सीमा तय गरिनेछ। |

| उद्देश्य | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | | ३.२.५ देशको समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी परिचालन गर्न सकिने आन्तरिक ऋणको सीमालाई तीन तहका सरकारबीच बाँडफाँट गर्ने आधार तय गरिनेछ। |
| | | ३.२.६ तहगत समष्टिगत आर्थिक सूचकहरू विश्लेषण गरी तत् तत् तहको परिचालन गर्न सकिने आन्तरिक ऋणको सीमा तय गरी सिफारिस गरिनेछ। |
| | | ३.२.७ आन्तरिक ऋण परिचालन गर्न प्रदेशका लागि आवश्यक पर्ने मौद्रिक उपकरण तथा ऐन नियमहरू तथा स्थानीय तहका लागि आवश्यक पर्ने कानून निर्माण गर्न आवश्यक सुझाव दिइनेछ। |

| उद्देश्य | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| ४. प्राकृतिक स्रोतको परिचालन गर्दा तीनै तहका सरकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्नुको साथै स्रोतको बाँडफाँट सम्बन्धी विषयमा उठ्न सक्ने सम्भावित विवाद निवारणको उपाय र वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक सुझाव दिने। | ४.१ प्राकृतिक स्रोतको परिचालन गर्दा तीनै तहका सरकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरिनेछ। | ४.१.१ प्राकृतिक सोत परिचालनमा तीनै तहका सङ्घीय इकाईहरूको कुन कुन स्रोतमा के कति अंश के कसरी लगानी गर्ने र सोबाट प्राप्त प्रतिफलको के कति अंश कसरी बाँडफाँट गर्ने भन्ने सम्बन्धमा कानुनी आधार तयार पार्न यस सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान विश्लेषण गरी सुझाव उपलब्ध गराउनुका साथै आवश्यक सहजीकरण गरिनेछ। |
| | | ४.१.२ प्राकृतिक पूँजीको आँकलन गरी लागानी योग्य प्राकृतिक स्रोत परिचालनका लागि नेपाल सरकार, प्रदेश तथा स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधारलाई वस्तुनिष्ठ बनाउन आवश्यक अध्ययन गरिनेछ। |
| | | ४.१.३ प्राकृतिक सोत परिचालनमा तीनै तहका सरकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको विस्तृत आधार र ढाँचा तय गरी सिफारिस गरिनेछ। |
| | ४.२ प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा सङ्घीय इकाईहरूबीच उठ्न सक्ने सम्भावित विवाद निवारणका उपायहरू पहिचान गरिनेछ। | ४.२.१ प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धमा देशभित्र तथा अन्य मुलुकहरूमा उठेका विवाद र समाधानका लागि अवलम्वन गरेका विधि तथा प्रकृयाको सम्बन्धमा अध्ययन गरी विवादका मुख्य कारक तत्वहरू पहिचान गरी विवाद निवारणका उपायहरु पत्ता लगाइनेछ। |
| | | ४.२.२ प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा सङ्घीय इकाईहरूबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा सो सम्बन्धी अध्ययनबाट निवारणका उपायहरू पहिचान गरी समन्वयात्मक रूपमा काम गर्न सुझाव दिइनेछ। |
| | | ४.२.३ नेपालमा उपलब्ध प्राकृतिक स्रोतहरू, तिनको अवस्थिति, उपलब्धता, संचिति र प्रयोगको अवस्था, परिचालन, संरक्षण, उपयोग, बाँडफाँट र वातावरणीय प्रभाव लगायतका विविध |

| उद्देश्य | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | | पक्षमा हुन सक्ने संभावित विवाद, विवाद निवारणका उपाय, सङ्घीय इकाईहरूले खेल्नुपर्ने भूमिका लगायतका विषयमा आवश्यक अध्ययन अनुसन्धान गरी सुधारका उपायहरूसहित सुझाव प्रदान गर्नुका साथै यस सम्बन्धमा आवश्यक सहजीकरण गरिनेछ। |
| | ४.३ प्राकृतिक स्रोतको बाँडफाँटसँग सम्बन्धित बातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन गरिनेछ। | ४.३.१ प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा सरोकारवालाहरुसँग आवश्यक छलफल,अन्तरक्रिया, परामर्श एवं अध्ययन अनुसन्धान गरी आयोगको संवैधानिक भूमिकाको यकिन गरी सो अनुरूपको आवश्यक कार्य गरिनेछ। |
| | | ४.३.२ प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित प्रदेश तथा स्थानीय तहलाई प्रभावित भएको अनुपातमा सोबाट प्राप्त हुने रोयल्टी बाँडफाँट गरी वितरणका लागि सिफारिस गर्दा सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको समेत अध्ययन गरिनेछ। |
| | ४.४ प्राकृतिक स्रोतको संरक्षण र उपयोगका विषयमा सङ्घीय इकाईहरूलाई आवश्यक सुझाव दिइनेछ। | ४.४.१ प्राकृतिक स्रोतको संरक्षणमा प्रदेश सरकार र स्थानीय तहबाट भइरहेको विद्यमान प्रयासको अध्ययन गरिनेछ। |
| | | ४.४.२ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको रकम सम्बन्धित स्रोतको संरक्षणका कार्यक्रमहरुमा उपयोग गर्न तीनै तहका सरकारलाई सुझाव दिइनेछ। |
| | | ४.४.३ प्राकृतिक स्रोतको परिचालन, उपयोग, संरक्षण, बाँडफाँट, विवाद निवारण, वातावरणीय प्रभाव, लगानीका विषय तथा क्षेत्रमा प्रदेश र स्थानीय तहमा अन्तर्क्रिया तथा छलफल चलाई सरोकारवालाहरूलाई सुसूचित गरिनेछ। |
| | ४.५ प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा सोबाट प्राप्त हुने रोयल्टी बाँडफाँट गरी वितरणका लागि सिफारिस गरिनेछ। | ४.५.१ बाँडफाँटका लागि रोयल्टी प्राप्त हुने प्राकृतिक स्रोतको लगत तथा नक्साङ्कन तयार गरी क्षेत्रगत तथ्याङ्कहरु एकीकृत विद्युतीय तथ्याङ्क व्यवस्थापन प्रणालीद्धारा व्यवस्थित गरिनेछ। |
| | | ४.५.२ प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा सोबाट प्राप्त हुने रोयल्टीको समन्यायिक बाँडफाँटको विस्तृत आधार र ढाँचामा समसामयिक परिमार्जनका लागि अध्ययन गरिनेछ। |
| | | ४.५.३ प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा सोबाट प्राप्त हुने रोयल्टीको हिस्सा वार्षिक रुपमा समन्यायिक तवरले बाँडफाँट गरी वितरणका लागि सिफारिस गरिनेछ। |
| | | ४.५.४ पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुन सक्ने रोयल्टीका सम्बन्धमा अध्ययन गरी सो सम्बन्धी आवश्यक व्यवस्थाका लागि नेपाल सरकारलाई सिफारिस गरिनेछ। |

| उद्देश्य | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | | ४.५.५ अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ को द्रष्टव्य (२) बमोजिम तीन तहका सरकारलाई गरिने प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँटको अनुपात सम्बन्धी व्यवस्थामा अध्ययन गरी पुनरावलोकनका लागि नेपाल सरकारलाई सिफारिस गरिनेछ। |

| उद्देश्य | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| ५. आयोगको संस्थागत क्षमता अभिवृद्धि गर्दै वित्तीय सङ्घीयताका विभिन्न आयामहरुको अध्ययन अनुसन्धान गरी सरोकारवाला निकायहरूलाई सुझाव दिने तथा आवश्यक सहयोग, समन्वय, सहजीकरण र सञ्चार गर्ने । | ५.१. आयोगको संस्थागत क्षमता विकास गरिनेछ। | ५.१.१ आयोगको अलग्गै परिसर सहितको भवन निर्माण तथा भौतिक पूर्वाधारको विकास र सुधार गरिनेछ । |
| | | ५.१.२ वित्तीय सङ्घीयता र प्राकृतिक स्रोतको परिचालनको क्षेत्रमा प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता विकास गर्नका लागि आवश्यक अध्ययन गरी सुझाव उपलब्ध गराइनेछ। |
| | | ५.१.३ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणबाट विशेषज्ञ पद समेत सिर्जना गरी आयोगको सचिवालयको पुनर्संरचना गरिनेछ। |
| | | ५.१.४ आयोगमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ५.१.५ आयोगका मध्यम र उच्च व्यवस्थापन तहका कर्मचारीहरूलाई अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूमा खटाउने (secondment) अवसर सिर्जना गरी अन्तर्राष्ट्रिय अनुभव र सिकाइ हासिल गर्ने वातावरण मिलाइनेछ। |
| | | ५.१.६ आयोगका मध्यम र उच्च व्यवस्थापन तहका कर्मचारीहरूलाई अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी विज्ञको रूपमा अन्य देशमा ज्ञान हस्तान्तरण गर्ने अवसर प्राप्त भएमा विज्ञता सेवा उपलब्ध गराउन प्रचलित कानूनको अधीनमा रही आवश्यक सहजीकरण गरिनेछ। |
| | | ५.१.७ आयोगको क्षमता विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वय एवं सहकार्य गरिनेछ। |
| | | ५.१.८ तथ्याङ्क प्रयोगमा आयोगको सूचना प्रयोगको प्रोटोकल तथा सूचना व्यवस्थापन प्रणाली तयार गरी सूचनाको समग्रता, प्रमाणिकता र अखण्डता (data integrity) कायम गरिनेछ। |
| | | ५.१.९ आयोगका पदाधिकारीहरू, कर्मचारीहरू र अन्य सरोकारवालाहरूबीच निरन्तर छलफल एवं अन्तरक्रियाको व्यवस्था गरिनेछ। |

| उद्देश्य | रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- | --- |
| | | ५.१.१० आयोगका काम कारवाहीहरू अनुमानयोग्य र पारदर्शी बनाइनेछ। |
| | | ५.१.११ आयोगका सिफारिसहरूमा प्रयोग भएका तथ्याङ्क, सूत्र, विधि र अध्ययन अनुसन्धान सम्बद्ध सूचनालाई प्रचलित कानून बमोजिम आवधिक रूपमा सार्वजनिक गरिनेछ। |
| | | ५.१.१२ आयोगको पुस्तकालयलाई वित्तीय सङ्घीयता अध्ययनको स्रोत केन्द्र र अभिलेखालयको रूपमा विकास गरिनेछ। |
| | ५.२ वित्तीय सङ्घीयताका विभिन्न अवयवहरूको अध्ययन अनुसन्धान गरिनेछ। | ५.२.१ वित्तीय सङ्घीयता तथा प्राकृतिक स्रोतको परिचालनका विभिन्न आयामहरूमा निरन्तर अध्ययन अनुसन्धान (research) गरिनेछ। |
| | | ५.२.२ आयोगले गर्ने सिफारिस तथा दिने राय सुझाबहरू अध्ययन अनुसन्धानबाट प्राप्त निष्कर्षमा आधारित हुनेछन्। |
| | | ५.२.३ अध्ययन अनुसन्धानको लागि नेपाल तथा विदेशस्थित विश्वविद्यालयहरू, आयोगको कार्यक्षेत्रसँग मिल्दो भूमिका भएका संस्थाहरू तथा अनुसन्धानमूलक सार्वजनिक संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ। |
| | | ५.२.४ वित्तीय सङ्घीयता अन्तरसरकारी वित्तीय हस्तान्तरण र आयोगको भूमिका लगायतका विविध पक्षहरूमा विज्ञहरूसँग नियमित रूपमा छलफल कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ५.२.५ विश्वविद्यालयका विद्यार्थीहरूलाई आयोगको कार्यक्षेत्रसँग सम्बन्धित बिषयमा शोधकार्य अनुदान (research grant) र इन्टर्नसिप (Internship) को व्यवस्था गरिनेछ। |
| | | ५.२.६ अध्ययन अनुसन्धानको लागि आवश्यकता अनुसार विशेषज्ञ सेवा लिइनेछ। |
| | | ५.२.७ राष्ट्रिय नीतिको पालना गर्दै आवश्यकता अनुसार अन्तर्राष्ट्रिय स्रोतको परिचालन गरिनेछ। |
| | ५.३. सरोकारवाला निकायहरूसँग प्रभावकारी समन्वय स्थापना गरिनेछ । | ५.३.१ अन्तर समन्वय एवं सहजीकरण समितिको क्रियाशीलतावाट मुख्य सरोकारवाला निकायहरूबीच नीतिगत समन्वय एवं सहजीकरण गरिनेछ। |
| | | ५.३.२ आयोगका काम, कर्तव्य, अधिकार सम्बन्धी सरोकारवालाहरूको लागि विभिन्न तहमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ५.३.३ आयोगले गर्ने सिफारिसका सम्बन्धमा प्रमुख सरोकारवालाहरूसँग निरन्तर अन्तरक्रिया, छलफल र संवाद गरी पृष्ठपोषण लिइनेछ । |
| | | ५.३.४ आयोगको कार्यक्षेत्रसँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय सार्वजनिक संस्थाहरूसँग सम्बन्ध र सहकार्य स्थापना गरिनेछ । |

| उद्देश्य | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | | ५.३.५ आयोगले आफ्नो काम, कर्तव्यका सम्बन्धमा आवश्यकतानुसार अन्य संवैधानिक निकाय, नेपाल सरकार, प्रदेश तथा स्थानीय तहका सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग राय परामर्श लिने तथा समन्वय गर्नेछ। |
| | | ५.३.६ तीनै तहका सरकारहरूबीच विश्वासको वातावरण थप सुदृढ गर्न आयोगले समन्वय सेतु (coordination bridge)को रूपमा कार्य गर्नेछ। |
| | | ५.३.७ प्रदेश र स्थानीय तहको स्वायत्तताको सम्मान हुने गरी राजस्व बाँडफाटको कानूनी र कार्यविधिगत व्यवस्था गर्न सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय गरिनेछ। |
| | ५.४. सरोकारवाला निकायहरूलाई आवश्यक सुझाब दिने, सहयोग तथा सहजीकरण गरिनेछ। | ५.४.१ आयोगसँग सम्बन्धित विषयमा सरोकारवाला निकायबाट राय माग भएको अवस्थामा आवश्यकता र उपयुक्तता हेरी राय सुझाव दिइनेछ। |
| | | ५.४.२ सङ्घ, प्रदेश तथा स्थानीय तहले अवलम्बन गरेका खर्च प्रणालीको गुणस्तरको सम्बन्धमा आवश्यकतानुसार सुझाव दिइनेछ। |
| | | ५.४.३ सङ्घीय, प्रदेश तथा स्थानीय कर एवं राजस्वका सम्बन्धमा सुझाव माग भै आएमा आवश्यक सुझाव दिइनेछ। |
| | | ५.४.४ वित्तीय सङ्घीयता र प्राकृतिक स्रोत परिचालनका सम्बन्धमा सरकोरवाला निकायवाट माग भएमा आवश्यक सुझाव उपलब्ध गराइनेछ । |
| | | ५.४.५ सङ्घ, प्रदेश र स्थानीय तहवीच स्रोतको बाँडफाँट तथा उपयोगमा भएको वा हुनसक्ने विवाद निरुपण गर्न आवश्यकता अनुसार सहजीकरण गरिनेछ। |
| | | ५.४.६ अन्तरसरकारी अनुदानका सम्बन्धमा तीनै तहका सरकारलाई आवश्यक सुझाव दिइने छ। |
| | ५.५ संविधानमा भएको व्यवस्था अनुकूल आयोग सम्वद्ध विद्यमान ऐनहरूमा परिमार्जनका लागि सम्बन्धित निकायसँग समन्वय एवं सहजीकरण गरिनेछ। | ५.५.१ विद्यमान ऐनहरूमा परिमार्जनका लागि सरोकारवाला निकायसँग परामर्श गरी सुझाव सङ्कलन गरिनेछ। |
| | | ५.५.२ प्राप्त सुझावहरू समेत समावेश गरी प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ मा समसामयिक परिमार्जन गर्न संशोधनको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष थप प्रकृयाका लागि प्रस्तुत गरिनेछ। |
| | | ५.५.३ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा आवश्यक परिमार्जनका गर्न सुझाव तयार गरी नेपाल सरकार समक्ष थप प्रकृयाका लागि प्रस्तुत गरिनेछ। |

| उद्देश्य | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| | | ५.५.४ प्राकृतिक स्रोत, प्राकृतिक स्रोतको परिचालन, प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी, प्राकृतिक स्रोतमा लगानी, प्राकृतिक स्रोतबाट प्राप्त हुने प्रतिफल जस्ता शब्द, वाक्य, वा विषयलाई स्पष्ट परिभाषित गर्दै प्राकृतिक स्रोतबाट प्राप्त हुने लाभको बाँडफाँट समेतका लागि यस सम्बन्धी एकिकृत ऐन निर्माण गरी कार्यान्वयनमा ल्याउनका लागि आयोगको तर्फबाट आवश्यक तयारी, समन्वय, एवं सहजीकरण गरिनेछ। |
| | | ५.५.५ वित्तीय सङ्घीयता कार्यान्वयनका लागि नयाँ कानून निर्माणको वस्तुनिष्ठ सुझाव प्राप्त भएमा वा आवश्यकता महसूस भएमा सो को लागि ऐनको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष थप प्रकृयाका लागि प्रस्तुत गरिनेछ। |
| | ५.६ आयोगको सञ्चार तथा सिकाइ रणनीति तयार गरी कार्यान्वयनमा ल्याइने छ। | ५.६.१ आयोगले तयार गर्ने आधार र निर्धारण गर्ने ढाँचा, सिफारिस, राय सुझाव, आयोगका निर्णय र सङ्घीय इकाईहरूबीचको वित्तीय अन्तरसम्बन्धलाई प्रभावकारी बनाउन आयोगको सञ्चार रणनीति तयार पारी आयोगले गर्ने आन्तरिक र बाह्य सञ्चारका प्रक्रिया र संरचना तयार गरिनेछ। |

# परिच्छेद-४

# रणनीति कार्यान्वयन कार्ययोजना (Implementation Framework)

## ४.१ रणनीति कार्यान्वयन कार्ययोजना

माथि ३.७ मा उल्लिखित रणनीति तथा कार्यनीति/कार्यक्रमहरूको कार्यान्वयनका लागि आयोगले निम्नानुसारको कार्ययोजना तर्जुमा गरेको छ। यस कार्ययोजनालाई थप प्रभावकारी बनाउनका लागि आयोगले उपलब्ध स्रोत र साधनको आधारमा कार्यक्रम परिमार्जन समेत गर्न सक्नेछ भने रणनीतिक योजनामा व्यक्त कतिपय विषयहरूको कार्यान्वयन कुनै अवधिभित्र सीमित नरही दीर्घकालसम्म निरन्तर रूपमा गर्नु पर्नेछ।

***उद्देश्य नं. १: सङ्घ, प्रदेश र स्थानीय तहका लागि न्यायोचित, सन्तुलित र पारदर्शी रूपले राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने, सबै तहमा राजस्व असूलीमा सुधार गर्नुपर्ने उपायहरू र राजस्व बाँडफाँटको आधारमा परिमार्जन गर्न सिफारिस गर्ने।***

यस उद्देश्यको प्राप्तिका लागि देहायबमोजिम ५ रणनीतिहरू, २२ कार्यनीतिहरू र ५६ क्रियाकलापहरू निर्धारण गरिएका छन्।

| क्र.स. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| **रणनीति १.१: नेपालको संविधानले निर्दिष्ट गरेका विषयहरू सुनिश्चित हुने गरी राजस्व बाँडफाँटको कानूनी आधार तयार गर्न सिफारिस गरिनेछ।** | | | | | | |
| कार्यनीति १.१.१: प्रदेश र स्थानीय तहका आवश्यकता बमोजिमका क्रियाकलापहरू प्रभावकारी रूपले सम्पादन गर्न सकिने गरी न्यायोचित हिसाबले राजस्व बाँडफाँटको सिफारिस गरिनेछ। | | | | | | |
| १.१.१.१ | प्रदेश र स्थानीय तहबाट प्रदान गरिने सेवा तथा सम्पादन गरिने कार्यहरू प्रभावकारी रूपले सम्पादन गर्न न्यायोचित हिसाबले राजस्व बाँडफाँटको सिफारिस गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय सरकार | अर्थ मन्त्रालय | दोस्रो वर्ष भित्र | अध्ययन प्रतिवेदन प्राप्त भई न्यायोचित आधारमा राजस्व बाँडफाँटको सिफारिस भएको हुने। |
| कार्यनीति १.१.२: प्रदेश र स्थानीय तहमा जनतालाई पुऱ्याउनु पर्ने सेवाको मूल्यसँग तादात्म्यता हुने शुल्क, महसूल, दस्तुर लगायतका राजस्व सङ्कलनका स्तरीकृत मानक तथा पुनर्वितरणात्मक न्याय (redistributive justice) सुनिश्चित हुने गरी आन्तरिक स्रोत परिचालन र राजस्व बाँडफाँटका विकल्पहरू अध्ययन गरी सिफारिस गरिनेछ। | | | | | | |
| १.१.२.१ | प्रदेश तथा स्थानीय सरकारले उपलब्ध गराउने सेवा सुविधा बापतको शुल्क, महसूल एवम् दस्तुरको अध्ययन गरी | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय सरकार | अर्थ मन्त्रालय | निरन्तर | अध्ययन प्रतिवेदनका आधारमा सुझाव तयार। |

| क्र.स. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | राजस्व सङ्कलनका स्तरीकृत मानकहरूका सम्बन्धमा सुझाव दिने। | | | | | |
| १.१.२.२ | प्रदेश तथा स्थानीय सरकारले उपलब्ध गराउने सेवाबाट पुनर्वितरणात्मक न्याय प्रवर्द्धन गर्न आन्तरिक स्रोत परिचालन र राजस्व बाँडफाँटका विकल्पहरू अध्ययन गरी सुझाव प्रदान गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय सरकार | गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपाल नगरपालिका सङ्घ, जि.स.स. महासङ्घ नेपाल | निरन्तर | अध्ययन प्रतिवेदनका आधारमा सुझाव तयार। |
| कार्यनीति १.१.३: प्रदेश र स्थानीय तहको राजस्व सङ्कलनको अधिकारको प्रत्याभूति र सो अधिकारको प्रयोग गर्नका लागि तत्तत् निकायलाई सक्षम बनाउने उपायहरूको अध्ययन गरी सिफारिस गरिनेछ। | | | | | | |
| १.१.३.१ | प्रदेशहरूले संविधान प्रदत्त अधिकार बमोजिमको राजस्व सङ्कलन महत्तम लागत प्रभावकारिता, न्यायोचित आधार र दर बमोजिम सङ्कलन गर्न सके नसकेको अध्ययन गरी सुधारका उपायहरू सुझाउने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार | स्थानीय सरकार | दोस्रो वर्ष | अध्ययन प्रतिवेदनका आधारमा सुझाव तयार। |
| १.१.३.२ | स्थानीय तहले संविधान प्रदत्त अधिकार बमोजिमका राजस्व सङ्कलन महत्तम लागत प्रभावकारिता, न्यायोचित आधार र दर बमोजिम सङ्कलन गर्न सके नसकेको अध्ययन गरी सुधारका उपायहरू सुझाउने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | स्थानीय सरकारहरू | प्रदेश सरकार, गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपाल नगरपालिका सङ्घ, जिसस महासङ्घ नेपाल | तेस्रो वर्ष | अध्ययन प्रतिवेदनका आधारमा सुझाव तयार। |
| कार्यनीति १.१.४: प्रदेश र स्थानीय तहको राजस्व उठाउन सक्ने क्षमता अभिवृद्धि गर्न र सीमान्त सङ्कलन लागत (marginal collection cost) कम गर्नका लागि प्राविधिक तथा संस्थागत संयन्त्रका विकल्पहरू सिफारिस गरिनेछ। | | | | | | |

| क्र.स. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| १.१.४.१ | प्रदेश र स्थानीय तहका साझा अधिकार सूचीमा समावेश कराधिकार कार्यान्वायनका लागि लागत प्रभावी संयन्त्रहरुको अध्ययन गरी विकल्पहरू सुझाउने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय सरकारहरू, | गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपाल नगरपालिका सङ्घ, जि.स.स. महासङ्घ नेपाल | चौथो वर्ष भित्र | अध्ययन प्रतिवेदन प्राप्त भई सुझाव तयार। |
| १.१.४.२ | राजस्व प्रशासनमा सूचना प्रविधिलाई बढावा दिई विद्युतीय राजस्व भुक्तानी प्रणाली र एकीकृत करदाता सूचना प्रणाली तथा आधुनिक कर प्रशासनका असल अभ्यास लगायतबाट सीमान्त लागत कम गर्ने उपायहरू सुझाउने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | तीनै तहका सरकारहरू | | चौथो वर्ष भित्र | विद्युतीय राजस्व भुक्तानी प्रणाली र एकीकृत करदाता सूचना प्रणाली लागु भएको हुने । |
| कार्यनीति १.१.५: राजस्वको आधार र दायरा विस्तारको सम्भाव्यता र सङ्कलित राजस्वको उपयोग गर्दा महत्तम उत्पादकत्व (optimum productivity) हासिल गर्ने सम्बन्धमा अध्ययन गरिनेछ। | | | | | | |
| १.१.५.१ | राजस्वको आधार र दायरा विस्तारको सम्भाव्यता अध्ययन गर्न सरोकारवाला निकायहरूसँग समन्वय गरी अध्ययन गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार | अर्थ मन्त्रालय, राजस्व परामर्श समिति, महालेखा नियन्त्रक कार्यालय | दोस्रो वर्ष | अध्ययन प्रतिवेदन प्राप्त भएको हुने। |
| १.१.५.२ | राजस्वको उपयोगबाट सम्पादन गरिने क्रियाकलापहरूमा उत्पादकत्व वृद्धि र उपयोगकर्ताहरूमा अपनत्व वृद्धि गर्ने उपायहरू पहिचान गरी सिफारिस गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार | अर्थ मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, महालेखा नियन्त्रक कार्यालय | दोस्रो वर्ष | प्रति इकाई राजस्वबाट उत्पादकत्वको मापन गर्ने विधि सिफारिस भएको हुने। |
| कार्यनीति १.१.६: प्रदेश तथा स्थानीय तहमा राजस्व परिचालन क्षमता अभिवृद्धिबाट आन्तरिक आयमा बढोत्तरी गराई दिगो विकासका पूर्वाधार निर्माणमा सहयोग पुग्ने गरी स्रोत परिचालन गर्न सरोकारवाला निकायहरूसँग अन्तर्क्रिया गरिनेछ। | | | | | | |

| क्र.स. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| १.१.६.१ | प्रदेश तथा स्थानीय तहमा राजस्व परिचालन क्षमता अभिवृद्धिबाट आन्तरिक आय बढाउने उपायहरूको अध्ययन गरी सिफारिस गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय सरकार | अर्थ मन्त्रालय, गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपाल नगरपालिका सङ्घ | सालबसाली निरन्तर | राजस्व परिचालन क्षमता अभिवृद्धिबाट आन्तरिक आयमा बढोत्तरी भएको हुने। |
| १.१.६.२ | सङ्कलित राजस्वबाट प्रदेश र स्थानीय तहले दीगो पूर्वाधार विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्ने उपायहरूको अध्ययन गरी सिफारिस गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय सरकारहरू | राष्ट्रिय योजना आयोग, गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपाल नगरपालिका सङ्घ, जिसस महासङ्घ नेपाल | | दीगो विकासका पूर्वाधारहरू परिभाषित गरी क्षेत्रगत पूर्वाधार निर्माणलाई बजेट तथा कार्यक्रमले समेट्न थालेको हुने। |
| १.१.६.३ | दीगो विकासका पूर्वाधारमा स्रोत परिचालन गर्न अन्तर्क्रिया चलाउने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय सरकारहरू | राष्ट्रिय योजना आयोग, प्रदेश नीति आयोग, विषय विज्ञहरू र सरोकारवाला निकायहरू | सालबसाली निरन्तर | राष्ट्रिय योजना आयोगले तोकेको दीगो विकासका लक्ष्य हासिल गर्नमा प्रदेश तथा स्थानीय तहको जागरुकता योजना तथा वार्षिक बजेटमा झल्किने। |
| कार्यनीति १.१.७: क्षेत्रीय असन्तुलनका विभिन्न आयामहरूको अध्ययन गर्दै आर्थिक तथा मानवीय गरिबी र असमानताको न्यूनीकरण गर्ने गरी राजस्व बाँडफाँटका आधारहरूमा आवधिक परिमार्जन गरी सिफारिस गरिनेछ। | | | | | | |
| १.१.७.१ | प्रदेश र स्थानीय तहहरूबीच लम्बीय तथा अनुप्रस्थ असन्तुलन (vertical and horizontal imbalance) का आयामहरू र कारकहरूको अध्ययन गर्ने गराउने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | नीति अनुसन्धान प्रतिष्ठान, शोध अनुसन्धान गर्ने निकायहरू, | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, राष्ट्रिय योजना आयोग | दोस्रो वर्ष भित्र | अध्ययन प्रतिवेदन प्राप्ति। |

| क्र.स. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| १.१.७.२ | प्रदेश र स्थानीय तहमा क्षेत्रीय असन्तुलन, गरिबी, असमानता, एवम् वञ्चितीकरणको अवस्थाको अध्ययन गर्ने गराउने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | नीति अनुसन्धान प्रतिष्ठान, शोध अनुसन्धान गर्ने निकायहरू | नेपाल सरकार, राष्ट्रिय योजना आयोग, प्रदेश सरकार, स्थानीय सरकार | तेस्रो वर्ष भित्र | अध्ययन प्रतिवेदन प्राप्ति। |
| १.१.७.३ | राजस्व बाँडफाँटलाई विद्यमान असन्तुलन, गरिबी र असमानता न्यूनीकरणको औजारको रूपमा प्रयोग गर्न सामयिक सुधारको सिफारिस गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार | अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय | निरन्तर | सुधारको खाका तयार हुने। |
| कार्यनीति १.१.८: राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरणबाट विपद् व्यवस्थापन लगायतका आकस्मिक कार्य र अस्थायी आवश्यकता पुरा गर्ने खालका क्रियाकलापमा समेत लगानी गर्न प्रोत्साहित गर्ने गरी सम्बन्धित निकायलाई सुझाव दिइनेछ। | | | | | | |
| १.१.८.१ | राजस्व बाँडफाँट तथा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्रदेश र स्थानीय तहले अनुकूलन (adaptation), विपद प्रतिकार्य (response) तथा उत्थानशील पुनर्प्राप्ति (resilient recovery) का लागि गरेको स्रोत व्यवस्थापनको अध्ययन गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय तह राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय | दोस्रो वर्ष भित्र | अध्ययन प्रतिवेदनका आधारमा सुझाव सिफारिस हुने। |
| १.१.८.२ | प्रदेश र स्थानीय तहले आकस्मिक सङ्कट व्यवस्थापनका लागि राजस्व बाँडफाँटबाट गरेको लगानी तथा स्रोत व्यवस्थापनको अध्ययन गरी प्रभावकारी विपद्/सङ्कट वित्त (crisis financing) का सुझाव प्रदान गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय सरकार | अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय | दोस्रो वर्ष भित्र | अध्ययन प्रतिवेदनका आधारमा सुझाव सिफारिस हुने। |
| | | | | | | |
| **रणनीति १.२: तीनै तहका सरकारबीच राजस्वको बाँडफाँट सन्तुलित र पारदर्शी बनाउने विस्तृत आधार र ढाँचा सिफारिस गरिनेछ।** | | | | | | |
| कार्यनीति १.२.१: जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्क, राजस्व सङ्कलनमा गरेको प्रयास, पूर्वाधार विकास र विशेष अवस्थालाई ध्यानमा राखी अद्यावधिक तथ्याङ्क र अध्ययनका आधारमा राजस्व बाँडफाँट सिफारिस गरिनेछ। | | | | | | |

| क्र.स. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| १.२.१.१ | राजस्व बाँडफाँटका विद्यमान आधार र ढाँचाबाट गरिएको सिफारिसको प्रभावकारिता तथा त्यसमा आवश्यकतानुसार परिमार्जन गर्ने सम्बन्धमा विस्तृत अध्ययन अनुसन्धान गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | अर्थ मन्त्रालय, शोध अनुसन्धानकारी निकायहरू | तेस्रो वर्ष भित्र | अध्ययन प्रतिवेदन प्राप्त हुने। |
| १.२.१.२ | राजस्व बाँडफाँटका विस्तृत आधार अनुरूपको तथ्याङ्क प्राप्त गर्न व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय तह, केन्द्रीय तथ्याङ्क विभाग, सूचना प्रविधि विभाग, राष्ट्रिय सूचना प्रविधि केन्द्र | अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, | तेस्रो वर्ष भित्र | व्यवस्थापन सूचना प्रणालीको विकास भएको हुने। |
| १.२.१.३ | तीनै तहका सरकारबीच राजस्वको बाँडफाँट सन्तुलित बनाउने उपायहरूको अध्ययन गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | अर्थ मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | शोध अनुसन्धानमूलक विकास संस्था, विश्वविद्यालयहरू, सङ्घीय संसद/ संसदीय समिति | | सन्तुलित राजस्व बाँडफाँटका उपायहरू सम्बन्धी प्रतिवेदन। |
| कार्यनीति १.२.२: राजस्व बाँडफाँट सम्बन्धमा यसअघि गरिएका अध्ययनहरूको पुनरावलोकन समेत गरी नेपाल सरकारका विषयगत मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहको साथै नागरिक समाज समेतको परामर्शमा वस्तुपरक र स्तरीकृत सिफारिस गरिनेछ। | | | | | | |
| १.२.२.१ | राजस्व बाँडफाँटमा हाल सम्म गरिएका अध्ययनहरूको पुनरावलोकन तथा सरोकारवालाहरू र नागरिक समाजसँग परामर्श (stakeholders consultation) गरी पृष्ठपोषण प्राप्त गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, नागरिक समाज | विषयगत मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, केन्द्रीय तथ्याङ्क विभाग, | तेस्रो वर्ष भित्र | सरोकारवालासँगको परामर्श (stakeholders consultation) र नागरिक संलग्नता (civic engagement) भएको हुने। |
| १.२.२.२ | राजस्व बाँडफाँटलाई थप वस्तुपरक र स्तरीकृत बनाउने उपायहरूको पहिचान गरी सिफारिस गर्ने | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | केन्द्रीय तथ्याङ्क विभाग, शोध अनुसन्धानकारी | चौथो वर्षभित्र | राजस्व बाँडफाँटको सिफारिस थप वस्तुपरक |

| क्र.स. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | | निकाय, व्यक्ति तथा संस्थाहरू | | र स्तरीकृत भएको हुने। |
| कार्यनीति १.२.३: विभिन्न तहले राजस्व सङ्कलनमा गरेको प्रयासको अध्ययन गरी थप प्रयासबाट राजस्वको आधार र दायरा विस्तार तथा राजस्व सङ्कलन कार्यदक्षताका उपायहरूका सम्बन्धमा सोही प्रकृतिका कार्य गर्ने नेपाल सरकारका निकायहरूसँग समेत समन्वय गरी दिगो राजस्व व्यवस्थापनका उपायहरू सिफारिस गरिनेछ। | | | | | | |
| १.२.३.१ | तीनै तहका सरकारले राजस्वको आधार र दायरा विस्तार गर्न गरेको प्रयासहरूको अध्ययन गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | अर्थ मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | अर्थ मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | सालबसाली रूपमा निरन्तर | अध्ययन प्रतिवेदनका आधारमा सुझाव सिफारिस हुने। |
| १.२.३.२ | सरोकारवालाहरूसँग छलफल गरी राजस्व सङ्कलनमा थप कार्यकुशलता हासिल गर्ने उपायहरू सुझाउने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | शोध अनुसन्धानमूलक निकायहरू | सालबसाली रूपमा निरन्तर | अध्ययन प्रतिवेदनका आधारमा सुझाव सिफारिस हुने। |
| १.२.३.३ | राजस्व व्यवस्थापनमा गरेको प्रयासको अध्ययन गरी सुधारका उपायहरू सुझाउने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | शोध अनुसन्धानमूलक निकायहरू | सालबसाली रूपमा निरन्तर | सुझाव सिफारिस भएको हुने। |
| कार्यनीति १.२.४: विद्यमान राजस्व बाँडफाँटका आधारहरू विस्तार गर्दै न्यूनतम राजस्व बाँडफाँटको आधार समेत सूत्रवद्ध तरिकाले निर्धारण गरिनेछ | | | | | | |
| १.२.४.१ | विद्यमान राजस्व बाँडफाँटका आधारहरूको विस्तारका सम्बन्धमा अध्ययन गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | शोध अनुसन्धानमूलक निकायहरू | तेस्रो वर्षभित्र | राजस्व बाँडफाँटका आधारहरूको विस्तारका सम्बन्धमा अध्ययन प्रतिवेदन प्राप्त हुने। |
| १.२.४.२ | न्यूनतम राजस्व बाँडफाँट सूत्रवद्ध गर्ने सम्बन्धमा अध्ययन गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | शोध अनुसन्धानमूलक निकायहरू | तेस्रो वर्षभित्र | न्यूनतम राजस्व बाँडफाँट सूत्रवद्ध हुने। |
| कार्यनीति १.२.५: प्रत्येक पाँच वर्षमा राजस्व बाँडफाँटको आधार र ढाँचामा पुनरावलोकन गरिनेछ। | | | | | | |

| क्र.स. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| १.२.५.१ | राजस्व बाँडफाँटको विस्तृत आधार र ढाँचा पुनरावलोकनको लागि तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गर्ने। | नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा/ तथ्याङ्क विश्लेषण शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | शोध अनुसन्धानमूलक निकायहरू | दोस्रो वर्षभित्र | तथ्याङ्क व्यवस्थापन प्रणाली विकास हुने। |
| १.२.५.२ | राजस्व बाँडफाँटका आधार र ढाँचामा आवधिक पुनरावलोकन गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपाल नगरपालिका सङ्घ, विज्ञहरू | तेस्रो वर्षभित्र | पुनरावलोकनको खाका तयार हुने। |
| **रणनीति १.३: सङ्घीय इकाईहरूबीच आत्मनिर्भरता र विकासमा प्रतिस्पर्धा प्रवर्द्धन गर्ने गरी राजस्व बाँडफाँटको सिफारिस गरिने छ।** | | | | | | |
| कार्यनीति १.३.१: प्रदेश र स्थानीय तहले आफ्नो स्रोतबाट उठाएको राजस्व तथा राजस्व बाँडफाँटबाट प्राप्त रकमबाटै प्रशासनिक खर्च व्यहोर्ने गरे/नगरेको सम्बन्धमा अध्ययन गरी अनुपालन संयन्त्र (compliance mechanism) लाई समेत कार्यसम्पादन सूचकको आधार बनाइनेछ। | | | | | | |
| १.३.१.१ | प्रदेश तथा स्थानीय तहले आन्तरिक स्रोत र राजस्व बाँडफाँटबाट व्यहोरेको प्रशासनिक एवं सञ्चालन खर्चको अनुपात अध्ययन गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय तह | शोध अनुसन्धानमूलक तथा विकास संस्थाहरू | प्रत्येक वर्ष | राजस्व बाँडफाँटको सिफारिस गर्न सहयोग पुग्ने। |
| १.३.१.२ | प्रदेश तथा स्थानीय तहको प्रशासनिक र सञ्चालन खर्च राजस्व बाँडफाँट र आन्तरिक स्रोतबाट व्यवस्थापन गर्दा अपनाउनु पर्ने मितव्ययितताका उपायहरु सुझाउने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय तह | अर्थ मन्त्रालय | वार्षिक रूपमा | आयोगको सिफारिस दस्तावेज |
| १.३.१.३ | प्रदेश तथा स्थानीय तहले आन्तरिक राजस्व र राजस्व बाँडफाँटको रकम कानून बमोजिम खर्च गर्ने कार्यलाई प्रोत्साहित गर्न उपयुक्त अनुपालन संयन्त्रको अध्ययन गरी सुझाव दिने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय तह | वित्तीय व्यवस्थापन महाशाखा | वार्षिक रूपमा | आयोगको सिफारिस दस्तावेज |

| क्र.स. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| कार्यनीति १.३.२: सबै तहका सरकारका सालवसाली आर्थिक ऐन र बजेटको अध्ययन विश्लेषण गरी सुधारको लागि सुझाव उपलब्ध गराइने छ। | | | | | | |
| १.३.२.१ | तीनै तहका सरकारहरूका सालवसाली आर्थिक ऐन र बजेट वक्तव्यको अध्ययन तथा विश्लेषण गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | अर्थ मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | शोध अनुसन्धानमूलक निकायहरू | पहिलो वर्षभित्र | अध्ययन प्रतिवेदन। |
| १.३.२.२ | अध्ययनबाट प्राप्त निष्कर्ष एवं सरोकारवालाहरूको पृष्ठपोषण समेतका आधारमा राजस्व नीतिमा गर्नुपर्ने सुधार सम्बन्धमा सिफारिस गर्ने। | आयोग | अर्थ मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा | पहिलो वर्षभित्र | प्रतिवेदन प्राप्त भई सुझाव प्रदान गरिएको हुने। |
| कार्यनीति १.३.३: अन्तरप्रदेश र अन्तरपालिका स्वस्थ प्रतिस्पर्धाद्वारा कार्यदक्षतापूर्ण राजस्व सङ्कलन, लागत-प्रभावकारी हुने क्रियाकलापमा स्रोत परिचालन र गुणस्तरीय सेवा प्रवाह तथा असल अभ्यासलाई प्रोत्साहन गर्न पारस्परिक अध्ययन र सिकाइमा आयोगले भूमिका निर्वाह गर्नेछ। | | | | | | |
| १.३.३.१ | स्रोत परिचालनमा अन्तरपालिका र अन्तर प्रदेश कार्यदक्षताको तुलनात्मक अध्ययन गरी स्रोत सङ्कलनमा उत्तम अभ्यासको पहिचान गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय सरकार | अर्थ मन्त्रालय, | निरन्तर | उत्तम अभ्यासहरू पहिचान भएको हुने। |
| १.३.३.२ | प्रदेश तथा स्थानीय तहबाट प्रतिनिधिमूलक नमूना छनौट गरी सङ्कलित राजस्वको उपयोगमा लागत-प्रभावकारिता तथा गुणस्तरीय सेवा प्रवाहको अवस्थाको अध्ययन गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय तह | गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपाल नगरपालिका सङ्घ, शोध तथा अनुसन्धानमूलक निकायहरू | निरन्तर | अध्ययन प्रतिवेदन प्राप्त भई राजस्व रकमको उपयोगमा गुणस्तरीयता र लागत-प्रभावकारिताको जानकारी प्राप्त हुने। |
| १.३.३.३ | असल अभ्यासलाई प्रोत्साहन गर्न पारस्परिक अनुगमन र सिकाइलाई प्रोत्साहित गर्न संयोजनकारी भूमिका खेल्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय तहहरू | गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपाल नगरपालिका सङ्घ | निरन्तर | असल अभ्यास थप निकायमा विस्तार भएको हुने। |
| **रणनीति १.४:** सङ्घ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पुरा गर्ने र राजस्व असुलीमा सुधार गर्नु पर्ने उपायहरूको सिफारिस गरिनेछ। । | | | | | | |

| क्र.स. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| कार्यनीति १.४.१: सबै किसिमका आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने सम्बन्धमा आवश्यक अध्ययन गरी सबै तहका सरकारहरूलाई उत्प्रेरित गरिनेछ। | | | | | | |
| १.४.१.१ | छाँया अर्थतन्त्र तथा अनौपचारिक क्षेत्रलाई औपचारिक अर्थतन्त्रमा समावेश गर्न तीनै तहका सरकारलाई सुझाव दिने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, | केन्द्रीय तथ्याङ्क विभाग | वार्षिक रूपमा | आयोगका सिफारिस दस्तावेज |
| १.४.१.२ | सामाजिक उत्तरदायित्व र कर तिर्ने प्रवृत्तिमा सुधार ल्याउने खालका कार्यक्रम सञ्चालन गर्न तीनै तहका सरकारलाई सुझाव दिने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह | सञ्चार माध्यम, लेखापरीक्षण संस्था र सामुदायिक संस्थाहरू | वार्षिक रूपमा | आयोगका सिफारिस दस्तावेज |
| कार्यनीति १.४.२: राजस्व असूलीमा उल्लेख्य प्रगति गरेका प्रदेश र स्थानीय तहको स्थलगत अवलोकन गरी असल अभ्यासहरू अनुकरणको लागि पारस्परिक सिकाइको ढाँचा सिफारिस गरिनेछ। | | | | | | |
| १.४.२.१ | तुलनात्मक रूपमा उच्च राजस्व असूली गरेका प्रदेश र स्थानीय तहको तथ्याङ्क सङ्कलन गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय तहहरू, तथ्याङ्क विश्लेषण शाखा | महालेखा नियन्त्रकको कार्यालय, केन्द्रीय तथ्याङ्क विभाग | वार्षिक रूपमा | तथ्याङ्क सहितको प्रतिवेदन प्राप्त हुने। |
| १.४.२.२ | स्थलगत अवलोकनको निष्कर्ष समेतका आधारमा राजस्व असूलीमा गर्न सकिने सुधार सम्बन्धमा पारस्परिक सिकाइको ढाँचा सिफारिस गर्ने। | आयोग | प्रदेश सरकार, स्थानीय तह | गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपाल नगरपालिका सङ्घ | वार्षिक रूपमा | सुझावको खाका तयार हुने। |
| कार्यनीति १.४.३: उत्पादन, लगानी र व्यवसायलाई प्रेरित गर्ने करदातामैत्री प्रगतिशील कर प्रणाली स्थापित गर्ने नीतिको अवलम्बन गर्न आवश्यक सुझाव दिइनेछ। | | | | | | |
| १.४.३.१ | उत्पादन, लगानी, व्यवसाय, एवं उद्यमशीलता प्रवर्द्धन गर्ने खालका कर नीति अवलम्वन गर्न आवश्यक अध्ययन गरी सुझाव दिने। | आयोग, वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय तह | अर्थ मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | वार्षिक रूपमा | सुझाव तयार भएको हुने। |
| १.४.३.२ | करदातामैत्री कर प्रशासन सञ्चालन गर्ने उपायहरू सुझाउने। | आयोग, वित्तीय व्यवस्थापन महाशाखा/राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय तह | अर्थ मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | वार्षिक रूपमा | सुझाव तयार भएको हुने |

| क्र.स. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| कार्यनीति १.४.४: राजस्व असूलीमा गर्नुपर्ने सुधार एवं आन्तरिक स्रोत परिचालनमा दक्षता हासिल गर्न सङ्घ प्रदेश र स्थानीय तहलाई प्रोत्साहित गर्दै कार्यसम्पादनमा आधारित राजस्व बाँडफाँट प्रणाली स्थापना गरिनेछ। | | | | | | |
| १.४.४.१ | राजस्व असूलीमा गर्नुपर्ने सुधार एवं आन्तरिक स्रोत परिचालनमा दक्षता हासिल गर्न सङ्घ प्रदेश र स्थानीय तहलाई प्रोत्साहित गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/ राजस्व बाँडफाँट शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | विज्ञहरू, शोध तथा अनुसन्धानमूलक संस्थाहरू | निरन्तर | राजस्व असूलीमा सुधार र आन्तरिक स्रोत परिचालनमा दक्षता हासिल भएको हुने। |
| १.४.४.२ | कार्यसम्पादनमा आधारित राजस्व बाँडफाँट प्रणाली स्थापना गर्ने। | आयोग, वित्तीय व्यवस्थापन महाशाखा/ राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय तह | अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय | तेस्रो वर्षदेखि | आयोगका सिफारिस सम्बन्धी दस्तावेज |
| कार्यनीति १.४.५: विश्व कर प्रणालीमा प्रयोग भएका नवीनतम विधि, अभ्यास र उपकरणको प्रयोग गरी कर प्रणालीको आधुनिकीकरण गर्न सम्बन्धित निकायहरूसँग समन्वय सहकार्य तथा अध्ययन गरी सुझाव दिइनेछ। | | | | | | |
| १.४.५.१ | कर प्रणालीको आधुनिकीकरणका लागि प्रयोगमा आएका विश्वका नवीनतम प्रणाली, विधि र उपकरणको अध्ययन गरी सुझाव दिने। | वित्तीय व्यवस्थापन महाशाखा/ राजस्व बाँडफाँट शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार | नीति अनुसन्धान प्रतिष्ठान, शोध तथा अनुसन्धानमूलक संस्था, विश्वविद्यालय | | नवीनतम करप्रणालीका उपकरणहरूबारे सुझाव दिइएको हुने। |
| कार्यनीति १.४.६: संविधानका अनुसूचीहरूमा तोकिएबमोजिमका कार्यसम्पादन गर्न गराउनका लागि तीनै तहका सङ्घीय इकाईहरूले आ-आफ्ना खर्च जिम्मेवारी पूरा गर्न गराउन र आ-आफ्ना क्षेत्राधिकारभित्रका विषयमा राजस्व असूली एवं परिचालनमा सुधार ल्याउन आवश्यक सहजीकरण गरिनेछ। | | | | | | |
| १.४.६.१ | तीनै तहका सङ्घीय इकाईहरूले आ-आफ्ना खर्च जिम्मेवारी पूरा गर्न गराउन र आ-आफ्ना क्षेत्राधिकारभित्रका विषयमा राजस्व असूली एवं परिचालनमा सुधार ल्याउने उपायहरूको पहिचान गरी आवश्यक सहजीकरण गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/ राजस्व बाँडफाँट शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | शोध अनुसन्धानमूलक संस्थाहरू, नीति अनुसन्धान प्रतिष्ठान, गाउँ पालिका राष्ट्रिय महासङ्घ, नेपाल नगरपालिका सङ्घ | चौथो वर्ष | अध्ययनको निष्कर्षका आधारमा सहजीकरण भएको हुने। |
| कार्यनीति १.४.७: प्रदेश र स्थानीय तहले राजस्व उठाउन सक्ने सम्भाव्यता, सम्भाव्य राजस्व सङ्कलनको लागि संस्थागत क्षमता, करको दायरा विस्तारको सम्भावना, प्रयोगमा ल्याइएका करका दरहरू र राजस्व सङ्कलनको कूल आकारको विश्लेषण गरी सुधारका लागि संस्थागत, नीतिगत र कार्यविधिगत उपायहरू सिफारिस गरिनेछ। | | | | | | |

| क्र.स. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| १.४.७.१ | प्रदेश र स्थानीय तहले राजस्व उठाउन सक्ने सम्भाव्यता, सम्भाव्य राजस्व सङ्कलनको लागि संस्थागत क्षमता, करको दायरा विस्तारको सम्भावना, प्रयोगमा ल्याइएका करका दरहरू र राजस्व सङ्कलनको कूल आकारको अध्ययन तथा विश्लेषण गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/ राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय तह | अर्थ मन्त्रालय, शोध अनुसन्धानमूलक संस्थाहरू, नीति अनुसन्धान प्रतिष्ठान, विश्वविद्यालयहरू | चौथो वर्ष | अध्ययनको प्रतिवेदन प्राप्त भएको हुने। |
| १.४.७.२ | प्रदेश र स्थानीय तहको प्रभावकारी राजस्व व्यवस्थापनका लागि संस्थागत, नीतिगत र कार्यविधिगत सुधारका उपायहरू तथा सुझावहरू सिफारिस गर्ने। | आयोग | प्रदेश सरकार, स्थानीय तह | अर्थ मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, शोध अनुसन्धानमूलक संस्थाहरू | पाँचौं वर्ष | अध्ययनको निष्कर्षका आधारमा सिफारिस भएको हुने। |
| **रणनीति १.५: समष्टिगत आर्थिक, सामाजिक तथा वित्तीय परिसूचकहरुको निरन्तर अध्ययन, अनुसन्धान र विश्लेषण गरी राजस्व बाँडफाँटका विस्तृत आधार र ढाँचा निर्धारणमा परिमार्जन गरिनेछ।** | | | | | | |
| कार्यनीति १.५.१: राजस्व बाडँफाँटको आधार र ढाँचा निर्धारण सम्बन्धी संवैधानिक र कानुनी क्षेत्राधिकारको अध्ययन विश्लेषण गरिनेछ। | | | | | | |
| १.५.१.१ | राजस्व बाँडफाँट सम्बन्धमा विद्यमान संवैधानिक एवं कानूनी व्यवस्थाको अध्ययन गरी राजस्व बाँडफाँटका आधार र ढाँचाको पुनरावलोकन गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/ राजस्व बाँडफाँट शाखा | नीति अनुसन्धान प्रतिष्ठान, शोध तथा अनुसन्धानमूलक संस्था, श्वविद्यालयहरू | संसदीय समितिहरू | पाचौं वर्ष भित्र | राजस्व बाँडफाँटका आधार र ढाँचाको पुनरावलोकन भएको हुने। |
| कार्यनीति १.५.२: प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता, राजस्व सङ्कलनमा गरेको प्रयास र सो बाट प्रदेश तथा पालिकामा पुगेको योगदानलाई समेत अध्ययन गरी राजस्व बाँडफाँटका विस्तृत आधार र ढाँचामा आवश्यक परिमार्जन गरिनेछ। | | | | | | |
| १.५.२.१ | प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता, तत्तत् निकायले राजस्व सङ्कलनमा गरेको प्रयास र सो बाट खर्च व्यवस्थापनमा पुगेको योगदानको अध्ययन गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/ राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय तह | शोध अनुसन्धानमूलक संस्थाहरू, नीति अनुसन्धान प्रतिष्ठान | तेस्रो वर्ष | अध्ययन भएको हुने। |

| क्र.स. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| १.५.२.२ | प्रदेश र स्थानीय तहको खर्च व्यवस्थापनको आधारमा राजस्व बाँडफाँटका विस्तृत आधार र ढाँचामा आवश्यक परिमार्जन गर्ने। | आयोग | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, | महालेखा नियन्त्रकको कार्यालय | चौथो वर्ष | राजस्व बाँडफाँटका आधार र ढाँचामा परिमार्जन भएको हुने। |
| कार्यनीति १.५.३: स्थानीय तह एवं प्रदेशहरूबाट आर्थिक, सामाजिक, एवं पूर्वाधार विकासको अवस्थाको खण्डीकृत तथ्याङ्क प्राप्त गर्न केन्द्रीय तथ्याङ्क विभागसँग आवश्यक समन्वय गरी सम्बन्धित निकायका सूचना व्यवस्थापन प्रणालीहरूलाई आयोगको सूचना व्यवस्थापन प्रणालीसँग उपयुक्त प्रोटोकलमा आवद्ध गरिनेछ। | | | | | | |
| १.५.३.१ | स्थानीय तह एवं प्रदेशहरूलाई आर्थिक, सामाजिक, एवं पूर्वाधार विकासको अवस्थाको खण्डीकृत तथ्याङ्क निर्माण गर्न नमूना ढाँचा (template) तयार गरी सिफारिस गर्ने। | प्रदेश सरकार, स्थानीय तह | प्रदेश सरकार स्थानीय सरकार केन्द्रीय तथ्याङ्क विभाग | विषयगत मन्त्रालयहरू | निरन्तर | खण्डीकृत तथ्याङ्क सङ्कलन प्रारम्भ भएको हुने। |
| १.५.३.२ | विश्वसनीय, वास्तविक समयको (real time), एवम् गुणस्तरीय तथ्याङ्क प्राप्त गर्ने गरी व्यवस्थापन सूचना प्रणालीमा अन्तरआवद्धता स्थापित गर्ने। | नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा/ तथ्याङ्क विश्लेषण शाखा | केन्द्रीय तथ्याङ्क विभाग, सूचना प्रविधि विभाग, राष्ट्रिय सूचना प्रविधि केन्द्र | अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय | निरन्तर | व्यवस्थापन सूचना प्रणालीहरूमा अन्तर-आवद्धता स्थापित हुने। |
| कार्यनीति १.५.४: राजस्व बाँडफाँटका आधार र ढाँचा सम्बन्धमा नवीनतम अवधारणा र अन्तराष्ट्रिय अभ्यासहरु समेतको अध्ययन र विश्लेषण गरी विद्यमान व्यवस्था पुनरावलोकन, परिमार्जन र निर्धारण गर्न नेपाल सरकारमा सिफारिस गरिनेछ। | | | | | | |
| १.५.४.१ | राजस्व बाँडफाँटका आधार र ढाँचा सम्बन्धमा अध्ययन गरी प्राप्त निष्कर्ष र पृष्ठपोषणका आधारमा नेपाल सरकारमा सिफारिस गर्ने। | आयोग | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | शोध अनुसन्धानमूलक संस्थाहरू, नीति अनुसन्धान प्रतिष्ठान | पाँचौ वर्षभित्र | आयोगको सिफारिस सम्बन्धी दस्तावेज |
| कार्यनीति १.५.५: प्रदेश र स्थानीय तहले राजस्व परिचालनमा गरेको प्रयासलाई समेत आधार लिई राजस्व बाँडफाँटको सिफारिस गरिनेछ। | | | | | | |
| १.५.५.१ | प्रदेश तथा स्थानीय तहले राजस्व परिचालनमा गरेको प्रयासको अध्ययन गरी | आयोग, वित्तीय व्यवस्थापन महाशाखा/ राजस्व बाँडफाँट शाखा | प्रदेश सरकार, स्थानीय तह | अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय | वार्षिक रूपमा | आयोगका सिफारिस सम्बन्धी दस्तावेज |

| क्र.स. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | त्यस्ता प्रयासलाई एउटा सूचकको रूपमा लिई राजस्व बाँडफाँटको सिफारिस गर्ने । | | | | | |

***उद्देश्य नं. २: संवैधानिक जिम्मेवारी बमोजिमका कार्यसम्पादन गर्न प्रदेश र स्थानीय तहको लागि खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदानको परिमाण सिफारिस गर्ने र राष्टिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्थाका आधारमा प्रदेश तथा स्थानीय सरकारलाई उपलब्ध गराउने सशर्त अनुदानको वस्तुनिष्ठ आधार तयार गर्ने।***

यस उद्देश्य अन्तर्गत ४ वटा रणनीति ३८ कार्यनीति र १३२ क्रियाकलापहरू निर्धारण गरिएका छन्।

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| रणनीति २.१: खर्चको आवश्यकता र राजस्वको क्षमताबीचको वित्तीय अन्तर (Fiscal Gap) को स्तरीकृत र विश्वसनीय गणना गरी वित्तीय समता (Fiscal Equity) को माध्यमबाट लम्बीय र अनुप्रस्थ (vertical and horizontal) समता हासिल गर्न सक्षम बनाउने उपायहरूको पहिचान गरिनेछ। | | | | | | |
| कार्यनीति २.१.१: प्रदेश तथा स्थानीय तहमा प्रतिस्पर्धात्मक क्षमता, वातावरणीय दीगोपना र सामाजिक समावेशितामा योगदान पुऱ्याउने पूर्वाधार विकासका महत्वपूर्ण सूचकहरू पहिचान गर्ने, विश्लेषण गर्ने र तदनुरूप आवश्यक खर्चको गणना गर्ने गराइने छ। | | | | | | |
| २.१.१.१ | प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिका लागि प्रदेश तथा स्थानीय तहहरूको यातायात, सञ्चार, जलविद्युत, खानेपानी, शौचालय जस्ता पूर्वाधारहरूको दीगो विकासका योजनाहरूको तुलनात्मक अध्ययन गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | विषयगत मन्त्रालयहरू, शोध अनुसन्धानमूलक संस्थाहरू | दोस्रो वर्ष | प्रदेश तथा स्थानीय तहहरूको पूर्वाधार विकासका लागि तयार पारिएको दीर्घकालीन योजना, खर्चको अवश्यकता तथा वातावरणीय र आर्थिक दीगोपनाका रणनीतिहरूको अध्ययन प्रतिवेदन। |
| २.१.१.२ | सातवटै प्रदेश तथा सबै पालिकाहरूले दीगो विकास र सामाजिक समावेशिता प्रवर्द्धन गर्ने गरी सञ्चालन गरेका सिर्जनात्मक कार्यहरू, कानूनी प्रवन्धहरू र नमूना कार्यक्रमहरुको सूचना तथा तथ्याङ्क सङ्कलन गरी विश्लेषण गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | विषयगत मन्त्रालयहरू, शोध अनुसन्धानमूलक संस्थाहरू | प्रत्येक तीन वर्षमा | दीगो विकासका लागि सबै पालिका तथा प्रदेशहरुले गरेका काम तथा नमूना कार्यक्रमहरूको विवरण प्राप्त भएको हुने । |
| २.१.१.३ | सबै प्रदेश तथा स्थानीय तहको साधारण र पूँजीगत खर्च सहितको बजेटको अवस्थाका सम्बन्धमा प्रवृत्ति विश्लेषण (trend analysis) सहित वजेटको विस्तृत अध्ययन गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | विषयगत मन्त्रालयहरू, शोध अनुसन्धानमूलक संस्थाहरू | पाँचौ वर्ष | प्रदेश तथा स्थानीय तहको खर्चको प्रवृत्ति विश्लेषण भएको अध्ययन प्रतिवेदन प्राप्त भई आयोगको सिफारिसमा सहयोग पुग्ने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| कार्यनीति २.१.२: नेपालको संविधानका अनुसूचीहरूमा प्रदेश तथा स्थानीय तहका लागि निर्दिष्ट कार्यहरूको राष्ट्रिय मापदण्ड र लक्ष्य समेतको अध्ययन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारसँग आयोगको समन्वय र सहयोगमा गरी खर्चको गणना गरिनेछ। | | | | | | |
| २.१.२.१ | संविधानको अनुसूचीमा निर्दिष्ट अधिकार र जिम्मेवारी बमोजिमका कार्यहरू सम्पादन गर्न नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले निर्धारण गरेका मापदण्ड र लक्ष्यहरूको अध्ययन गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | विषयगत मन्त्रालयहरू, शोध अनुसन्धानमूलक संस्थाहरू | दोस्रो वर्ष | संविधान प्रदत्त अधिकार र जिम्मेवारी बमोजिमका कार्य सम्पादनका लक्ष्यहरूको एकीकृत दस्तावेज बन्ने। |
| २.१.२.२ | संविधानको अनुसूचीमा निर्दिष्ट कार्यहरू सम्पादन गर्न नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले सम्पादन गर्नुपर्ने कार्यहरूको राष्ट्रिय मापदण्डको आधारमा आवश्यक खर्चको गणना गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | विषयगत मन्त्रालयहरू, शोध अनुसन्धानमूलक संस्थाहरू | तेस्रो वर्ष | सार्वजनिक सेवा र कार्यको राष्ट्रिय मापदण्ड बमोजिक खर्च गणना भएको हुने। |
| कार्यनीति २.१.३: प्रदेश र स्थानीय तहबीचको विषमता समेतलाई ध्यानमा राखी अन्य प्रदेश र स्थानीय तहको सन्तुलित विकासको अवस्थासँग औसत स्तरमा ल्याउन चाहिने खर्चको आवश्यकता यकिन गरिनेछ। | | | | | | |
| २.१.३.१ | सङ्घीय सरकारको राष्ट्रिय लक्ष्य, दीगो विकास लक्ष्य र पञ्चवर्षीय योजनासँग मेल खाने गरी प्रदेश र स्थानीय तहले निर्माण गरेको आवधिक योजना र मध्यकालीन खर्च संरचनाको तुलनात्मक अध्ययन गर्ने गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | विषयगत मन्त्रालयहरू, शोध अनुसन्धानमूलक संस्थाहरू | पहिलो र दोस्रो वर्ष | राष्ट्रिय लक्ष्य, दीगो विकास लक्ष्य र पञ्चवर्षीय योजनासँग मेल खाने गरी प्रदेश र स्थानीय तहले निर्माण गरेको आवधिक योजना तथा मध्यकालीन खर्च संरचनाको अध्ययन प्रतिवेदन प्राप्त भएको हुने। |
| २.१.३.२ | प्रदेश र स्थानीय तहबाट भएको खर्चबाट हुन सक्ने रोजगारी सृजना, गरिबी निवारण, साक्षरता दरमा वृद्धि र औषत आयुमा भएको | वित्तीय व्यवस्थापन महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | विषयगत मन्त्रालयहरू, शोध अनुसन्धानमूलक संस्थाहरू | पहिलो र दोस्रो वर्ष | प्रदेश र स्थानीय तहबाट भएको खर्चबाट रोजगारी सिर्जना, गरिबी निवारण, साक्षरता दरमा वृद्धि र औषत आयुमा भएको वृद्धिको |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | वृद्धिको अवस्थाको सम्बन्धमा अध्ययन तथा विश्लेषण गर्ने । | | | | | अवस्थाको अध्ययन तथा विश्लेषण प्रतिवेदन प्राप्त भएको हुने । |
| २.१.३.३ | प्रदेश तथा स्थानीय तहबीच अनुप्रस्थ विषमता (horizontal disparity) का क्षेत्रहरू पहिचान गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | विषयगत मन्त्रालयहरू, शोध अनुसन्धानमूलक संस्थाहरू | दोस्रो वर्ष | विषमताका क्षेत्रहरू पहिचान भएको हुने। |
| २.१.३.४ | प्रदेश तथा स्थानीय तहबीच अनुप्रस्थ विषमता (horizontal disparity) का क्षेत्रहरूलाई राष्ट्रिय औसत प्रादेशिक औसत र तहगत औसतमा ल्याउन आवश्यक लगानीको गणना गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | केन्द्रीय तथ्याङ्क विभाग, विषयगत मन्त्रालयहरू, शोध अनुसन्धानमूलक संस्थाहरू | दोस्रो र तेस्रो वर्ष | प्रदेश र स्थानीय तहले सम्पादन गर्ने कार्य र उपलब्ध गराउने सेवा औसत स्तरमा पुऱ्याउन आवश्यक खर्चको गणना भएको हुने। |
| कार्यनीति २.१.४: प्रदेश तथा स्थानीय तहबाट प्रदान गरिने सेवाको गुणस्तरीयता र स्तरीयतासँग खर्चको आवश्यकतालाई आवद्ध गरी समानीकरण अनुदान सिफारिसको आधार र ढाँचा पुनरावलोकन गरिनेछ। | | | | | | |
| २.१.४.१ | वित्तीय समानीकरण अनुदानको प्रयोजनका लागि प्रदेश र स्थानीय तहबाट प्रदान गरिने सेवाको गुणस्तर र मापदण्डको परिभाषा गरिनेछ। | आयोग | नेपाल सरकारका विषयगत मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | विषय विज्ञहरू | पहिलो वर्ष | सेवाको गुणस्तर र मापदण्ड परिभाषित भएको हुने। |
| २.१.४.२ | प्रदेश तथा स्थानीय तहबाट प्रदान गरिने सेवाको गुणस्तरीयता र स्तरीयतासँग खर्चको आवश्यकतालाई आवद्ध गर्ने गरी समानीकरण अनुदान सिफारिसको आधार र ढाँचा पुनरावलोकन गरिनेछ। | आयोग/ वित्तीय व्यवस्थापन महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | शोध अनुसन्धानमूलक संस्थाहरू, विषय विज्ञहरू | प्रथम वर्ष | समानीकरण अनुदान सिफारिसको आधार र ढाँचा पुनरावलोकन भएको हुने । |
| कार्यनीति २.१.५: प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र खर्च गर्ने क्षमताबीचको अन्तर पहिचान गरी संस्थागत क्षमता विकासबाट वित्तीय अनुशासन कायम गरी खर्च गर्ने क्षमता बृद्धि गर्न सकिने उपायहरूको पहिचान गरी सिफारिस गरिनेछ। | | | | | | |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| २.१.५.१ | प्रदेश र स्थानीयतहबाट स्वीकृत अनुमानित बजेट तथा कार्यक्रम र यथार्थ खर्च बीचको तुलना गरी खर्चको आवश्यकता र खर्च गर्ने क्षमताको अन्तर अध्ययन गर्ने । | वित्तीय व्यवस्थापन महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | शोध अनुसन्धानमूलक संस्थाहरू | प्रथम वर्ष | प्रदेश र स्थानीयतहको खर्चको आवश्यकता र खर्च गर्ने क्षमताको अन्तर अध्ययन प्रतिवेदन प्राप्त भएको हुने। |
| २.१.५.२ | संस्थागत एवं मानव संसाधन क्षमताको विकासद्वारा वित्तीय अनुशासन कायम गर्दै खर्च गर्ने क्षमतामा वृद्धि गर्न प्रदेश र स्थानीय तहलाई सुझाव दिने। | वित्तीय व्यवस्थापन महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | सङ्घीय मामिला तथा सा.प्र. मन्त्रालय, राष्ट्रिय योजना आयोग | दोस्रो वर्ष | खर्चको क्षमता बढाउन उपयुक्त सुझाव दिइएको हुने।<br>वित्तीय अनुशासनमा सुधार भएको म.ले.प. प्रतिवेदनहरूमा झल्किने। |
| कार्यनीति २.१.६: प्रत्येक प्रदेश र स्थानीय तहका राजस्वका दरहरू, राजस्वको दायरा समेतका आधारमा राजस्वको अवस्था र राजस्व उठाउन सक्ने क्षमताको अध्ययन एवं पहिचान गरी खर्चको आवश्यकता सँगको वित्तीय अन्तर निर्धारण गरिनेछ। | | | | | | |
| २.१.६.१ | प्रदेश र स्थानीय तहका राजस्वका दर र दायराको अध्ययन गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | अनुसन्धानमूलक संस्थाहरू | निरन्तर | प्रदेश र स्थानीय तहका राजस्वका दर र दायराको अध्ययन प्रतिवेदन प्राप्त भएको हुने। |
| २.१.६.२ | प्रदेश र स्थानीय तहका राजस्वका दर र दायराको महत्तम प्रयोग गरी राजस्व सङ्कलनमा बृद्धि गर्ने उपायहरू पहिचान गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | अनुसन्धानमूलक संस्थाहरू, विज्ञहरू | निरन्तर | राजस्व सङ्कलनमा बृद्धि गर्ने उपायहरू पहिचान भएको हुने। |
| २.१.६.३ | प्रदेश र स्थानीय तहका राजस्वका दर र दायराको महत्तम प्रयोग गरी उच्चतम राजस्व सङ्कलन गर्न आवश्यक संस्थागत क्षमता विकासका उपायहरू पहिचान गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | अनुसन्धानमूलक संस्थाहरू, विज्ञहरू | तेस्रो वर्ष | संस्थागत क्षमता विकासका उपायहरू पहिचान भएको हुने। |
| २.१.६.४ | प्रदेश र स्थानीय तहको क्षमता विकासबाट महत्तम राजस्व सङ्कलनका उपायहरू सिफारिस गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | सङ्घीय मा. तथा सा.प्र. मन्त्रालय, | दोस्रो वर्ष | महत्तम राजस्व सङ्कलनका उपायहरू सिफारिस भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | | अनुसन्धानमूलक संस्थाहरू, विज्ञहरू | | |
| २.१.६.५ | प्रदेश र स्थानीय तहको उच्चतम सम्भाव्य राजस्व सङ्कलन र खर्चको आवश्यकताबीचको अन्तर निर्धारण गर्ने। | आयोग, वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | अनुसन्धानमूलक संस्थाहरू, विज्ञहरू | तेस्रो वर्ष | राजस्व सङ्कलन र खर्चको आवश्यकताबीचको अन्तर निर्धारण भएको हुने। |
| कार्यनीति २.१.७: प्रत्येक प्रदेश तथा स्थानीय तहबाट सङ्कलन हुने राजस्वले खाम्न सक्ने चालू प्रकृतिका खर्चको हिस्सा यकिन गराई सो को स्तरीकरणका लागि सुझाव दिइनेछ। | | | | | | |
| २.१.७.१ | प्रदेश तथा स्थानीय तहबाट सङ्कलन हुने आन्तरिक राजस्वबाट खाम्ने प्रशासनिक खर्चको हिस्साको अध्ययन गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | अनुसन्धानमूलक संस्थाहरू, विज्ञहरू | दोस्रो वर्ष | प्रदेश तथा स्थानीय तहबाट सङ्कलन हुने आन्तरिक राजस्वले धान्ने प्रशासनिक खर्चको हिस्साको अध्ययन प्रतिवेदन प्राप्त हुने। |
| २.१.७.२ | आन्तरिक राजस्व प्रशासनिक खर्चको तुलनामा न्यून भएका प्रदेश तथा स्थानीय तहको लागि राजस्व क्षमता अभिवृद्धिका राजस्व प्रशासनमा स्तरीकरणका उपायहरू सुझाउने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | अनुसन्धानमूलक संस्थाहरू, विज्ञहरू | निरन्तर | आन्तरिक राजस्वले खाम्ने प्रशासनिक खर्चको हिस्सा बढ्दै गएको हुने। |
| २.१.७.३ | आन्तरिक राजस्वले प्रशासनिक खर्च धान्ने करको दायरा र कराधार नभएको वस्तुनिष्ठ आधार देखिएका सङ्घीय इकाईहरूमा राजस्व बाँडफाँटको हिस्सा बढाउने गरी सिफारिस गर्ने। | आयोग, वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | अनुसन्धानमूलक संस्थाहरू, विज्ञहरू | निरन्तर | आन्तरिक राजस्व र राजस्व बाँडफाँटको सन्तुलनमा थप सुधार भएको हुने। |
| कार्यनीति २.१.८: खर्चको आवश्यकता र राजस्वको क्षमताबीचको वित्तीय अन्तर (fiscal gap) को गणना वैज्ञानिक, वस्तुनिष्ठ र राष्ट्रिय मापदण्ड बमोजिमको बनाउन सम्बन्धित विषयगत निकाय र सङ्घीय इकाईहरूबीच समन्वय र सहकार्य गरिनेछ। | | | | | | |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| २.१.८.१ | सम्बन्धित प्रदेश र स्थानीय तहको जनसङ्ख्या, पूर्वाधार विकास, गरीवी, मानव विकास सूचकाङ्क, आर्थिक सामाजिक असमानता र खर्च गर्न सक्ने क्षमता लगायतका विषयको तुलनात्मक अध्ययन गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | अनुसन्धानमूलक संस्थाहरू, विज्ञहरू, नीति अनुसन्धान प्रतिष्ठान, विश्वविद्यालयहरू | दोस्रो वर्ष | तुलनात्मक अध्ययन प्रतिवेदन प्राप्त भएको हुने गर्ने। |
| २.१.८.२ | प्रदेश र स्थानीय तहको कराधार, करका दरहरू, कर सङ्कलन गर्ने संस्थागत क्षमता, कर सङ्कलनको प्रक्षेपण र यथार्थ राजस्व सङ्कलनको तुलनात्मक अध्ययन गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | अर्थ मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | अनुसन्धानमूलक संस्थाहरू, विज्ञहरू, म.ले.नि.का., विश्वविद्यालयहरू | दोस्रो वर्ष | कराधार, करको प्रक्षेपण र यथार्थ राजस्व सङ्कलनको तुलनात्मक अध्ययन प्रतिवेदन प्राप्त भएको हुने। |
| २.१.८.३ | खर्चको आवश्यकता सम्बन्धित अध्ययन प्रतिवेदन र राजस्वको क्षमता सम्बन्धित अध्ययन प्रतिवेदनका आधारमा खर्चको आवश्यकता र राजस्वको क्षमताबीचको वित्तीय अन्तर (fiscal gap) को गणना वैज्ञानिक, वस्तुनिष्ठ र राष्ट्रिय मापदण्ड बमोजिमको बनाउने । | आयोग, वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | विषयगत मन्त्रालयहरू अनुसन्धानमूलक संस्थाहरू, विज्ञहरू | तेस्रो वर्ष | खर्चको आवश्यकता र राजस्वको क्षमताबीचको बीचको वित्तीय अन्तर (fiscal gap) को गणना वैज्ञानिक, वस्तुनिष्ठ र राष्ट्रिय मापदण्ड बमोजिमको गणना भएको हुने। |
| रणनीति २.१.९ प्रदेश र स्थानीय तहमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेद घटाउने खालका कार्यक्रम सञ्चालन गर्नका लागि वित्तीय समानीकरण अनुदान परिचालनका समस्याहरूको पहिचान गरी समाधानका लागि आवश्यक सुझाव दिइनेछ। | | | | | | |
| २.१.९.१ | प्रदेश र स्थानीय तहबीच भएको आर्थिक तथा सामाजिक विभेदको प्रदेश र स्थानीय तहहरूबीच तुलनात्मक अध्ययन गर्ने । | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | अनुसन्धानमूलक संस्थाहरू, विज्ञहरू, विश्वविद्यालयहरू | दोस्रो वर्ष | प्रदेश र स्थानीय तहमा भएको आर्थिक तथा सामाजिक विभेदको तुलनात्मक अध्ययन प्रतिवेदन प्राप्त भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| २.१.९.२ | प्रदेश तथा स्थानीय तहले वित्तीय समानीकरण अनुदानबाट प्राप्त रकम सामाजिक तथा आर्थिक विभेद न्यूनीकरणको लागि गरे नगरेको अध्ययन गरी सुझाव प्रदान गर्ने। | आयोग/ वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | अनुसन्धानमूलक संस्थाहरू, विज्ञहरू, विश्वविद्यालयहरू | दोस्रो वर्ष | वित्तीय समानीकरण अनुदानको उपयोग कानून सम्मत गर्न सुझाव दिइएको हुने। |
| २.१.९.३ | शिक्षा, स्वास्थ्य र रोजगारी सृजना गर्ने क्षेत्रमा सशर्त अनुदान र वित्तीय समानीकरण अनुदानको हिस्साको अध्ययन गरी सुझाव दिने । | आयोग/ वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | अनुसन्धानमूलक संस्थाहरू, विज्ञहरू, विश्वविद्यालयहरू | तेस्रो वर्ष | सामाजिक विकासका क्षेत्रमा सशर्त र वित्तीय समानीकरण अनुदानको प्रयोगको अवस्था जानकारी हुने। |
| रणनीति २.१.१० मानव विकास सूचकाङ्कमा सुधार ल्याउन वित्तीय समानीकरण अनुदानको योगदानको अध्ययन अनुसन्धान गरिनेछ। | | | | | | |
| २.१.१०.१ | शिक्षा, स्वास्थ्य, सरसफाई, उर्जा, समावेशिता प्रवर्द्धन तथा रोजगरी सृजना गर्ने क्षेत्रमा वित्तीय समानीकरण अनुदानको उपयोगको अवस्था अध्ययन गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | अनुसन्धानमूलक संस्थाहरू, विज्ञहरू, विश्वविद्यालयहरू | दोस्रो वर्ष | अध्ययन प्रतिवेदन प्राप्त भएको हुने। |
| २.१.१०.२ | शिक्षा, स्वास्थ्य र सरसफाई र उर्जामा पहुँच पुऱ्याउने आवधिक र दीगो विकासका राष्ट्रिय लक्ष्य पूरा गर्न वित्तीय समानीकरण अनुदानको योगदानको अवस्था विश्लेषण गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | अनुसन्धानमूलक संस्थाहरू, विज्ञहरू, विश्वविद्यालयहरू | दोस्रो वर्ष | मानव विकास सूचकाङ्कको सुधारमा वित्तीय समानीकरण अनुदानको प्रयोगको अवस्थाको अध्ययन प्रतिवेदन प्राप्त हुने। |
| २.१.१०.३ | शिक्षा, स्वास्थ्य र रोजगारी सृजना गर्ने क्षेत्रमा सशर्त अनुदानको तुलनामा वित्तीय समानीकरण अनुदानको हिस्साको अध्ययन तथा विश्लेषण गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | अनुसन्धानमूलक संस्थाहरू, विज्ञहरू, विश्वविद्यालयहरू | दोस्रो वर्ष | शिक्षा, स्वास्थ्य र रोजगारी सिर्जना गर्ने क्षेत्रमा सशर्त अनुदान तथा वित्तीय समानीकरण अनुदानको हिस्साको विश्लेषणको अध्ययन प्रतिवेदन प्राप्त भएको हुने। |
| कार्यनीति २.१.११: न्यूनतम वित्तीय समानीकरण अनुदानका आधारहरू समयानुकूल र वस्तुनिष्ठ बनाउन थप अध्ययन गरिनेछ। | | | | | | |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| २.१.११.१ | विद्यमान न्यूनतम वित्तीय समानीकरण अनुदानको सिफारिसका आधारहरूको प्रभावकारिता तथा तिनमा गर्न सकिने परिमार्जनका सम्बन्धमा अध्ययन गर्ने । | आयोग/ वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | अनुसन्धानमूलक संस्थाहरू, विज्ञहरू, विश्वविद्यालयहरू | प्रथम वर्ष | विद्यमान न्यूनतम वित्तीय समानीकरण अनुदानको प्रभावकारिता र परिमार्जनका सम्बन्धमा अध्ययन प्रतिवेदन प्राप्त भएको हुने। |
| २.१.११.२ | न्यूनतम वित्तीय समानीकरण अनुदानका आधारहरू थप विस्तार गरी समयानुकुल पुनरावलोकन गर्ने। | आयोग/ वि. व्य. महाशाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | | दोस्रो वर्ष | न्यूनतम वित्तीय समानीकरण अनुदानका आधारहरू समयानुकुल पुनरावलोकन भएको हुने। |
| कार्यनीति २.१.१२: सूत्रमा आधारित अनुदानको गणना समयसापेक्ष, पारदर्शी र वस्तुपरक बनाइनेछ। | | | | | | |
| २.१.१२.१ | सुत्रमा आधारित अनुदान अन्तर्गत विभिन्न परिसूचकहरूको समयसापेक्षता हेरी अङ्कभारमा आवश्यक परिवर्तन गर्ने। | आयोग/ वि. व्य. महाशाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | महालेखा नियन्त्रकको कार्यालय | दोस्रो वर्ष | सूत्रका आधारहरू आवश्यकतानुसार परिमार्जन भएको हुने। |
| २.१.१२.२ | सूत्रमा आधारित अनुदानको पारदर्शी र वस्तुपरक बनाई सरोकारवालाहरूमा सूत्रमा आधारित गणना पद्धति जानकारी गराउने। | आयोग/ वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | सञ्चार माध्यम म.ले.नि.का., गा. पा. महासङ्घ, नेपाल नगरपालिका सङ्घ | दोस्रो वर्ष | सूत्रमा आधारित अनुदानको गणना पारदर्शी र वोधगम्य भएको हुने। |
| कार्यनीति २.१.१३: प्रदेश तथा स्थानीय तहका कार्यसम्पादनका सूचकहरूमा समसामयिक परिमार्जन गर्दै कार्यसम्पादनमा आधारित अनुदान पद्धति अवलम्बन गरिनेछ। | | | | | | |
| २.१.१३.१ | कार्यसम्पादन सूचकलाई थप नतिजामुखी बनाउन प्रदेश र स्थानीय तहसँग अन्तर्क्रिया कार्यक्रम आयोजना गर्ने। | आयोग/ वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | गा. पा. महासङ्घ, नेपाल नगरपालिका सङ्घ, जि.वि.स. महासङ्घ नेपाल | पहिलो वर्ष | कार्यसम्पादन सूचकलाई थप नतिजामुखी बनाउन पर्याप्त संवाद र बहस भएको हुने। |
| २.१.१३.२ | कार्य सम्पादन सूचकमा आधारित वित्तीय समानीकरण अनुदान प्रणालीलाई समयसापेक्ष परिमार्जन गर्ने। | आयोग/ वि. व्य. महाशाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | म.ले.नि.का., गा. पा. महासङ्घ, नेपाल नगरपालिका सङ्घ | दोस्रो वर्षबाट निरन्तर | परिस्कृत कार्यसम्पादन सूचकमा आधारित वित्तीय समानीकरण अनुदान सिफारिस भएको हुने। |
| | | | | | | |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| कार्यनीति २.१.१४: हस्तान्तरित वित्तीय समानीकरण अनुदानका सम्बन्धमा सबै सङ्घीय इकाईहरूबाट स्वचालित प्रणालीमार्फत सूचना, तथ्याङ्क एवं विवरण प्राप्त गर्ने संयन्त्रको विकास गरिनेछ। | | | | | | |
| २.१.१४.१ | प्रदेश तथा स्थानीय तहको लागि कार्यसम्पादन सूचकको रूपमा रहने गरी बजेट तथा खर्च विवरण प्रविष्ट गर्ने गरी विद्युतीय पोर्टल तयार गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा/ तथ्याङ्क विश्लेषण शाखा | मलेनिका, प्रदेश सरकार, स्थानीय तह | सूचना प्रविधि विभाग, राष्ट्रिय सूचना प्रविधि केन्द्र | प्रथम वर्ष | लागि कार्यसम्पादन सूचकको रूपमा रहने गरी बजेट तथा खर्च विवरण प्रविष्ट गर्ने गरी विद्युतीय पोर्टल तयार भएको हुने । |
| २.१.१४.२ | विद्युतीय पोर्टल सञ्चालन र प्रयोग सम्बन्धी सबै प्रदेश र स्थानीय तहलाई सक्षम बनाउने संयन्त्र परिचालन गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा/ तथ्याङ्क विश्लेषण शाखा | मलेनिका, प्रदेश सरकार, स्थानीय तह | सूचना प्रविधि विभाग, राष्ट्रिय सू. प्र. केन्द्र, तालिम प्रदायक संस्थाहरू | दोस्रो वर्ष | विद्युतीय पोर्टल सञ्चालन र प्रयोग सम्बन्धी सबै प्रदेश र स्थानीय तहलाई तालिम सञ्चालन भएको हुने। |
| २.१.१४.३ | सरोकारवाला विभिन्न कार्यालयहरूले सञ्चालनमा ल्याएका व्यवस्थापन सूचना प्रणालीहरूबाट आयोगलाई आवश्यक सूचना स्वचालित रूपमा प्राप्त गर्न आवश्यक प्रोटोकल तयार गरी प्रणाली एकीकरण (system integration) गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा/ तथ्याङ्क विश्लेषण शाखा | मलेनिका, प्रदेश सरकार, स्थानीय तह | सूचना प्रविधि विभाग, राष्ट्रिय सू. प्र. केन्द्र, तालिम प्रदायक संस्थाहरू | दोस्रो र तेस्रो वर्ष | प्रणाली एकीकरणबाट स्वचालित रूपमा आयोगको पोर्टलमा तथ्याङ्क प्राप्त भएको हुने। |
| कार्यनीति २.१.१५: सबै खाले वित्तीय हस्तान्तरणको परिचालन उपयोग, बाँडफाँट र संरक्षणका सम्बन्धमा प्रदेश तथा स्थानीय तहले कार्यान्वयनमा ल्याएका कार्यसम्पादन ढाँचाहरूको अध्ययन गरी आपसी तालमेलयुक्त (harmonized) बनाउन आवश्यक सुझाव दिइनेछ। | | | | | | |
| २.१.१५.१ | प्रदेश र स्थानीय तहले कार्यान्वयनमा ल्याएका आवधिक योजना, मध्यकालीन खर्च संरचना, बजेट तथा कार्यक्रममा देखिएका वेमेल(asymmetry)हरूको तुलनात्मक अध्ययन गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | गा. पा. महासङ्घ, नेपाल नगरपालिका सङ्घ, शोध तथा अनुसन्धानमूलक निकायहरू | निरन्तर | अध्ययन प्रतिवेदन प्राप्त भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| २.१.१५.२ | क्षेत्रगत रूपमा प्राप्त (समानीकरण, सशर्त, राजस्व, बाँडफाँट, रोयल्टी, ऋण) बजेटबाट सम्बन्धित क्षेत्रमा उद्देश्यमूलक ढङ्गले खर्च भए नभएको अध्ययन गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | शोध तथा अनुसन्धानमूलक निकायहरू, नीति अनुसन्धान प्रतिष्ठान | निरन्तर | अध्ययन प्रतिवेदन प्राप्त भएको हुने। |
| २.१.१५.३ | सबै खाले वित्तीय हस्तान्तरणको परिचालन, उपयोग, बाँडफाँट र संरक्षणका सम्बन्धमा प्रदेश तथा स्थानीय तहले कार्यान्वयनमा ल्याएका कार्यसम्पादन ढाँचाहरूको सम्बन्धमा आपसी तालमेलयुक्त (harmonized) बनाउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक सुझाव दिने । | आयोग/ वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | गाउँपालिका महासङ्घ, नेपाल नगरपालिका सङ्घ, मलेनिका | निरन्तर | सबै खाले वित्तीय हस्तान्तरणको परिचालन, उपयोग, बाँडफाँट र संरक्षणका सम्बन्धमा प्रयोगमा आएका कार्यसम्पादन ढाँचाहरू आपसी तालमेलयुक्त (harmonized) बनाउन सबै तहका सरकारलाई आवश्यक सुझाव दिइएको हुने। |
| रणनीति २.२: प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताबीचको वित्तीय अन्तर पुरा गर्ने गरी वित्तीय समानीकरण अनुदानको परिमाण सिफारिस गरिनेछ। | | | | | | |
| कार्यनीति २.२.१: तथ्यपूर्ण र वैज्ञानिक विधिबाट वित्तीय अन्तरको अनुमान गणना गरी प्रदेश तथा स्थानीय तहकाबीच वित्तीय समता हासिल गर्न पुग्ने परिमाणको वित्तीय समानीकरण अनुदान सिफारिस गरिनेछ। | | | | | | |
| २.२.१.१ | अन्तरसरकारी वित्तीय संरचना (intergovernmental fiscal structure) को अध्ययन गरी वित्तीय जिम्मेवारीमा दोहोरोपना भएका क्षेत्रहरूको पहिचान गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | गाउँपालिका महासङ्घ, नेपाल नगरपालिका सङ्घ, म.ले.नि.का. | दोस्रो वर्ष | अन्तरसरकारी वित्तीय संरचनाको अध्ययन प्रतिवेदन प्राप्त भएको हुने। |
| २.२.१.२ | वित्तीय संरचना र आधारभूत तथा स्तरीकृत सेवा/कार्यको बीचमा देखिएको रिक्तता पुरा गर्न जीवन रक्षक पेटिका (lifebelt) को रूपमा वित्तीय समानीकरण अनुदानको सुनिश्चितता हुने गरी सिफारिस गर्ने। | आयोग/ वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | म.ले.नि.का. | निरन्तर | अनुमानयोग्य र स्तरीय आधारभूत सेवा तथा कार्यका लागि पुग्ने वित्तीय समानीकरण अनुदान सिफारिस भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| कार्यनीति २.२.२: प्रदेश तथा स्थानीय तहबाट गरिने विकास र उपलब्ध गराइने सेवा तथा सेवाको पहुँचमा स्तरीकरण हुने गरी तदनुरूपको वित्तीय समानीकरण अनुदानको रकम यकिन गरिनेछ। | | | | | | |
| २.२.२.१ | सङ्घीय शासनको अनुभूति हुने गरी वित्तीय समानीकरण अनुदानमार्फत प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने कार्य तथा सेवाको न्यूनतम गुणस्तरका सम्बन्धमा अध्ययन गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | शोध तथा अनुसन्धानमूलक निकायहरू, नीति अनुसन्धान प्रतिष्ठान | दोस्रो वर्ष | वित्तीय समानीकरण अनुदानतर्फको स्रोत परिचालनबाट सम्पादन हुने सार्वजनिक कार्य तथा सेवाको न्यूनतम गुणस्तर तोकिएको हुने। |
| २.२.२.२ | प्रदेश तथा स्थानीय तहबाट भएका सेवा प्रवाहका नवीनतम आयामहरू अपनाई सेवामा सर्वसाधारणको पहुँच वृद्धि गर्ने गरी समानीकरण अनुदानको सिफारिस गर्ने। | आयोग/ वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | म.ले.नि.का. | निरन्तर | वित्तीय समानीकरण अनुदानतर्फको स्रोत परिचालनबाट सम्पादन हुने सार्वजनिक कार्य तथा सेवामा पहुँच वृद्धि मापन गर्न सकिने। |
| कार्यनीति २.२.३: वित्तीय समानीकरण अनुदानतर्फको स्रोतबाट उत्पादकत्व अभिवृद्धिमा पुगेको योगदानको अध्ययन तथा विश्लेषण गरिनेछ। | | | | | | |
| २.२.३.१ | प्रदेश तथा स्थानीय तहमा पूर्वाधार विकासका क्षेत्रमा भएको उत्पादकत्व वृद्धिको प्रयोगसिद्ध अध्ययन (empirical study) तथा विश्लेषण गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | शोध तथा अनुसन्धानमूलक निकायहरू, नीति अनुसन्धान प्रतिष्ठान | तेस्रो वर्ष | वित्तीय समानीकरण अनुदानबाट उत्पादकत्व वृद्धिमा पुगेको योगदानको चित्र स्पष्ट हुने। |
| २.२.३.२ | कमजोर उत्पादकत्व वृद्धि भएका सङ्घीय इकाईहरूमा उत्पादकत्व वृद्धिका सम्भाव्य उपायहरू अध्ययन गरी सुझाव दिने। | आयोग/ वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | म.ले.नि.का. | तेस्रो वर्ष | वित्तीय समानीकरण अनुदानबाट उत्पादकत्व वृद्धिमा सकारात्मक अङ्क प्राप्त भएको हुने। |
| कार्यनीति २.२.४: प्रदेश र स्थानीय तहमा प्रदान गरिने समग्र अन्तरसरकारी वित्तीय हस्तान्तरणको परिमाण निर्धारण गरी सिफारिस गर्न सम्वद्ध सरोकारवालाहरूसँग आवश्यक छलफल, समन्वय एवं सहजीकरण गरिने छ र सो को लागि आवश्यक अध्ययन अनुसन्धान गरी सङ्घीय इकाईहरूलाई सुझाव उपलब्ध गराइनेछ। | | | | | | |
| २.२.४.१ | प्रदेश र स्थानीय तहमा प्रदान गरिने समग्र अन्तरसरकारी वित्तीय हस्तान्तरणको परिमाण निर्धारण गरी सिफारिस गर्न सम्वद्ध | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | विषयगत मन्त्रालयहरू, गाउँपालिका | निरन्तर | सरोकारवालाहरूसँग आवश्यक छलफल, समन्वय एवं सहजीकरण भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | सरोकारवालाहरूसँग आवश्यक छलफल, समन्वय एवं सहजीकरण गर्ने। | | | महासङ्घ, नेपाल नगरपालिका सङ्घ, | | |
| २.२.४.२ | प्रदेश र स्थानीय तहमा प्रदान गरिने समग्र अन्तरसरकारी वित्तीय हस्तान्तरणको परिमाण निर्धारण गरी सिफारिस गर्न अध्ययन अनुसन्धान गरी सङ्घीय इकाईहरूलाई सुझाव उपलब्ध गराउने। | आयोग/ वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | नेपाल सरकार प्रदेश सरकार, स्थानीय तह | शोध तथा अनुसन्धानमूलक निकायहरू | निरन्तर | अन्तरसरकारी वित्तीय हस्तान्तरणको परिमाण निर्धारण गरी सिफारिस गर्न अध्ययन अनुसन्धान गरी सङ्घीय इकाईहरूलाई सुझाव दिइएको हुने। |
| कार्यनीति २.२.५: वित्तीय समानीकरण अनुदानको माध्यमबाट प्रदेश र स्थानीय तहमा लोकतान्त्रिक अभ्यासको न्यूनता (democratic deficit) कम गर्ने गरी योजना छनौट देखि कार्यान्वयन तथा मूल्याङ्कनसम्म समावेशिता र सशक्तिकरण प्रवर्द्धन गर्ने उपायहरूको पहिचान गरी सिफारिस गरिनेछ। | | | | | | |
| २.२.५.१ | प्रदेश र स्थानीय तहमा वित्तीय समानीकरण अनुदानको उपयोगको समग्र चक्रमा अर्थपूर्ण समावेशी सहभागितालाई प्रोत्साहन गर्दै लोकतान्त्रिक न्यूनता हटाउने उपायहरूको अध्ययन गरी सिफारिस गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार स्थानीय तह | अर्थ मन्त्रालय, सङ्घीय मा. तथा सा. प्रशासन मन्त्रालय, योजना आयोग | दोस्रो वर्ष | प्रदेश तथा स्थानीय तहले योजना तर्जुमा र कार्यान्वयनमा समावेशी सहभागिताको सुनिश्चित हुँदै जाने। |
| २.२.५.२ | प्रदेश तथा स्थानीय तहले योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनमा समावेशी सहभागितासँग आवद्ध गर्ने गरी वित्तीय समानीकरणको अनुदान ढाँचामा आवश्यक परिमार्जन गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार स्थानीय तह | अर्थ मन्त्रालय, सङ्घीय मा. तथा सा. प्रशासन मन्त्रालय, योजना आयोग | पहिलो वर्ष | प्रदेश तथा स्थानीय तहले योजना तर्जुमा र कार्यान्वयनमा समावेशी सहभागिताको सुनिश्चित हुँदै जाने। |
| कार्यनीति २.२.६: वित्तीय समानीकरण अनुदानको माध्यमबाट प्रदेश र स्थानीय तहमा स्वायत्तताको न्यूनता (sovereignty deficit) हटाउँदै जाने गरी यसको कार्यप्रणाली (modus operandi) का नवीनतम आयामहरूसँग अनुकूलन हुने गरी सिफारिस गरिनेछ। | | | | | | |
| २.२.६.१ | वित्तीय समानीकरण अनुदानको माध्यमबाट प्रदेश र स्थानीय तहमा स्वायत्तताको न्यूनता (sovereignty deficit) हटाउँदै जाने गरी यसको कार्यप्रणाली (modus operandi) का | आयोग/ वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार स्थानीय तह | नेपाल सरकार, कानून न्याय तथा संसदीय व्यवस्था | चौथो वर्ष | थप प्रभावकारी कार्यसञ्चालन ढाँचाबाट वित्तीय समानीकरण अनुदानको उपयोग भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | नवीनतम आयामहरूसँग अनुकूलन हुने गरी सिफारिस गर्ने। | | | मन्त्रालय, संसदीय समितिहरू | | |
| कार्यनीति २.२.७: नेपाल सरकार तथा प्रदेश सरकारबाट हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानबाट कार्यक्रम दोहोरिन नदिन आवश्यक अध्ययन गरी सुझाव दिइनेछ। | | | | | | |
| २.२.७.१ | अन्य स्रोतबाट सञ्चालन गरिने र वित्तीय समानीकरण अनुदानबाट सञ्चालन गरिने कार्यक्रममा दोहोरो पर्न नदिन प्रदेश र स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम र सशर्त अनुदानका कार्यक्रमबीच तुलनात्मक अध्ययन गर्ने। | आयोग/ वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | शोध तथा अनुसन्धानमूलक निकायहरू, गाउँपालिका महासङ्घ, नेपाल नगरपालिका सङ्घ | दोस्रो वर्ष | वित्तीय अनुशासन कायम गर्दै स्रोतको मितव्ययी प्रयोगका सुझावहरू दिन सकिने। |
| कार्यनीति २.२.८: प्रदेश र स्थानीय तहका प्राथमिकता र आवश्यकतालाई वित्तीय समानीकरण अनुदानको माध्यमबाट सम्बोधन भए नभएको सम्बन्धमा अध्ययन गरी सुझाव दिइनेछ। | | | | | | |
| २.२.८.१ | राष्ट्रिय प्राथमिकतासँगै प्रदेश र स्थानीय तहका आवधिक योजना, लक्ष्य र प्राथमिकता बमोजिमका कार्यक्रमहरूको तालमेलको तुलनात्मक अध्ययन गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | शोध तथा अनुसन्धानमूलक निकायहरू | दोस्रो वर्ष | प्रदेश र स्थानीय तहका प्राथमिकता र आवधिक योजना तुलनात्मक अध्ययन प्रतिवेदन प्राप्त भएको हुने। |
| २.२.८.२ | विषयवस्तुको गाम्भीर्यता हेरी प्रदेश र स्थानीय तहका प्राथमिकता र आवश्यकता पूरा गर्ने विषयलाई समेत वित्तीय समानीकरण अनुदानको सिफारिसको आधार बनाइने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | शोध तथा अनुसन्धानमूलक निकायहरू | तेस्रो वर्ष | वित्तीय समानीकरण अनुदान सिफारिसका आधारमा प्रदेश तथा स्थानीय तहका प्राथमिकता र आवश्यकता समेत समावेश भएको हुने। |
| कार्यनीति २.२.९: नेपालको संविधानले निर्दिष्ट गरेका मौलिक हकहरू तथा राज्यका निर्देशक सिद्धान्तहरू बमोजिम प्रदेश र स्थानीय तहको आर्थिक विकासका लागि आवश्यक वित्तीय अन्तर पुरा गर्न आवश्यक समानीकरण अनुदानको परिमाणको अध्ययन गरिने छ। | | | | | | |
| २.२.९.१ | प्रदेश तथा स्थानीय तहले नेपालको संविधानमा उल्लिखित मौलिक हकको कार्यान्वयनका लागि गरेको वित्तीय | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | शोध तथा अनुसन्धानमूलक निकायहरू | तेस्रो वर्ष | मौलिक हकको कार्यान्वयनमा वित्तीय समानीकरण रकमको उपयोगको अध्ययन प्रतिवेदन। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | समानीकरण अनुदानको उपयोगको अध्ययन गर्ने। | | | | | |
| २.२.९.२ | प्रदेश तथा स्थानीय तहले संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त पालना हुने गरी वित्तीय समानीकरण अनुदानको उपयोगको सम्बन्धमा अध्ययन गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | शोध तथा अनुसन्धानमूलक निकायहरू | चौथो वर्ष | राज्यका निर्देशक सिद्धान्त बमोजिम वित्तीय समानीकरण रकमको उपयोगको अध्ययन प्रतिवेदन। |
| २.२.९.३ | प्रदेश तथा स्थानीय तहको आर्थिक विकासमा वित्तीय समानीकरण अनुदानले ओगटेको हिस्साका सम्बन्धमा अध्ययन गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | शोध तथा अनुसन्धानमूलक निकायहरू | पाँचौं वर्ष | आर्थिक विकासमा वित्तीय समानीकरण रकमको हिस्साको अध्ययन प्रतिवेदन। |
| कार्यनीति २.२.१०: प्रत्येक पाँच पाँच वर्षमा खर्चको आवश्यकता र राजस्वको क्षमताबीचको वित्तीय अन्तर (fiscal gap) को अध्ययन अनुसन्धान गरी पुनरावलोकन गरिनेछ। | | | | | | |
| २.२.१०.१ | प्रदेश तथा स्थानीय तहहरूको वित्तीय अन्तर (Fiscal Gap) को विस्तृत अध्ययन अनुन्धान गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | विकास साझेदारहरू, शोध अनुसन्धानमूलक संस्थाहरू | प्रत्येक पाँच वर्ष | सबै प्रदेश तथा स्थानीय तहहरूको वित्तीय अन्तर (fiscal gap) को अध्ययन अनुन्धान भइ प्रतिवेदन प्राप्त भएको हुने । |
| २.२.१०.२ | प्रदेश तथा स्थानीय तहहरूको वित्तीय अन्तर (Fiscal Gap) को विस्तृत अध्ययन प्रतिवेदनको आधारमा वित्तीय अन्तर पुरा गर्ने गरी समानीकरण अनुदानको आधार र ढाँचा परिमार्जन गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय | पाँचौ वर्ष | प्रदेश तथा स्थानीय तहहरूको वित्तीय अन्तर पुरा गर्ने गरी समानीकरण अनुदानको आधार र ढाँचा परिमार्जन भएको हुने |
| २.२.१०.३ | वित्तीय अन्तर (Fiscal Gap) को विस्तृत अध्ययन प्रतिवेदनको आधारमा वित्तीय अन्तर पूरा गर्ने गरी वित्तीय समानीकरण अनुदानको परिमाण सिफारिस गर्ने। | आयोग/वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय | हरेक वर्ष | प्रदेश तथा स्थानीय तहहरूको आवश्यकता अनुसार वित्तीय अन्तर पूरा गर्ने गरी वित्तीय समानीकरण अनुदानको सिफारिस भएको हुने । |
| रणनीति २.३: प्रदेश तथा स्थानीय तहहरूको वित्तीय स्रोतको दिगो र गुणस्तरीय परिचालनलाई प्रोत्साहन गर्दै समन्यायिक तथा समतामूलक समानीकरण अनुदानको बाँडफाँट एवं वितरण प्रणालीलाई संस्थागत गरिनेछ। | | | | | | |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| कार्यनीति २.३.१: समानीकरण अनुदानको प्रयोगबाट पछाडि परेका पालिका र प्रदेशलाई अन्य पालिका वा प्रदेशहरू सरह आर्थिक, सामाजिक र संस्थागत रूपमा विकासको औसत वा समानस्तरमा उभ्याउन उपयोग भए नभएको अध्ययन अनुसन्धान गरी अनुदान सिफारिस गरिनेछ। | | | | | | |
| २.३.१.१ | समानीकरण अनुदानबाट आर्थिक, सामाजिक र संस्थागत रूपमा पछाडि परेका पालिका र प्रदेशलाई अन्य पालिका वा प्रदेशको समकक्षतामा वा औसत स्तरमा पुऱ्याउन योगदान पुगेनपुगेको सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | केन्द्रीय तथ्याङ्क विभाग, विकास साझेदारहरू, शोध अनुसन्धानमूलक संस्थाहरू | तेस्रो वर्ष | समानीकरण अनुदानबाट आर्थिक, सामाजिक र संस्थागत रूपमा पछाडि परेका पालिका र प्रदेशलाई अन्य पालिका वा प्रदेशको औसत स्तरमा पुऱ्याउने उपाय सिफारिस भएको हुने। |
| २.३.१.२ | औसत भन्दा पछि परेका प्रदेश तथा पालिकाहरूलाई अन्य प्रदेशहरू तथा पालिकाहरूको औसत स्तरमा पुऱ्याउन अतिरिक्त वित्तीय समानीकरण अनुदानको सिफारिसको आधार तयार गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | केन्द्रीय तथ्याङ्क विभाग, विकास साझेदारहरू, शोध अनुसन्धानमूलक संस्थाहरू | चौथो वर्ष | आर्थिक, सामाजिक र संस्थागत रूपमा पछाडि परेका पालिका र प्रदेशलाई अन्य पालिका वा प्रदेशको समकक्षतामा पुऱ्याउन अतिरिक्त समानीकरण अनुदान सिफारिस भएको हुने। |
| कार्यनीति २.३.२: वित्तीय समानीकरण अनुदानको महत्तम उपयोग (optimum utilization)बाट स्थानीय तहबीच र प्रदेशबीच दीगो विकासमा प्रतिस्पर्धा हुने गरी असल अभ्यासहरूको सिकाइ हस्तान्तरणका लागि उपयुक्त संयन्त्रको सिफारिस गरिनेछ। | | | | | | |
| २.३.२.१ | वित्तीय समानीकरण अनुदानको महत्तम उपयोगबाट स्थानीय तहबीच र प्रदेशहरूबीच दीगो विकासमा प्रतिस्पर्धा गर्ने खालका योजना तथा कार्यक्रमहरूको पहिचान गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | शोध तथा अनुसन्धानमूलक संस्थाहरू, राष्ट्रिय योजना आयोग | दोस्रो वर्ष | आयोजना तथा कार्यक्रमहरू पहिचान भएको हुने। |
| २.३.२.२ | प्रदेश तथा स्थानीय तहहरूबीच योजना कार्यक्रम र स्रोतको महत्तम उपयोगका असल अभ्यासको सिकाइ हस्तान्तरणको संयन्त्र सिफारिस गर्ने। | आयोग/ वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | शोध तथा अनुसन्धानमूलक निकायहरू, गाउँपालिका | तेस्रो वर्ष | सिकाइ हस्तान्तरणको संयन्त्र व्यवस्थित भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | | महासङ्घ, नेपाल नगरपालिका सङ्घ | | |
| कार्यनीति २.३.३: संविधानमा निर्दिष्ट एकल र साझा सुची अनुसारका जिम्मेवारीहरू पुरा गर्ने उद्देश्यका लागि वित्तीय समानीकरण अनुदानको सिफारिस गरिने तथा वित्तीय हस्तान्तरणको प्रभावकारिताका सम्बन्धमा अध्ययन गर्न अनुगमन संयन्त्र बनाइनेछ। | | | | | | |
| २.३.३.१ | प्रदेश तथा स्थानीय तहले वित्तीय समानीकरण अनुदानको उपयोग संविधानमा निर्दिष्ट एकल र साझा सूची अनुसारका जिम्मेवारीहरू पूरा गर्न मात्र प्रयोग गरे नगरेको सुनिश्चित गर्न अध्ययन गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | शोध तथा अनुसन्धानमूलक संस्थाहरू, राष्ट्रिय योजना आयोग | दोस्रो वर्ष | वित्तीय समानीकरण अनुदानको उपयोग सम्बन्धी अध्ययन प्रतिवेदन प्राप्त भएको हुने। |
| २.३.३.२ | संविधानमा निर्दिष्ट एकल र साझा सूची अनुसारका जिम्मेवारीहरू पूरा गर्नका लागि हस्तान्तरित अनुदानको प्रभावकारिताका सम्बन्धमा अध्ययन गर्न अनुगमन संयन्त्र सम्बन्धमा आवश्यक कार्य गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | गाउँपालिका महासङ्घ, नेपाल नगरपालिका सङ्घ, जिल्ला विकास समिति महासङ्घ | तेस्रो वर्ष | अध्ययन भएको हुने। |
| कार्यनीति २.३.४: वञ्चितीकरणमा परेका नागरिकहरूको सशक्तिकरणका लागि प्रदेश र स्थानीय तहले वित्तीय समानीकरण अनुदानको उपयोग गरे नगरेको अध्ययन गरी वञ्चितीकरण, गरिबी र आर्थिक सामाजिक असमानता न्यूनीकरण गर्ने कार्यक्रम कार्यान्वयन गर्न प्रोत्साहित गरिनेछ। | | | | | | |
| २.३.४.१ | प्रदेश र स्थानीय तहले वित्तीय समानीकरण अनुदानको रकमबाट वञ्चितीकरणमा परेका नागरिकहरूको आर्थिक, सामाजिक सशक्तिकरण, गरिबी र आर्थिक सामाजिक असमानता न्यूनीकरण गर्न सञ्चालन गरेका योजना तथा कार्यक्रमको अध्ययन गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | शोध तथा अनुसन्धानमूलक संस्थाहरू, राष्ट्रिय योजना आयोग | दोस्रो वर्ष | प्रदेश तथा स्थानीय तहबाट सञ्चालित वञ्चितीकरणमा परेका नागरिक लक्षित कार्यक्रमहरूको अध्ययन प्रतिवेदन प्राप्त भएको हुने। |
| २.३.४.२ | वञ्चितीकरणमा परेका नागरिकहरूलाई राज्यको मूलप्रवाहमा ल्याउन सहयोग पुग्ने खालका कार्यक्रमहरू सञ्चालनका लागि | आयोग/ वि. व्य. महाशाखा/ वि.ह. | प्रदेश सरकार, स्थानीय तह | राष्ट्रिय योजना आयोग | निरन्तर | वित्तीय समानीकरण अनुदानको उपयोग वञ्चितीकरणमा परेका |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | वित्तीय समानीकरण अनुदान रकमको महत्तम उपयोग गर्न प्रदेश तथा स्थानीय तहलाई सुझाव सिफारिस गर्ने। | तथा आ.ऋ.व्य. शाखा | | | | नागरिकहरूलाई राष्ट्रिय मूलप्रवाहमा ल्याउन समेत उपयोग भएको हुने। |
| २.३.४.३ | कोही पछि नपर्ने गरी (leaving no one behind) राज्यका सेवा सुविधामा पहुँच बिस्तार गर्न तीनै तहका सरकारको भूमिका सम्बन्धमा अध्ययन गरी तथ्यमा आधारित सुझाव उपलब्ध गराउने। | आयोग/ वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | राष्ट्रिय योजना आयोग, म. बा. तथा ज्ये. ना. मन्त्रालय, अनुसन्धान तथा विकास संस्थाहरू | निरन्तर | अध्ययन प्रतिवेदनका आधारमा तथ्य प्रमाणमा आधारित सुझाव तयार हुने। |
| कार्यनीति २.३.५: वित्तीय समानीकरण अनुदानको उद्देश्यपरक उपयोग भए नभएको र वित्तीय अनुशासन कायम गरे नगरेको सम्बन्धमा आवश्यक अध्ययन गरी सुझाव दिइनेछ। | | | | | | |
| २.३.५.१ | वित्तीय हस्तान्तरणबाट प्राप्त समानीकरण अनुदानको उद्देश्यपरक उपयोग गरे नगरेको र वित्तीय अनुशासन पालनाका सम्बन्धमा देखिएका समस्याहरूको अध्ययन गर्ने। | वित्तीय व्यवस्थापन महाशाखा | | राष्ट्रिय योजना आयोग र अनुसन्धान तथा विकास संस्थाहरू | तेस्रो वर्ष | वित्तीय समानीकरण अनुदानको उद्देश्यपरक उपयोग गरे नगरेको अध्ययन प्रतिवेदन प्राप्त भएको हुने। |
| २.३.५.२ | समानीकरण अनुदानको उद्देश्यपरक प्रयोग र आर्थिक अनुशासन कायम गर्ने सम्बन्धमा महालेखा परीक्षकको कार्यालय, महालेखा नियन्त्रक कार्यालय र अन्य पर्यवेक्षकीय निकायहरू (oversight agencies)सँग समन्वय गरी सुझाव दिने। | आयोग/ वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | म. ले. प. को कार्यालय, म.ले.नि.का., अनुसन्धान तथा विकास संस्थाहरू | नियमित | समानीकरण अनुदान रकमको सदुपयोग र वित्तीय अनुशासनमा सुधार भएको कार्यसम्पादन सूचकहरूमा झल्किने। |
| कार्यनीति २.३.६: आय एवं लाभको समन्यायिक बाँडफाँट एवं वितरण मार्फत् राज्यका सेवा सुविधामा कमजोर पहुँच तथा वञ्चितीकरणको अन्त्य गर्दै समतामूलक समाज निर्माण गर्न सबै तहका सरकारलाई प्रमाणमा आधारित सुझाव दिइनेछ। | | | | | | |
| २.३.६.१ | सेवा सुविधामा कमजोर पहुँच तथा वञ्चितीकरणको अन्त्य गर्दै समतामूलक समाज निर्माण गर्न आय एवं लाभको समन्यायिक बाँडफाँट एवं वितरणका | आयोग/ वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | राष्ट्रिय योजना आयोग, म. बा. तथा ज्ये. ना. मन्त्रालय, | निरन्तर | अध्ययन प्रतिवेदनका आधारमा तथ्य प्रमाणमा आधारित सुझाव तयार हुने। |

| क.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | उपायहरू पहिचान गरी प्रदेश तथा स्थानीय तहलाई सुझाव दिने। | | | अनुसन्धान तथा विकास संस्थाहरू | | |
| रणनीति २.४: सशर्त अनुदान सिफारिसको आधार समन्यायिक, विश्वसनीय र वस्तुनिष्ठ बनाइने छ। | | | | | | |
| कार्यनीति २.४.१: सशर्त अनुदानको परिचालन राष्ट्रिय नीति तथा कार्यक्रम, मानक तथा पूर्वाधारको अवस्था अनुसार प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रम सञ्चालन गर्नका लागि मात्र प्रयोग भएको सुनिश्चितता गर्ने आधारहरूको सिफारिस गरिनेछ। | | | | | | |
| २.४.१.१ | प्रदेश तथा स्थानीय तहहरूबाट विगत देखि हाल सम्म सशर्त अनुदान तर्फको रकमबाट सञ्चालित कार्यक्रमको प्रभावकारिताको समीक्षा गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालय, शोध अनुसन्धानमूलक संस्थाहरू | दोस्रो वर्ष | प्रदेश र स्थानीय तहमा सशर्त अनुदानको उपयोग सम्बन्धी अध्ययन प्रतिवेदन प्राप्त भएको हुने। |
| २.४.१.२ | प्रदेश तथा स्थानीय तहमा सशर्त अनुदान रकमको उपयोगमा देखिएका समस्याहरू र समाधानका उपायहरूको अध्ययन गर्ने। | वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | प्रदेश सरकार, स्थानीय तह | शोध तथा अनुसन्धानमूलक संस्थाहरू | दोस्रो वर्ष | सशर्त अनुदानको उपयोगमा देखिएका समस्याको समाधानका उपायहरूको अध्ययन प्रतिवेदन प्राप्त भएको हुने। |
| २.४.१.३ | सशर्त अनुदान तर्फको वित्तीय हस्तान्तरणबाट राष्ट्रिय नीति, प्राथमिकता र मानक बमोजिमका क्रियाकलापहरू तथा राष्ट्रिय पूर्वाधार विकासमा महत्तम उपयोग गर्ने उपायका सम्बन्धमा प्रदेश तथा स्थानीय तहलाई सुझाव दिने। | आयोग/ वि. व्य. महाशाखा/ वि.ह. तथा आ.ऋ.व्य. शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह | राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालय, शोध अनुसन्धानमूलक संस्थाहरू | तेस्रो वर्षदेखि निरन्तर | सशर्त अनुदानको प्रभावकारी परिचालनका लागि सुझाव दिइएको हुने। |
| कार्यनीति २.४.२: राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रम प्रदेश र स्थानीय तहबाट प्रभावकारी रूपले सम्पादन गर्न सकिने गरी न्यायोचित हिसाबले सशर्त अनुदानलाई ससाना कार्यक्रममा नटुक्राई एकमुष्ट हस्तान्तरण गर्न उपयुक्त एवं वस्तुनिष्ठ आधारहरू सिफारिस गरिनेछ। | | | | | | |
| ५.१.७.१ | आयोगका मध्यम र उच्च व्यवस्थापन तहका कर्मचारीहरूलाई अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी विज्ञको रूपमा अन्य देशमा ज्ञान हस्तान्तरण गर्ने अवसर प्राप्त भएमा विज्ञता सेवा उपलब्ध गराउन प्रचलित कानूनको अधीनमा रही आवश्यक सहजीकरण गर्ने। | नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा, प्रशासन शाखा | विदेशी सरकार, अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू, समान प्रकृतिको कार्य जिम्मेवारी भएका सार्वजनिक संस्थाहरू | विकास साझेदारहरू | निरन्तर | आयोगका मध्यम तथा उच्च व्यवस्थापन तहका कर्मचारीले अन्तर्राष्ट्रियस्तरमा अनुभव आदानप्रदानको अवसर प्राप्त गर्ने। |
| कार्यनीति ५.१.८ आयोगको क्षमता विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वय एवं सहकार्य गरिनेछ। | | | | | | |
| ५.१.८.१ | सहकार्यका विषय क्षेत्र तथा सहयोगी निकायहरूको पहिचान गर्ने। | नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा, प्रशासन शाखा | अर्थ मन्त्रालय | विकास साझेदारहरू, समान प्रकृतिको कार्य गर्ने सार्वजनिक निकाय | निरन्तर | विषयसम्बद्ध निकायको पहिचान । |
| ५.१.८.२ | पारस्परिक सिकाइ र अनुभव आदानप्रदानका लागि त्यस्ता निकायहरूसँग सहकार्य गर्ने। | नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा, प्रशासन शाखा | अर्थ मन्त्रालय | विकास साझेदारहरू, समान प्रकृतिको कार्य गर्ने सार्वजनिक निकाय | निरन्तर | सहकार्यको भएको हुने। |
| कार्यनीति ५.१.९ आयोगको सूचना प्रयोगको प्रोटोकल तथा सूचना व्यवस्थापन प्रणाली तयार गरी सूचनाको समग्रता, प्रमाणिकता र अखण्डता (data integrity) कायम गरिनेछ। | | | | | | |
| ५.१.९.१ | आयोगलाई आवश्यक पर्ने तथ्याङ्क तथा सूचना र सो को स्रोतको पहिचान गर्न तथा प्रयोगको तरीका व्यवस्थित गर्न कार्यविधि तयार गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा, तथ्याङ्क शाखा | केन्द्रीय तथ्याङ्क विभाग | सूचना प्रविधि विभाग, राष्ट्रिय सूचना प्रविधि केन्द्र | पहिलो वर्ष | तथ्याङ्क पहिचान र प्रयोगको कार्यविधि। |
| ५.१.९.२ | तथ्याङ्क तथा सूचनालाई अद्यावधिक गर्न, भण्डारण, प्रशोधन तथा प्रयोग सम्बन्धी सूचना व्यवस्थापन प्रणाली तयार गर्ने। | नी. वि. तथा व्यवस्थापन महाशाखा, तथ्याङ्क शाखा/ प्रशासन शाखा | सूचना प्रविधि विभाग, राष्ट्रिय सूचना प्रविधि केन्द्र | केन्द्रीय तथ्याङ्क विभाग | दोश्रो वर्ष भित्र | सूचना व्यवस्थापन प्रणाली विकास भई प्रयोगमा आएको हुने। |
| ५.१.९.३ | सूचना व्यवस्थापन प्रणालीको सङ्घीय इकाईहरूबीच सञ्चार, प्रतिवेदन तयारी, | नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा, | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार | सञ्चार माध्यमहरू, प्रतिवेदन गर्ने निकायहरू | दोश्रो वर्ष देखि निरन्तर | तथ्यमा आधारित निर्णय। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | आयोगको सिफारिस, सुझाव तथा निर्णय प्रकृयामा प्रयोग गर्ने। | प्रशासन शाखा/ तथ्याङ्क विश्लेषण शाखा | | | | |
| कार्यनीति ५.१.१० आयोगका पदाधिकारीहरू, कर्मचारीहरू र अन्य सरोकारवालाहरूबीच निरन्तर छलफल एवं अन्तर्क्रियाको व्यवस्था गरिनेछ । | | | | | | |
| ५.१.१०.१ | आयोगका पदाधिकारी, कर्मचारीहरू र अन्य सरोकारवालाहरूबीचको अनौपचारिक संवाद तथा सम्पर्कको लागि सामाजिक सञ्जाल तथा विद्युतीय प्रणालीहरूको महत्तम र सावधानीपूर्वक प्रयोग गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा, प्रशासन शाखा | आयोगका पदाधिकारीहरू, कर्मचारीहरू | नागरिक समाज, सञ्चार माध्यम | तत्काल शुरू गरी निरन्तर | समय व्यवस्थापन, सहज अनौपचारिक छलफल हुने । |
| ५.१.१०.२ | आयोगका पदाधिकारी र कर्मचारीहरूको बृहद् अन्तरक्रिया र छलफलको लागि वार्षिक रिट्रिट कार्यक्रम सञ्चालन गरी स्वस्थ अनौपचारिक सम्बन्ध र सिकाइ आदानप्रदान गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा, योजना अनुगमन तथा कार्यक्रम शाखा | आयोगका पदाधिकारीहरू, कर्मचारीहरू | | सबै वर्ष निरन्तर | पदाधिकारी र कर्मचारीहरूबीचमा उद्देश्यमूलक असल सम्बन्ध अभिबृद्धि। |
| कार्यनीति ५.१.११ आयोगका काम कारवाहीहरू अनुमानयोग्य र पारदर्शी बनाइनेछ । | | | | | | |
| ५.१.११.१ | आयोगको वार्षिक कार्यतालिका तयार गरी लागू गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा, योजना अनुगमन तथा कार्यक्रम शाखा | नेपाल सरकार प्रदेश सरकार स्थानीय सरकार | सञ्चार माध्यमहरू | सबै वर्ष निरन्तर | कामकारवाही हरुको वार्षिक कार्यतालिका। |
| ५.१.११.२ | आयोगका सिफारिस तथा महत्वपूर्ण निर्णयहरू नियमित रूपमा आयोगको वेव पेज मार्फत सार्वजनिक गरी पारदर्शिता प्रवर्द्धन गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा, तथ्याङ्क विश्लेषण शाखा/ प्रशासन शाखा | नेपाल सरकार प्रदेश सरकार स्थानीय सरकार | सञ्चार माध्यमहरू | सबै वर्ष निरन्तर | आयोगको सिफारि तथा निर्णयहरुमा सरोकारवालाहरुको सहज पहुँच हुने । |
| कार्यनीति ५.१.१२ आयोगका सिफारिसमा प्रयोग भएका तथ्याङ्क, सूत्र, विधि र अध्ययन अनुसन्धान सम्बद्ध सूचनालाई प्रचलित कानून बमोजिम आवधिक रूपमा सार्वजनिक गरिनेछ। | | | | | | |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| ५.१.१२.१ | आयोगका सिफारिस तथा महत्वपूर्ण निर्णयहरु गर्दा प्रयोग भएको तथ्याङ्क, सूत्र, विधि र अध्ययन अनुसन्धान सम्वद्ध स्रोतहरूलाई कानून बमोजिम आयोगको वेवपेज मार्फत सार्वजनिक गरी आयोगको विश्वसनीयता बढाउने। | नीति विश्लेषण तथा व्य. महाशाखा, तथ्याङ्क शाखा, प्रशासन शाखा | नेपाल सरकार<br>प्रदेश सरकार<br>स्थानीय सरकार | सञ्चार माध्यमहरू | सबै वर्ष निरन्तर | सरोकारवालाहरूको सूचनामा पहुँच अभिबृद्धि भै विश्वसनीयता बढेको हुने। |
| ५.१.१२.२ | आयोगका सिफारिस तथा महत्वपूर्ण निर्णयहरू गर्दा प्रयोग भएको तथ्याङ्क, सूत्र, विधी र अध्ययन अनुसन्धान समबद्ध स्रोतहरू सरोकारवालाले आयोगमा अनुरोध गरेमा विस्तृत विवरणको विद्युतीय प्रति सहज रूपमा उपलब्ध गराई सूचनाको हकको प्रत्याभूति गराउने। | नीति विश्लेषण तथा व्य. महाशाखा, तथ्याङ्क शाखा, प्रशासन शाखा | नेपाल सरकार<br>प्रदेश सरकार<br>स्थानीय सरकार | राष्ट्रिय सूचना आयोग, सञ्चार माध्यमहरू | सबै वर्ष निरन्तर | थप अध्ययन अनुसन्धानमा सहयोग अभिबृद्धि र सूचनाको हकको प्रभावकारी कार्यान्वयन। |
| कार्यनीति ५.१.१३ आयोगको पुस्तकालयलाई वित्तीय सङ्घीयता अध्ययनको स्रोत केन्द्र र अभिलेखालयको रूपमा विकास गरिनेछ। | | | | | | |
| ५.१.१३.१ | आयोगको पुस्तकालयमा वित्तीय सङ्घीयता सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा प्रकाशित पुस्तकहरूको व्यवस्था गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा, प्रशासन शाखा | पुस्तकालय प्रयोगकर्ताहरू | - | निरन्तर | पुस्तकालय अद्यावधिक हुने। |
| ५.१.१३.२ | पुस्तकालयमा वित्तीय सङ्घीयता सम्बन्धी महत्वपूर्ण अनलाइन जर्नलहरूको पहुँको व्यवस्था गर्ने । | नीति विश्लेषण तथा व्य. महाशाखा, प्रशासन शाखा | पुस्तकालय प्रयोगकर्ताहरू | पुस्तकालयहरू र अनलाइन जर्नल सेवा प्रदायकहरू | निरन्तर | अध्ययन स्रोत अभिबृद्धि। |
| ५.१.१३.३ | आयोगका सिफारिस, निर्णय, वार्षिक प्रतिवेदन तथा प्रकाशनहरू र अध्ययन अनुसन्धान प्रतिवेदनहरूको व्यवस्थित अभिलेख राख्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा, प्रशासन शाखा | आयोगको सूचनामा पहुँच राख्न चाहनेहरू | | निरन्तर | व्यवस्थित अभिलेख । |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| ५.१.१३.४ | पुस्तक तथा अभिलेखहरूमा सरोकारवालाहरूको भौतिक तथा अनलाइन पहुँचको व्यवस्था गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा, प्रशासन शाखा | आयोगको सूचनामा पहुँच राख्न चाहनेहरू | | निरन्तर | पहुँच अभिबृद्धि । |
| रणनीति ५.२: वित्तीय सङ्घीयताका विभिन्न अवयवहरूको अध्ययन अनुसन्धान गरिनेछ। | | | | | | |
| कार्यनीति ५.२.१ वित्तीय सङ्घीयता तथा प्राकृतिक स्रोतको परिचालनका विभिन्न आयामहरूमा निरन्तर अध्ययन अनुसन्धान (research) गरिनेछ। | | | | | | |
| ५.२.१.१ | अन्तरसरकारी वित्तीय सम्बन्धलाई पृष्ठपोषण गर्ने उपागमहरूको अध्ययन गर्ने। | विषय सम्बन्धित महाशाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार | शोध अनुसन्धानमूलक निकायहरू, विश्वविद्यालयहरू | प्रत्येक वर्ष निरन्तर | अध्ययन अनुसन्धानको विषयक्षेत्रको सूची। |
| ५.२.१.२ | अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई पृष्ठपोषण गर्ने उपायहरूको पहिचान गर्ने। | विषय सम्बन्धित महाशाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार | शोध अनुसन्धानमूलक निकायहरू, विश्वविद्यालयहरू | प्रत्येक वर्ष निरन्तर | पृष्ठपोषणका उपायहरू पहिचान भएको हुने। |
| ५.२.१.३ | अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई सहजीकरण गर्ने उपायहरूको पहिचान गर्ने। | विषय सम्बन्धित महाशाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार | शोध अनुसन्धानमूलक निकायहरू, विश्वविद्यालयहरू | प्रत्येक वर्ष निरन्तर | सहजीकरणका उपायहरू पहिचान भएको हुने। |
| कार्यनीति ५.२.२ आयोगले गर्ने सिफारिस तथा दिने सुझावहरू अध्ययन अनुसन्धानबाट प्राप्त निष्कर्षका आधारमा गरिनेछन्। | | | | | | |
| ५.२.२.१ | आयोगबाट गरिने सिफारिस तथा दिइने सुझावहरू आयोगबाट हुने अध्ययन अनुसन्धान वा नेपालका सार्वजनिक निकायहरूको प्रकाशन वा विश्वसनीय जर्नलमा प्रकाशित अध्ययन अनुसन्धानको आधारमा गर्ने। | आयोग/विषय सम्बन्धित महाशाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार | शोध अनुसन्धानमूलक निकायहरू, विश्वविद्यालयहरू | निरन्तर | बढी भन्दा बढी प्रामाणिक सूचनामा आधारित निर्णय प्रकृया अवलम्बन भएको हुने। |
| ५.२.२.२ | अन्तरसरकारी वित्तीय हस्तान्तर सम्बन्धी सिफारिसहरू पूर्वानुमानयोग्य, पारदर्शी र नतिजामा आधारित बनाउँदै लैजाने। | आयोग/विषय सम्बन्धित महाशाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार | शोध अनुसन्धानमूलक निकायहरू, विश्वविद्यालयहरू, सञ्चार माध्यम | निरन्तर | सिफारिसहरू तथ्यमा आधारित, पारदर्शी र नतिजामुखी भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| कार्यनीति ५.२.३ अध्ययन अनुसन्धानको लागि नेपाल तथा विदेशस्थित विश्व विद्यालयहरू, आयोगको कार्यक्षेत्रसँग मिल्दो भूमिका भएका संस्थाहरू तथा अनुसन्धानमूलक सार्वजनिक संस्थाहरूसँग सहकार्य गरिनेछ । | | | | | | |
| ५.२.३.१ | आयोगले पहिचान गरेका अध्ययन अनुसन्धानका बिषयहरूमा अध्ययन अनुसन्धानको लागि आवश्यक पर्न सक्ने नेपाल तथा विदेशस्थित विश्वविद्यालयहरू, आयोगको कार्यक्षेत्रसँग मिल्दो भूमिका भएका संस्थाहरू तथा अनुसन्धानमूलक सार्वजनिक संस्थाहरूको सूची तयार पारी अद्यावधिक गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा, अनुसन्धान तथा नीति विश्लेषण शाखा | शोध तथा अनुसन्धानमूलक निकायहरू, विश्वविद्यालयहरू | | पहिलो वर्ष शुरू गरी निरन्तर | वित्तीय सङ्घीयताको अध्ययन गर्ने शैक्षिक तथा अनुसन्धानमूलक संस्थाहरूको पहिचान भएको हुने। |
| ५.२.३.२ | आवश्यकता अनुसार शैक्षिक, आयोगको कार्यक्षेत्रसँग मिल्दो भूमिका भएका संस्थाहरू तथा अनुसन्धानमूलक संस्थाहरूसँग सहमति पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गरी वा नगरी ती संस्थाहरूसँग सहकार्यको आधार तयार गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा, अनुसन्धान तथा नीति विश्लेषण शाखा | शोध तथा अनुसन्धानमूलक निकायहरू, विश्वविद्यालयहरू | अर्थ मन्त्रालय | निरन्तर | शोध अनुसन्धानको लागि सहकार्यको प्रारम्भ हुने। |
| ५.२.३.३ | आवश्यकता अनुसार शैक्षिक, आयोगको कार्यक्षेत्रसँग मिल्दो भूमिका भएका संस्थाहरू तथा अनुसन्धानमूलक संस्थाहरूसँग अध्ययन अनुसन्धान तथा क्षमता विकास कार्यमा सहकार्य गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा, अनुसन्धान तथा नीति विश्लेषण शाखा | शोध तथा अनुसन्धानमूलक निकायहरू, विश्वविद्यालयहरू | अर्थ मन्त्रालय, विकास साझेदारहरू | निरन्तर | विश्वविद्यालय र आयोगको सहकार्यमा अनुसन्धानात्मक आलेखहरू प्रकाशन भएको हुने। |
| कार्यनीति ५.२.४ वित्तीय सङ्घीयता, अन्तरसरकारी वित्तीय हस्तान्तरण र आयोगको भूमिका लगायतका विविध पक्षहरूमा नियमित रूपमा छलफल कार्यक्रम सञ्चालन गरिनेछ।, | | | | | | |
| ५.२.४.१ | वित्तीय सङ्घीयता, अन्तरसरकारी वित्तीय हस्तान्तरण र आयोगको भूमिकाका सम्बन्धमा विज्ञता हासिल गरेका नेपालमा | नीति विश्लेषण तथा व्य. महाशाखा, अनुसन्धान | शोध तथा अनुसन्धानमूलक निकायहरू, विज्ञहरू | | निरन्तर | विज्ञहरूको रोष्टर तयार र अद्यावधिक भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | उपलब्ध बिज्ञहरूको सूची तयार गरी रोष्टर अद्यावधिक गर्दै लैजाने। | तथा नीति विश्लेषण शाखा | | | | |
| ५.२.४.२ | वित्तीय सङ्घीयता, अन्तरसरकारी वित्तीय हस्तान्तरण र आयोगको भूमिका सम्बन्धी विद्यमान व्यवस्था, प्रकृया तथा सुधार गर्नु पर्ने बिषयहरू समेटिने गरी सम्बन्धित बिज्ञ(हरू) सँग उपयुक्त विधिबाट छलफल तथा अन्तरक्रिया गर्ने र शोधपत्र प्रस्तुत गर्ने व्यवस्था मिलाउने। | नीति विश्लेषण तथा व्य. महाशाखा, अनुसन्धान तथा नीति विश्लेषण शाखा | शोध तथा अनुसन्धानमूलक निकायहरू, विज्ञहरू | प्रदेश सरकार, स्थानीय सरकार, गाउँपालिका महासङ्घ, नेपाल नगरपालिका सङ्घ | निरन्तर | अन्तर्क्रिया तथा शोधपत्रको निष्कर्षबाट आयोगको कार्य क्षमता बढाउन सहयोग पुगेको हुने। |
| ५.२.४.३ | अन्तरक्रियाको निष्कर्ष प्रतिवेदनको रूपमा यसको प्रयोग गर्ने तथा अभिलेख प्रकृयालाई डिजिटाइज्ड गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा, प्रशासन शाखा | सूचना उपयोगकर्ताहरू | | निरन्तर | अन्तर्क्रियाका प्रतिवेदनहरू, डिजिटल आर्काइभहरू |
| कार्यनीति ५.२.५ विश्वविद्यालयका विद्यार्थीहरूलाई आयोगको कार्यक्षेत्रसँग सम्बन्धित बिषयमा शोधकार्य अनुदान (research grant) र इन्टर्नसिप (internship)को व्यवस्था गरिनेछ। | | | | | | |
| ५.२.५.१ | आयोगको कार्यक्षेत्रसँग सम्बन्धित बिषयमा नेपालका सार्वजनिक विश्वविद्यालयहरूमा विद्यावारिधि तथा स्नातकोत्तर तहमा अध्ययनरत केही विद्यार्थीहरूलाई स्वीकृत कार्यविधि अनुसार निश्चित रकम शोधकार्य अनुदानको रूपमा उपलब्ध गराउने। | नीति विश्लेषण तथा व्य. महाशाखा, अनुसन्धान तथा नीति विश्लेषण शाखा | विश्वविद्यालयहरू, सम्बन्धित विषयमा स्नातकोत्तर तथा विद्यावारिधि तहमा शोधकार्थ गर्ने विद्यार्थीहरू | शोधकार्यका लागि खटाइने वा तथ्याङ्क सङ्कलन गरिने निकाय | पहिलो वर्ष शुरू गरी निरन्तर | • गहन अध्ययन अनुसन्धान भएको हुने।<br>• विश्वविद्यालयहरू र आयोगबीच सम्बन्ध स्थापना हुने। |
| ५.२.५.२ | नेपालका विश्वविद्यालयहरूमा स्नातकोत्तर तहमा अध्ययनरत केही विद्यार्थीहरूलाई आयोगले तोकेको स्थानमा इन्टर्नसिपको अवसर दिने व्यवस्था गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा, अनुसन्धान तथा नीति विश्लेषण शाखा | विश्वविद्यालयहरू, सम्बन्धित विषयमा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरू | शोधकार्यका लागि खटाइने वा तथ्याङ्क सङ्कलन गरिने निकाय | पहिलो वर्ष शुरू गरी निरन्तर | विश्वविद्यालयहरू र आयोगको सेतुको रूपमा रहने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| ५.२.५.३ | शोधकार्य अनुदान प्राप्त गर्ने र इन्टर्नशिपको अवसर प्राप्त गर्ने सहभागीहरूबाट प्राप्त सिकाइ उपलब्धिलाई आयोगको सिकाइ हस्तान्तरणसँग आवद्ध गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा, अनुसन्धान तथा नीति विश्लेषण शाखा | शोधकार्य र इन्टर्नसिपमा सहभागी विद्यार्थीहरू | विश्वविद्यालयहरू | निरन्तर | शोधकार्यको दस्तावेज तथा प्रतिवेदन प्राप्त भएको हुने। |
| कार्यनीति ५.२.६ अध्ययन अनुसन्धानको लागि आवश्यकता अनुसार विशेषज्ञ सेवा लिइनेछ। | | | | | | |
| ५.२.६.१ | आयोगलाई आवश्यक पर्ने विशेषज्ञ सेवाको क्षेत्र, आवश्यक संख्या र ती क्षेत्रका विज्ञको सूची तयार गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा, प्रशासन शाखा | विषय विज्ञहरू | शोध अनुसन्धानमूलक संस्थाहरू | निरन्तर | बिषयक्षेत्र र विज्ञको सूची तथा संख्या खुल्ने। |
| ५.२.६.२ | विशेषज्ञलाई दिइने सेवा सुविधाको कार्यविधि तर्जुमा तथा स्रोत व्यवस्था गर्ने। | सम्बन्धित महाशाखा/ शाखा | अर्थ मन्त्रालय | | पहिलो वर्ष शुरु गरी निरन्तर | कार्यविधि तयार हुने। |
| ५.२.६.३ | आवश्यकता अनुसार विशेषज्ञ सेवा लिने। | नीति विश्लेषण तथा व्य. महाशाखा, प्रशासन शाखा | विषय विज्ञहरू | शोध अनुसन्धानमूलक संस्थाहरू | निरन्तर | आयोगको कार्यमा प्रभावकारिता आउने। |
| कार्यनीति ५.२.७. अध्ययन अनुसन्धानको लागि राष्ट्रिय नीतिको पालना गर्दै आवश्यकता अनुसार अन्तराष्ट्रिय स्रोतको परिचालन गरिनेछ । | | | | | | |
| ५.२.७.१ | पहिचान भएका अध्ययन अनुसन्धानका विषयमा अन्तर्राष्ट्रिय सहयोगको आवश्यकता पहिचान गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा/प्रशासन शाखा | अर्थ मन्त्रालय, विकास साझेदारहरू | अध्ययन अनुसन्धान सम्वद्ध विदेशी निकायहरू | निरन्तर | अन्तर्राष्ट्रिय सहायताको आवश्यकता पहिचान हुने। |
| ५.२.७.२ | सम्भावित अन्तराष्ट्रिय विकास साझेदारहरूको पहिचान गरी स्रोत परिचालन र सहकार्यका लागि अर्थ मन्त्रालयसँग आवश्यक समन्वय गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा/प्रशासन शाखा | अर्थ मन्त्रालय, विकास साझेदारहरू | अध्ययन अनुसन्धान सम्वद्ध विदेशी निकायहरू | निरन्तर | अन्तर्राष्ट्रिय सहयोगको स्रोत पहिचान तथा सहकार्यको आधार तयार भएको हुने। |
| ५.२.७.३ | यकिन भएको अन्तराष्ट्रिय स्रोत राष्ट्रिय नीति बमोजिम परिचालनको व्यवस्थापन गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा/प्रशासन शाखा | अर्थ मन्त्रालय, विकास साझेदारहरू | अध्ययन अनुसन्धान सम्वद्ध निकायहरू | निरन्तर | स्रोत परिचालनबाट सहकार्य भएको हुने । |
| रणनीति ५.३: सरोकारवाला निकायहरूसँग प्रभावकारी समन्वय स्थापना गरिनेछ। | | | | | | |
| कार्यनीति ५.३.१ अन्तर समन्वय एवं सहजीकरण समितिको क्रियाशीलतावाट मुख्य सरोकारवाला निकायहरूबीच नीतिगत समन्वय एवं सहजीकरण गरिनेछ। | | | | | | |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| ५.३.१.१ | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६ को नियम १६ बमोजमको अन्तर समन्वय एवं सहजीकरण समितिलाई थप क्रियाशील बनाउने। | आयोग | समितिमा रहने पदाधिकारीहरू | समन्वय एवं सहजीकरण गरिने निकायहरू | निरन्तर | समितिबाट निरन्तर पृष्ठपोषण प्राप्त भएको हुने। |
| ५.३.१.२ | अन्तर समन्वय एवं सहजीकरण समितिको नियमित बैठक आयोजना गरी अन्तर निकाय नीतिगत समन्वय एवं सहजीकरण गर्ने। | सम्बन्धित विषय हेर्ने महाशाखा | समितिमा रहने पदाधिकारीहरू | समन्वय एवं सहजीकरण गरिने निकायहरू | निरन्तर | प्रभावकारी समन्वय एवं सहजीकरण भएको हुने। |
| कार्यनीति ५.३.२ आयोगका काम, कर्तव्य र अधिकार सम्बन्धी सरोकारवालाहरूको लागि विभिन्न तहमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। | | | | | | |
| ५.३.२.१ | आयोगका काम, कर्तव्य र अधिकार सम्बन्धी सरोकारवालाहरूको लागि केन्द्रीय स्तरमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | सम्बन्धित विषय हेर्ने महाशाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार | आयोगका काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य सरोकारवालाहरू | निरन्तर | आयोगको भूमिकाबारे सचेतना अभिवृद्धि भएको हुने। |
| ५.३.२.२ | आयोगका काम, कर्तव्य, अधिकार र काम कारवाही सम्बन्धी सरोकारवालाहरूको लागि प्रदेशस्तरमा र जिल्लास्तरमा स्थानीय तहको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | सम्बन्धित विषय हेर्ने महाशाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल नगरपालिका सङ्घ, गाउँपालिका महासङ्घ नेपाल | निरन्तर | आयोगको भूमिकाबारे सचेतना अभिवृद्धि भएको हुने। |
| कार्यनीति ५.३.३ आयोगले गर्ने सिफारिसका सम्बन्धमा प्रमुख सरोकारवालाहरूसँग निरन्तर अन्तरक्रिया, छलफल र संवाद गरी पृष्ठपोषण लिइनेछ । | | | | | | |
| ५.३.३.१ | आयोगले गर्ने सिफारिसका सम्बन्धमा प्रमुख सरोकारवालाहरूसँग निरन्तर अन्तर्क्रिया, छलफल र संवाद गर्ने। | सम्बन्धित विषय हेर्ने महाशाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल नगरपालिका सङ्घ, गाउँपालिका महासङ्घ नेपाल | निरन्तर | निर्धारित विषयमा पृष्ठपोषण प्राप्त लिने/दिने । |
| कार्यनीति ५.३.४ आयोगको कार्यक्षेत्रसँग मिल्ने प्रकृतिको कार्य गर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय सार्वजनिक संस्थाहरूसँग सम्बन्ध र सहकार्य स्थापना गरिनेछ | | | | | | |
| ५.३.४.१ | आयोगको कार्यक्षेत्र तथा कार्य प्रकृति जस्तै भूमिका भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी/सार्वजनिक संस्थाहरूसँग सम्बन्ध र सहकार्यका क्षेत्रहरूको सूची तयार गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा, प्रशासन शाखा | समान कार्यप्रकृति भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी/ सार्वजनिक संस्थाहरू | अर्थ मन्त्रालय | निरन्तर | संस्थाहरुको सूची तयार हुने । |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| ५.३.४.२ | सहकार्यका क्षेत्रगत सूचीसँग सम्वद्ध अन्तर्राष्ट्रिय सरकारी/सार्वजनिक संस्थाहरूसँग आवश्यकता अनुसार सिकाइ तथा अनुभवको निरन्तर आदानप्रदान गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा, प्रशासन शाखा | समान कार्यप्रकृति भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी/ सार्वजनिक संस्थाहरू | अर्थ मन्त्रालय | निरन्तर | सिकाइ आदानप्रदान भएको हुने। |
| कार्यनीति ५.३.५ आयोगले आफ्नो काम कर्तव्यका सम्बन्धमा आवश्यकतानुसार अन्य संवैधानिक निकाय, नेपाल सरकार, प्रदेश तथा स्थानीय तहका सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग राय परामर्श लिने तथा समन्वय गर्नेछ। | | | | | | |
| ५.३.५.१ | आवश्यकतानुसार अन्य संवैधानिक निकाय, नेपाल सरकार, प्रदेश तथा स्थानीय तहका सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग राय परामर्श लिने तथा समन्वय गर्ने। | सम्बन्धित विषय हेर्ने महाशाखा | संवैधानिक निकाय, नेपाल सरकार, प्रदेश तथा स्थानीय तह, सार्वजनिक संस्थाहरू | नेपाल नगरपालिका सङ्घ, गाउँपालिका महासङ्घ नेपाल | निरन्तर | प्रभावकारी समन्वय र परामर्श भएको हुने। |
| कार्यनीति ५.३.६ तीनै तहका सरकारहरूबीच विश्वासको वातावरण थप सुदृढ गर्न आयोगले समन्वय सेतु (coordination bridge)को रूपमा कार्य गर्नेछ। | | | | | | |
| ५.३.६.१ | तीनै तहका सरकारहरूबीच विश्वासको वातावरण थप सुदृढ गर्न आयोगले समन्वय सेतु (coordination bridge)को रूपमा कार्य गर्ने। | सम्बन्धित विषय हेर्ने महाशाखा | नेपाल सरकार प्रदेश सरकार स्थानीय सरकार | नेपाल नगरपालिका सङ्घ, गाउँपालिका महासङ्घ नेपाल | निरन्तर | सरकारहरूबीचको सम्बन्ध थप सुदृढ र सुमधुर हुँदै जाने। |
| कार्यनीति ५.३.७ प्रदेश र स्थानीय तहको स्वायत्तताको सम्मान हुने गरी राजस्व बाँडफाटको कानूनी र कार्यविधिगत व्यवस्था गर्न सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय गरिनेछ। | | | | | | |
| ५.३.७.१ | प्रदेश र स्थानीय तहको स्वायत्तताको सम्मान हुने गरी राजस्व बाँडफाटको कानूनी र कार्यविधिगत व्यवस्था गर्न सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय गर्ने। | सम्बन्धित विषय हेर्ने महाशाखा | प्रदेश सरकार स्थानीय सरकार | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, संसदीय समितिहरू | निरन्तर | प्रदेश र स्थानीय तहले संविधान प्रदत्त भूमिका निर्वाह गर्न सक्षम हुँदै जाने। |
| रणनीति ५.४: सरोकारवाला निकायहरुलाई आवश्यक सुझाब दिने , सहयोग तथा सहजीकरण गरिनेछ। | | | | | | |
| कार्यनीति ५.४.१ आयोगसँग सम्बन्धित विषयमा सरोकारवाला निकायबाट राय माग भएको अवस्थामा आवश्यकता र उपयुक्तता हेरी सुझाव दिइनेछ। | | | | | | |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| ५.४.१.१ | सरोकारवाला निकायबाट राय माग भएको अवस्थामा आवश्यकता र उपयुक्तताका अनुसारमा सुझाव दिने। | आयोग/ विषयसँग सम्बन्धित महाशाखा | सुझाव माग गर्ने निकाय | | निरन्तर | सुझाव पत्र। |
| कार्यनीति ५.४.२ सङ्घ, प्रदेश तथा स्थानीय तहले अवलम्बन गरेका खर्च प्रणालीको गुणस्तरको सम्बन्धमा आवश्यकतानुसार सुझाव दिइनेछ। | | | | | | |
| ५.४.२.१ | सङ्घ, प्रदेश तथा स्थानीय तहले अवलम्बन गरेका खर्च प्रणालीहरुको गुणस्तरको सम्बन्धमा तहगत रूपमा अध्ययन गर्ने । | वित्तीय व्यवस्थापन महाशाखा, वि. ह. तथा आ.ऋ. शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार | महालेखा नियन्त्रकको कार्यालय | दोश्रो वर्ष देखि निरन्तर। | अध्ययन प्रतिवेदन । |
| ५.४.२.२ | आवश्यकतानुसार अध्ययनको आधारमा सङ्घीय इकाईलाई सुधारको लागि सुझाव दिने । | आयोग | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार | महालेखा नियन्त्रकको कार्यालय | दोश्रो वर्ष देखि निरन्तर। | सुझाव पत्र। |
| कार्यनीति ५.४.३ सङ्घीय, प्रदेश तथा स्थानीय कर एवं राजस्वका सम्बन्धमा सुझाव माग भै आएमा आवश्यक सुझाव दिइनेछ। | | | | | | |
| ५.४.३.१ | सङ्घीय, प्रदेश तथा स्थानीय कर एवं राजस्वका सम्बन्धमा सुझाव माग भै आएमा आवश्यक सुझाव दिने। | आयोग/ वित्तीय व्यवस्थापन महाशाखा/ राजस्व बाँडफाँट शाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार | | निरन्तर | सुझाव दिइएको हुने। |
| कार्यनीति ५.४.४ वित्तीय सङ्घीयता र प्राकृतिक स्रोत परिचालनका सम्बन्धमा सरोकारवाला निकायबाट माग भएमा आवश्यक सुझाव उपलब्ध गराइनेछ। | | | | | | |
| ५.४.४.१ | वित्तीय सङ्घीयता र प्राकृतिक स्रोत परिचालनका सम्बन्धमा सरोकारवाला निकायबाट माग भएमा आवश्यक सुझाव उपलब्ध गराउने। | आयोग/ सम्वन्धित विषय हेर्ने महाशाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार | सुझाव माग गर्ने निकायहरू | निरन्तर | सुझाव दिइएको हुने। |
| कार्यनीति ५.४.५ सङ्घ, प्रदेश र स्थानीय तहवीच स्रोतको बाँडफाँट तथा उपयोगमा भएको वा हुनसक्ने विवाद निरुपण गर्न आवश्यकता अनुसार सहजीकरण गरिनेछ । | | | | | | |
| ५.४.५.१ | सङ्घ, प्रदेश र स्थानीय तहवीच स्रोतको बाँडफाँट तथा उपयोगमा भएको वा हुनसक्ने विवाद निरुपण गर्न अनुरोध भइआएमा आवश्यकतानुसार सहजीकरण गर्ने। | आयोग/ प्राकृतिक स्रोत परिचालन तथा रोयल्टी बाँडफाँट महाशाखा | प्रदेश सरकार, स्थानीय सरकार | सुझाव माग गर्ने निकायहरू | निरन्तर | सहजीकरणको लागि सरोकारवालाहरूसँग अन्तर्क्रिया र विवाद समाधानको प्रतिवेदन |
| कार्यनीति ५.४.६ अन्तरसरकारी अनुदानका सम्बन्धमा तीनै तहका सरकारलाई आवश्यकतानुसार सुझाव दिइनेछ। | | | | | | |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| ५.४.६.१ | अन्तरसरकारी अनुदानका सम्बन्धमा तीनै तहका सरकारलाई आवश्यकतानुसार सुझाव दिने। | आयोग/ वित्तीय व्यवस्थापन महाशाखा | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार | अनुदान वितरण गर्ने तथा प्राप्त गर्ने निकायहरू | निरन्तर | सुझाव दिइएको हुने। |
| रणनीति ५.५ संविधानमा भएको व्यवस्था अनुकूल आयोगसँग सम्वद्ध विद्यमान ऐनहरूमा परिमार्जनका लागि सम्बन्धित निकायसँग समन्वय एवं सहजीकरण गरिनेछ। | | | | | | |
| कार्यनीति ५.५.१ विद्यमान ऐनहरूमा परिमार्जनका लागि सरोकारवाला निकायसँग परामर्श गरी सुझाव सङ्कलन गरिनेछ। | | | | | | |
| ५.५.१.१ | विद्यमान ऐनहरूमा परिमार्जनका लागि सरोकारवाला निकायसँग परामर्श गरी सुझाव सङ्कलन गर्ने। | नीति विश्लेषण महाशाखा/ कानून शाखा | ऐनसँग सम्वद्ध निकायहरू | संसदीय समितिहरू, कानून न्याय तथा सं. व्यवस्था मन्त्रालय | दोस्रो वर्ष | सुझाव सङ्कलन भएको हुने। |
| कार्यनीति ५.५.२ प्राप्त सुझावहरू समेत समावेश गरी प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ मा समसामयिक परिमार्जन गर्न संशोधनको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष थप प्रकृयाका लागि प्रस्तुत गरिनेछ। | | | | | | |
| ५.५.२.१ | प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ मा समसामयिक परिमार्जन गर्न संशोधनको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष थप प्रकृयाका लागि प्रस्तुत गर्ने। | नीति विश्लेषण महाशाखा/ कानून शाखा | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संसदीय समितिहरू, कानून न्याय तथा सं. व्यवस्था मन्त्रालय | दोस्रो वर्ष | कानून निर्माणका लागि प्रस्तुत भएको हुने। |
| कार्यनीति ५.५.३ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा आवश्यक परिमार्जन गर्न सुझाव तयार गरी नेपाल सरकार समक्ष थप प्रकृयाका लागि प्रस्तुत गरिनेछ। | | | | | | |
| ५.५.३.१ | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा आवश्यक परिमार्जन गर्न सुझाव तयार गरी नेपाल सरकार समक्ष थप प्रकृयाका लागि प्रस्तुत गर्ने। | नीति विश्लेषण महाशाखा/ कानून शाखा | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संसदीय समितिहरू, कानून न्याय तथा सं. व्यवस्था मन्त्रालय | दोस्रो वर्ष | सुझाव सहित संशोधनका लागि प्रस्तुत भएको हुने। |
| कार्यनीति ५.५.४ प्राकृतिक स्रोत, प्राकृतिक स्रोतको परिचालन, प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी, प्राकृतिक स्रोतमा लगानी, प्राकृतिक स्रोतबाट प्राप्त हुने प्रतिफल जस्ता शब्द, वाक्य, वा विषयलाई स्पष्ट परिभाषित गर्दै प्राकृतिक स्रोतबाट प्राप्त हुने लाभको बाँडफाँट समेतका लागि यस सम्बन्धी एकिकृत ऐन निर्माण गरी कार्यान्वयनमा ल्याउनका लागि आयोगको तर्फबाट आवश्यक तयारी, समन्वय, एवं सहजीकरण गरिनेछ। | | | | | | |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय, महाशाखा/ शाखा | मुख्य सरोकारवाला निकाय | सहयोगी निकाय, महाशाखा/शाखा | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| ५.५.४.१ | प्राकृतिक स्रोत सम्बन्धी एकीकृत ऐनको मस्यौदाका लागि आवश्यक तयारी, समन्वय एवं सहजीकरण गर्ने। | नीति विश्लेषण महाशाखा/ कानून शाखा | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संसदीय समितिहरू, कानून न्याय तथा सं. व्यवस्था मन्त्रालय | दोस्रो वर्ष | एकीकृत ऐनको मस्यौदा प्रस्तुत भएको हुने। |
| कार्यनीति ५.५.५ वित्तीय सङ्घीयता कार्यान्वयनका लागि नयाँ कानून निर्माणको वस्तुनिष्ठ सुझाव प्राप्त भएमा वा आवश्यकता महसूस भएमा सो को लागि ऐनको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष थप प्रकृयाका लागि प्रस्तुत गरिनेछ। | | | | | | |
| ५.५.५.१ | वित्तीय सङ्घीयता कार्यान्वयनका लागि नयाँ कानून निर्माणको वस्तुनिष्ठ सुझाव प्राप्त भएमा वा आवश्यकता महसूस भएमा सो को लागि ऐनको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष थप प्रकृयाका लागि प्रस्तुत गर्ने। | नीति विश्लेषण महाशाखा/ कानून शाखा | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संसदीय समितिहरू, कानून न्याय तथा सं. व्यवस्था मन्त्रालय | आवश्यकता अनुसार | ऐनको मस्यौदा प्रस्तुत भएको हुने। |
| रणनीति ५.६ आयोगको सञ्चार तथा सिकाइ रणनीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ। | | | | | | |
| कार्यनीति ५.६.१. आयोगले तयार गर्ने आधार र निर्धारण गर्ने ढाँचा, सिफारिस, राय सुझाव, आयोगका निर्णय र सङ्घीय इकाइहरूबीचको वित्तीय अन्तरसम्बन्धलाई प्रभावकारी बनाउन आयोगको सञ्चार रणनीति तयार पारी आयोगले गर्ने आन्तरिक र बाह्य सञ्चारका प्रक्रियाको संरचना तयार पारिनेछ । | | | | | | |
| ५.६.१.१ | आयोगको सञ्चार रणनीति तयार गर्ने कार्यदल गठन गर्ने। | नीति विश्लेषण तथा व्य. महाशाखा, प्रशासन शाखा | आयोगको सञ्चारसँग आवद्ध हुने सबै निकायहरू | विज्ञहरू | पहिलो वर्ष | कार्यदल गठन भएको हुने । |
| ५.५.१.२ | सञ्चार रणनीति तयार परी आयोगबाट स्वीकृत गराउने। | नीति विश्लेषण तथा व्य. महाशाखा | आयोग | | पहिलो वर्ष | सञ्चार रणनीतिको स्विकृत दस्तावेज । |
| ५.५.१.३ | सञ्चार रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने। | प्रवक्ता, सूचना अधिकारी, आयोग/सबै महाशाखा/ शाखाहरू | आयोगको सञ्चारसँग आवद्ध हुने सबै निकायहरू | सबै खाले सञ्चारमाध्यमहरू | निरन्तर | आयोगको आन्तरिक तथा वाह्य सञ्चार प्रभावकारी हुने । |

## ४.२ अनुगमन तथा मूल्याङ्कन

रणनीतिक योजनाका परिलक्षित उद्देश्य हासिल गर्न अवलम्बन गरिएका रणनीति, कार्यनीति तथा क्रियाकलापहरूको कार्यान्वयनको चरणमा आवधिक अनुगमन गरी क्रियाकलापहरुलाई निर्धारित दिशामा अघि बढाउन तथा आवधिक मूल्याङ्कनबाट रणनीतिक योजनाका उद्देश्य हासिल गर्न थप सिकाइ हुने तथ्यलाई मनन गरी यस रणनीतिक योजनाको अनुगमन तथा मूल्याङ्कन र बार्षिक कार्यक्रमहरूको अनुगमन गरिनेछ। अनुगमनको क्रममा रणनैतिक कृयाकलापहरू परिमार्जन गर्नुपर्ने देखिएमा सो को लागि पृष्ठपोषण प्राप्त गर्न तथा सिकाइ प्रकृयालाई प्रभावकारी बनाउन समेत अनुगमन तथा मूल्याङ्कन ढाँचाले सहयोग पुऱ्याउने छ। योजनाको अनुगमन तथा मूल्याङ्कन देहायबमोजिम गरिनेछः

**क) रणनीतिक योजनाको अनुगमन तथा मूल्याङ्कन**

| अनुगमन र मूल्याङ्कन गर्ने बिषय | जिम्मेबार निकाय | | | |
|---|---|---|---|---|
| | आयोग | सचिवालय | महाशाखा | शाखा |
| समग्र रणनीतिक योजनाको अनुगमन (समिक्षा) | वार्षिक | अर्धवार्षिक | | |
| समग्र रणनीतिक योजनाको मध्यावधि मूल्याङ्कन | तेस्रो वर्षको शुरुमा | | | |
| समग्र रणनीतिक योजनाको अन्तिम मूल्याङ्कन | पाचौं वर्षको समाप्तिपछि | | | |
| रणनीतिको महाशाखागत योजनाको अनुगमन (समीक्षा) | | त्रैमासिक | मासिक | |
| रणनीतिको शाखागत योजनाको अनुगमन (समीक्षा) | | | मासिक | मासिक |

ख) **वार्षिक कार्यक्रमको अनुगमनः** आयोगको रणनीतिक योजनालाई मुख्य आधार बनाई तयार हुने बार्षिक कार्यक्रमहरूको अनुगमनको देहाय बमोजिम गरिनेछः

| अनुगमनको बिषय | जिम्मबार निकाय | | | |
|---|---|---|---|---|
| | आयोग | सचिवालय | महाशाखा | शाखा |
| मासिक प्रगति समीक्षा | | आवश्यकता अनुसार | अर्को महिनाको शुरुमा | महिनाको अन्तिममा |
| त्रैमासिक प्रगति समीक्षा | | तेश्रो महिनाको समाप्ति पछि | | |
| वार्षिक प्रगति समीक्षा | आर्थिक वर्षको समाप्तिपछि | आर्थिक वर्षको समाप्तिपछि आयोग समक्ष | | |

माथि उल्लेखित आवधिक रूपमा विभिन्न तहमा हुने अनुगमनहरूमा यस रणनीतिक योजनाको कार्यान्वयन कार्ययोजनामा उल्लेखित नतिजा (अपेक्षित उपलब्धी) हासिल हुन सकेको वा नसकेको अनुगमन गरिनेछ।

आयोगले आवश्यकताअनुसार वित्तीय सङ्घीयताको अनुगमन सूचकहरूको समेत समीक्षा गर्नेछ। यसको प्रशासनिक कार्य आयोगको योजना तथा कार्यक्रम शाखाले गर्नेछ। अनुगमन सूचकहरूको साथै आयोगले प्रदेश तथा स्थानीय तहको समानीकरण अनुदान प्रयोजनका लागि पारित गरेका कार्यसम्पादन सूचकहरूको समेत अनुगमन गरिने छ। आयोगको वेव पोर्टल मार्फत सूचना सङ्कलन गरिने ती सूचकहरूको अनुगमन खाका सम्बन्धी अलग्गै कार्यविधि बनाइने छ। जुन यसै रणनीतिक योजनाको अङ्ग मानिनेछ।

**(ग) वित्तीय सङ्घीयताको दिशा निर्देश गर्ने बृहत सूचकहरूः** वित्तीय सङ्घीयता कत्तिको सुदृढ हुँदै गैरहेको छ भन्ने सङ्केत प्राप्त गरी आयोगका सिफारिस आधार तथा ढाँचा निर्धारण र राय सुझाव दिनका लागि देहायका अनुपातहरू समेत मूल्याङ्कनको विषय हुनेछन्।

| क्षेत्र | सूचक | अपेक्षा |
| --- | --- | --- |
| वित्तीय समानीकरण अनुदान | कूल राष्ट्रिय बजेटमा सङ्घबाट प्रदेशमा प्रवाह हुने अनुदानको हिस्सा | बढेको |
| | कूल राष्ट्रिय बजेटमा सङ्घबाट स्थानीय तहमा प्रवाह हुने अनुदानको हिस्सा | बढेको |
| | सम्बन्धित प्रादेशिक बजेटमा सो प्रदेशले स्थानीय तहलाई उपलब्ध गराएको वित्तीय समानीकरण अनुदानको हिस्सा | |
| राजस्व बाँडफाँट | कूल राष्ट्रिय बजेटमा सङ्घबाट प्रदेशमा प्रवाह हुने राजस्व बाँडफाँटको हिस्सा | |
| | कूल राष्ट्रिय बजेटमा सङ्घबाट स्थानीय तहमा प्रवाह हुने राजस्व बाँडफाँटको हिस्सा | |
| | सम्बन्धित प्रादेशिक बजेटमा सो प्रदेशले स्थानीय तहलाई उपलब्ध गराएको राजस्व बाँडफाँटको हिस्सा | |
| स्थानीय तहको वित्तीय परनिर्भरता | स्थानीय तहको कूल वार्षिक बजेटमा वित्तीय हस्तान्तरण (माथिल्लो तहको सरकारहरूबाट प्राप्त हुने राजस्व बाँडफाँट, सबै प्रकारका अनुदान, र प्राकृतिक स्रोतको रोयल्टी) को हिस्सा | घटेको |
| प्रदेश तहको वित्तीय परनिर्भरता | प्रदेशको कूल वार्षिक बजेटमा वित्तीय हस्तान्तरण (नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट, सबै प्रकारका अनुदान, र प्राकृतिक स्रोतको रोयल्टी) को हिस्सा | घटेको |
| स्थानीय तहको राजस्व प्रयास | अघिल्लो आवको तुलनामा गत आ.व.मा उठेको आन्तरिक आयको हिस्सा | बढेको |
| आन्तरिक ऋणको सीमा | नेपाल सरकार, प्रदेश सराकार र स्थानीय तहले आयोगबाट स्विकृत सीमामा रही आन्तरिक ऋण लिए नलिएको | सीमा भित्र रहेको |

## ४.३ जोखिमको पहिचान

रणनीतिक योजना कार्यान्वयनको क्रममा आन्तरिक तथा वाह्य कारणहरुबाट विभिन्न प्रकारका जोखिमहरुको सिर्जना हुन सक्ने हुँदा यस्ता जोखिमहरुको समयमा नै पहिचान गरी रणनीति कार्यान्वयन गर्दा यी जोखिमहरू न्यूनीकरण गर्ने उपायहरु अबलम्बन गर्नु पर्ने हुन्छ। आयोगको यस रणनीतिक योजना कार्यान्वयनको सिलसिलामा आउन सक्ने जोखिमहरू देहाय बमोजिम पहिचान गरिएका छन् ।

१. रणनीतिक योजना कार्यान्वयनका लागि अनुमानित बजेटको उपलब्धता।
२. विश्लेषण तथा सिफारिसको लागि आवश्यक तथ्याङ्को उपलब्धता।
३. आयोगको लागि आवश्यक दक्ष जनशक्तिको पूर्ति तथा कर्मचारीहरूमा उत्प्रेरणा तथा मनोबलको अवस्था।
४. अन्तरसरकारी वित्तीय हस्तान्तरण सम्बन्धी आयोगले गरेका सिफारिसहरूको नेपाल सरकारबाट सही कार्यान्वयन।
५. आयोगको सिफारिसहरूको सङ्घीय इकाईहरूबाट कार्यान्वयनको इमान्दार प्रयास।

६. संवैधानिक तथा कानूनी स्पष्टताको सुनिश्चितता।
७. पर्याप्त प्रविधिको प्रयोग।
८. अन्तर निकाय समन्वय र सहयोग।
९. राजनीतिक नेतृत्वको प्रेरक भूमिकाको अवस्था।
१०.अन्तर सरकारी अनुदानहरुको एकीकृत र यथार्थ अभिलेखीकरण तथा प्रतिवेदन प्रणाली।
११. आयोगले आर्जन गर्न सक्ने विश्वासको स्तर।

माथि उल्लिखित जोखिमहरू तत्कालको परिदृश्यमा देखिने जोखिमहरू हुन्। आकस्मिक परिस्थितिजन्य जोखिमहरूको अनुमान गर्न नसकिने भएतापनि आयोगले सम्भाव्य जोखिमहरूको बारेमा समेत अध्ययन र विश्लेषण गरी सम्बन्धित निकायको ध्यानाकर्षण गराउने छ।

## ४.४ अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउन आवश्यक क्षमता विकास

रणनीतिक कार्ययोजनाका रणनीतिक उद्देश्यहरू पुरा भए नभएको अनुगमन र मूल्याङ्कन गर्दा अनुगमन गर्ने र गरिने निकायहरू दुवैले अनुगमनको विषयबस्तुमा समेत राम्ररी जानकारी हासिल गरेको हुनुपर्छ। दुवै पक्षमा अनुगमन र मूल्याङ्कन प्रकृयालाई प्रभावकारी बनाउन र प्रभावकारी पृष्ठपोषण लिन दिन समेत व्यक्तिगत तथा संस्थागत क्षमता निर्णायक हुन्छ। क्षमता विकासका कार्यहरू कतिपय अवस्थामा स्थानजन्य अर्थात मागमुखी ( Demand-driven) हुने गर्दछन् भने कतिपय अवस्थामा सबैतिर एकैनासको अर्थात आपुर्तिमुखी ( Supply-Driven) हुने गर्दछ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग एक संवैधानिक आयोग भएकाले यस रणनीतिक योजनाको उद्देश्य नं ५ र सो अन्तर्गतको क्षमता विकास रणनीति तथा कार्यनीतिमा उल्लेख भएका क्रियाकलापहरूले देहायका सबै पक्षहरूलाई समेट्न सकेमा मात्र आयोगको कार्यसम्पादन तथा अनुगमन तथा मूल्याङ्कन संयन्त्र समेत प्रभावकारी हुन सक्छ। सरोकारवालाहरूको क्षमतामा समेत यस आयोगको कामको गुणस्तर निर्भर रहने गर्दछ।



# अनुसूचीहरू

## अनुसूची-१: सङ्गठन संचरना



**अनुसूची-२: आयोगको सचिवालयको दरबन्दी विवरण**

| क.सं. | पद | श्रेणी | सेवा | समूह/ उपसमूह | दरबन्दी | पदपूर्ति अवस्था (२०७८ असारमा) |
|---|---|---|---|---|---|---|
| १. | सचिव | विशिष्ट | प्रशासन | | १ | १ |
| २. | सहसचिव | रा.प.प्रथम | प्रशासन | | २ | २ |
| ३. | सहसचिव | रा.प.प्रथम | ईन्जिनियरिङ्ग | सिभिल | १ | १ |
| ४. | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | ४ | ४ |
| ५. | उपसचिव | रा.प.द्वितीय | प्रशासन | राजस्व | २ | २ |
| ६. | उपसचिव | रा.प.द्वितीय | न्याय | कानुन | १ | १ |
| ७. | व.तथ्याङ्क अधिकृत | रा.प.द्वितीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | १ | १ |
| ८. | सि.डि.ईन्जिनियर | रा.प.द्वितीय | इन्जिनियरिङ्ग | सिभिल/ हाईड्रो | १ | १ |
| ९. | सि.डि.जियोलोजिष्ट | रा.प.द्वितीय | इन्जिनियरिङ्ग | जियोलोजी/ जनरल जियोलोजी | १ | - |
| १०. | वन अधिकृत | रा.प.द्वितीय | वन | फरेष्टी | १ | - |
| ११. | वरिष्ठ अर्थशास्त्री | रा.प.द्वितीय | विविध | | १ | - |
| १२. | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | १० | ८ |
| १३. | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | राजस्व | २ | २ |
| १४. | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | १ |
| १५. | तथ्याङ्क अधिकृत | रा.प.तृतीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | १ | - |
| १६. | सहायक वन अधिकृत | रा.प.तृतीय | वन | फरेष्टी | १ | १ |
| १७. | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ्ग | सिभिल/ हाईड्रो | १ | १ |
| १८. | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ्ग | जियोलोजी/ जनरल जियोलोजी | १ | - |
| १९. | कम्प्यूटर ईन्जिनियर | रा.प.तृतीय | विविध | | १ | - |
| २०. | वातावरणविद् | रा.प.तृतीय | विविध | | १ | - |
| २१. | समाजशास्त्री | रा.प.तृतीय | विविध | | १ | - |
| २२. | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्रथम | | | ५ | ४ |
| २३. | नायव सुब्बा | रा.प.अनं.प्र | प्रशासन | सा.प्र. | ७ | ६ |
| २४. | लेखापाल | रा.प.अनं.प्र | प्रशासन | लेखा | १ | १ |
| | | | | **जम्मा** | **४९** | **३७** |
| २५. | सेवा करारमा हलुकासवारी चालक | श्रेणीविहीन | | | १२ | ७ |
| २६. | सेवा करारमा कार्यालय सहयोगी | श्रेणीविहीन | | | १२ | ९ |
| | | | | **कुल जम्मा** | **७३** | **५३** |

## अनुसूची ३: सरोकारवालाहरूको वर्गीकरण

### *१. प्रमुख सरोकारवाला निकायहरू*

| क्र. सं | निकाय | सहयोगका क्षेत्र |
|---|---|---|
| *क. कार्य परिपुरकता* | | |
| १ | अर्थ मन्त्रालय | ▪ वित्तीय हस्तान्तरणको आधार र ढाँचा सिफारिस गर्ने।<br>▪ सङ्घीय सरकारले लिने आन्तरिक ऋणको सीमा निर्धारणको सिफारिस गर्ने।<br>▪ राजस्व तथा खर्च प्रणालीको सुधारका लागि सुझाव उपलब्ध गराउने।<br>▪ नेपाल सरकारबाट आयोगसँग माग भएको विषयमा सूचना उपलब्ध गराउने।<br>▪ प्राकृतिक स्रोतको हिस्साको बाँडफाँटको सिफारिस गर्ने।<br>▪ स्थानीय र प्रदेश तहमा जाने वित्तीय हस्तान्तरणको परिमाण निर्धारण गर्ने।<br>▪ आयोगलाई आवश्यक बजेट उपलब्ध गराउने।<br>▪ आयोगसँग सम्बन्धित वैदेशिक सहयोगका कार्यक्रमहरूमा सहजीकरण।<br>▪ सूचनाको आदानप्रदान।<br>▪ आयोगको सम्पर्क मन्त्रालयको रूपमा आयोगलाई आवश्यक सहयोग उपलब्ध गराउने।<br>▪ आयोगसँग सम्बन्धित कानुन निर्माण र आयोगको सङ्गठन पुनर्संरचनामा आवश्यक सहयोग उपलब्ध गराउने। |
| २ | राष्ट्रिय योजना आयोग | ▪ स्रोत अनुमानमा सहजीकरण गर्ने।<br>▪ आवधिक योजनाले तोकेको लक्ष्यहरू हासिल गर्नका लागि आवश्यक वित्तीय हस्तान्तरणको ढाँचा र परिमाण सम्बन्धमा आवश्यक सुझाव दिने।<br>▪ योजना तथा कार्यक्रमसँग सम्बन्धित आवधिक तथा वार्षिक प्रगति प्रतिवेदन उपलब्ध गराउने।<br>▪ क्षमता विकासमा सहकार्य गर्ने।<br>▪ सूचना तथा विवरण आदानप्रदान गर्ने। |
| ३ | महालेखा नियन्त्रकको कार्यालय | ▪ वित्तीय हस्तान्तरणको लेखाङ्कन र प्रतिवेदन।<br>▪ कोषहरू तथा विभाज्य कोषहरूको व्यवस्थापन।<br>▪ राजस्व, खर्च, धरौटी लगायतका वित्तीय व्यवस्थापन सूचना प्रणालीहरूको सञ्चालन, समन्वय र व्यवस्थापन। |
| *ख. प्रतिवेदन* | | |
| १ | राष्ट्रपतिको कार्यालय | नेपालको संविधानको धारा २९४ बमोजिम आयोगको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेश गर्ने कार्यको व्यवस्थापन गर्ने। |
| २ | प्रदेश प्रमुखको कार्यालय | नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आयोगको प्रदेशगत वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुख समक्ष पेश गर्ने कार्यको व्यवस्थापन गर्ने। |
| *ग. अन्तरनिकाय समन्वय* | | |
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ▪ सङ्घीयता सम्बन्धी कानुन तथा नीति तर्जुमामा सहजीकरण तथा मापदण्ड निर्धारण गर्ने।<br>▪ सङ्घीय शासन प्रणाली र अन्तरप्रदेश समन्वय सम्बन्धी कार्य गर्ने।<br>▪ आयोगका सिफारिसहरू कार्यान्वयनको निर्णय गरी कार्यान्वयनमा लैजाने । |

| क्र. सं | निकाय | सहयोगका क्षेत्र |
|---|---|---|
| | | ▪ अन्तर प्रदेश क्षेत्राधिकारका विवादको समयमै निरुपण गर्नमा सहजीकरण गरी वित्तीय सङ्घीयताको कार्यान्वयन सहज पार्ने। |
| २ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ▪ स्थानीय तहसँग सम्पर्क मन्त्रालयको रुपमा कार्य गर्ने।<br>▪ कर्मचारी प्रशासन सम्बन्धी कार्यमा सहजीकरण गर्ने।<br>▪ स्थानीय तहको क्षमता विकासमा सहकार्य गर्ने।<br>▪ वित्तीय सङ्घीयताको क्षेत्रमा प्राविधिक सहयोग उपलब्ध गराउने।<br>▪ मापदण्ड निर्माण लगायतका विषयमा सहयोग आदान प्रदान गर्ने।<br>▪ आयोगबाट माग गरिएका सूचना तथा तथ्याङ्क उपलब्ध गराउने।<br>▪ आयोगको कर्मचारी व्यवस्थापन तथा सचिवालयको सङ्गठन पुनःसंरचनमा सहयोग उपलब्ध सहजीकरण। |
| *ग. विभागहरू* | | |
| १ | केन्द्रीय तथ्याङ्क विभाग | ▪ सरकारका विभिन्न तहमा तथ्याङ्क व्यवस्थापन र तथ्याङ्कको क्षेत्रमा क्षमता विकासमा सहकार्य गर्ने।<br>▪ आयोगलाई आवश्यक तथ्याङ्क तथा सूचना उपलब्ध गराउने।<br>▪ तथ्याङ्कसँग सम्बन्धित आयोगलाई आवश्यक जनशक्ति उपलब्ध गराउन सहजीकरण गर्ने तथा तथ्याङ्क सेवाका कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। |
| २ | पर्यटन विभाग | ▪ पर्वतारोहण हुने क्षेत्रको नक्साङ्कन।<br>▪ पर्वतारोहण रोयल्टी उठ्ने क्षेत्रको नक्साङ्कन।<br>▪ वातावरण प्रभाव मूल्याङ्कन सम्बन्धी कार्यहरू।<br>▪ पर्वतारोहण सम्बन्धी तथ्याङ्क व्यवस्थापन।<br>▪ लस्कर मार्गको नक्साङ्कन।<br>▪ पर्वतारोहणमा आश्रित र प्रभावित जनसंख्या यकिन गर्ने।<br>▪ आयोगलाई आवश्यक सूचना तथा तथ्याङ्क उपलब्ध गराउने।<br>▪ पर्वतारोहण रोयल्टीको विवरण उपलबध गराउने।<br>▪ पर्वतारोहण रोयल्टीको वितरणको आधार र ढाँचा निर्धारण गर्न आयोगलाई प्राविधिक रूपमा सहयोग उपलब्ध गराउने।<br>▪ पर्वतारोहण प्राकृतिक स्रोतको उपयोगमा कुनै विवाद उत्पन्न भएमा सो को सहजीकरणका लागि आयोगलाई सहयोग उपलब्ध गराउने। |
| ३ | खानी तथा भूगर्भ विभाग | ▪ खानीसँग सम्बन्धित स्रोतको नक्साङ्कन।<br>▪ आयोगलाई आवश्यक सूचना र तथ्याङ्क उपलब्ध गराउने।<br>▪ खानीसँग सम्बन्धित आयोगलाई आवश्यक जनशक्ति उपलब्ध गराउन र क्षमता विकासमा सहजीकरण गर्ने।<br>▪ खानीको रोयल्टी बाँडफाँटको लागि प्राविधिक सूचना उपलब्ध गराउने।<br>▪ खानीसँग सम्बन्धित बिवादको सहजीकरणको लागि प्राविधिक सूचना उपलब्ध गराउने। |
| ४ | वन विभाग | ▪ वन क्षेत्रको नक्साङ्कन तथा वन सम्बन्धी तथ्याङ्क व्यवस्थापन।<br>▪ वनको रोयल्टी उठ्ने क्षेत्रको नक्साङ्कन एवं रोयल्टीको विवरण।<br>▪ वनको रोयल्टीको वितरणको आधार र ढाँचा निर्धारण गर्न आयोगलाई प्राविधिक रूपमा सहयोग उपलब्ध गराउने। |

| क. सं | निकाय | सहयोगका क्षेत्र |
|---|---|---|
| | | ▪ वातावरण प्रभाव मुल्याङ्कन सम्बन्धी कार्यहरू।<br>▪ आयोगमा कार्यरत वन सेवाको कर्मचारीको क्षमता विकासमा सहयोग गर्ने।<br>▪ वनको प्राकृतिक स्रोतको उपयोगमा कुनै विवाद उत्पन्न भएमा सो को सहजीकरणका लागि आयोगलाई सहयोग उपलब्ध गराउने। |
| ५ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | ▪ संरक्षित क्षेत्रको नक्साङ्कन तथा संरक्षित क्षेत्र सम्वन्धी तथ्याङ्क उपलब्ध गराउने।<br>▪ संरक्षण क्षेत्रको रोयल्टी उठ्ने क्षेत्रको नक्साङ्कन एवं रोयल्टी विवरण।<br>▪ संरक्षित क्षेत्रको (मध्यवर्ती क्षेत्र) रोयल्टी वितरणको आधार र ढाँचा निर्धारण गर्न आयोगलाई प्राविधिक रूपमा सहयोग उपलब्ध गराउने।<br>▪ संरक्षण क्षेत्रको स्रोतको उपयोगमा कुनै विवाद उत्पन्न भएमा सोको सहजीकरणका लागि आयोगलाई सहयोग उपलब्ध गराउने। |
| ६ | विद्युत विकास विभाग | ▪ विद्युत आयोजना क्षेत्रको नक्साङ्कन।<br>▪ विद्युत रोयल्टी उठ्ने क्षेत्रको नक्साङ्कन।<br>▪ विद्युत सम्बन्धी तथ्याङ्क व्यवस्थापन तथा आयोगलाई आवश्यक सूचना र तथ्याङ्क उपलब्ध गराउने।<br>▪ विद्युत रोयल्टीको विवरण उपलब्ध गराउने।<br>▪ विद्युत रोयल्टीको वितरणको आधार र ढाँचा निर्धारण गर्न आयोगलाई प्राविधिक रूपमा सहयोग उपलब्ध गराउने।<br>▪ विद्युत प्राकृतिक स्रोतको उपयोगमा कुनै विवाद उत्पन्न भएमा सो को सहजीकरणका लागि आयोगलाई सहयोग उपलब्ध गराउने।<br>▪ आयोगमा कार्यरत इन्जिरियरिङ्ग सेवा, सिभिल समूह, हाइड्रोपावर उपसमूहको कर्मचारीको क्षमता विकासमा सहयोग गर्ने।<br>▪ वातावरण प्रभाव मुल्याङ्कन सम्बन्धी कार्यहरू। |
| ७ | वातावरण विभाग | ▪ प्राकृतिक स्रोतको बाँडफाँटसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धानमा सहयोग उपलब्ध गराउने।<br>▪ प्राकृतिक स्रोतको रोयल्टी वितरणको आधार र ढाँचा निर्धारणमा आयोगलाई आवश्यक सहयोग उपलब्ध गराउने।<br>▪ वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन कार्यान्वयन अनुपालना अनुगमन सम्बन्धी अध्ययनमा आवश्यक सहयोग उपलब्ध गराउने।<br>▪ वातावरणीय सचेतता एवं जनचेतना अभिवृद्धि कार्यक्रम कार्यान्वयन गरी बातावरण संरक्षणमा सहयोग गर्ने।<br>▪ प्राकृतिक स्रोतसँग सम्बन्धी आवश्यक वातावरणीय तथ्याङ्क एवं सूचना उपलब्ध गराउने।<br>▪ आयोगलाई आवश्यक वातावरणसँग सम्बन्धित जनशक्ति उपलब्ध गराउन तथा क्षमता विकासमा सहजीकरण गर्ने। |
| ***घ. तहगत सरकारहरू*** | | |
| १ | प्रदेश सरकार | ▪ प्राकृतिक स्रोतको रोयल्टी लगायत वित्तीय स्रोतको बाँडफाँटको आधार र ढाँचा निर्धारण गरी सिफारिस गर्ने।<br>▪ प्राकृतिक स्रोतको लगानीको हिस्सा निर्धारणको सिफारिस गर्ने।<br>▪ आन्तरिक ऋणको सीमा निर्धारण गरी सिफारिस गर्ने। |

| क. सं | निकाय | सहयोगका क्षेत्र |
|---|---|---|
| | | ▪ प्राकृतिक स्रोतको उपयोगमा उत्पन्न विवादमा सहजीकरण गर्ने।<br>▪ प्रादेशिक वित्तीय दायरा (fiscal space) बढाउन प्राविधिक सहयोग गर्ने।<br>▪ वित्तीय सङ्घीयताको क्षेत्रमा शोध अनुसन्धान तथा क्षमता विकासमा सघाउने।<br>▪ आयोगलाई आवश्यक सूचना तथा तथ्याङ्क उपलब्ध गराउने।<br>▪ प्रदेश तहहरूमा आयोगले सञ्चालन गर्ने कार्यक्रममा सहजीकरण गर्ने।<br>▪ कार्यसम्पादन मापनका सूचकको प्रगति विवरण उपलब्ध गराउने। |
| २ | स्थानीय सरकार | ▪ प्राकृतिक स्रोतको बाँडफाँटको आधार र ढाँचा निर्धारण गरी सिफारिस गर्ने।<br>▪ प्राकृतिक स्रोतको लगानीको हिस्सा निर्धारण गरी सिफारिस गर्ने।<br>▪ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँटको सिफारिसको जानकारी गराउने।<br>▪ आन्तरिक ऋणको सीमा निर्धारण गरी सिफारिस गर्ने।<br>▪ प्राकृतिक स्रोतको उपयोगमा उत्पन्न विवाद निवारणमा सहजीकरण गर्ने।<br>▪ स्थानीय वित्तको दायरा बढाउन प्राविधिक सहयोग उपलब्ध गराउने।<br>▪ सार्वजनिक वित्त व्यवस्थापनमा क्षमता विकासमा सहयोग पुऱ्याउने।<br>▪ आयोगलाई आवश्यक तथ्याङ्क र सूचना उपलब्ध गराउने।<br>▪ स्थानीय क्षेत्रमा आयोगको कुनै कार्यमा सहजीकरण गर्ने।<br>▪ कार्यसम्पादन मापनका सूचकको प्रगति विवरण उपलब्ध गराउने। |

### २. *प्रतिवेशी सरोकारवाला निकायहरू*

| क. सं. | निकाय | सहकार्य क्षेत्रहरू |
|---|---|---|
| १ | सञ्चार क्षेत्र | ▪ सूचनाको सम्प्रेषण तथा आयोगले गरेको कार्यमा बहस र पैरवी<br>▪ अध्यन तथा अनुसन्धानमा सहयोग<br>▪ नागरिक शिक्षा |
| २ | विश्वविद्यालयहरू, शैक्षिक संस्थाहरू र अनुसन्धान तथा विकास संस्थाहरू | ▪ अध्ययन तथा अनुसन्धानमा सहकार्य<br>▪ क्षमता विकासमा सहकार्य |
| ३ | संसदीय समतिहरू | ▪ कानून तथा नीति निर्माणमा सहयोग<br>▪ अध्ययन तथा अनुसन्धानमा सहकार्य<br>▪ आयोगको कार्यमा बहस र पैरवी<br>▪ आयोगको वार्षिक प्रतिवेदनमा उल्लिखित विषयहरूमा आयोगसँग प्रतिक्रिया माग गर्ने। |
| ४ | खानी, वन, पर्वतारोहण, जलविद्युत, पानीसँग सम्वन्धित विभिन्न सङ्घ संस्थाहरू | ▪ वातावरण संरक्षण<br>▪ स्थानीय विवाद व्यवस्थापन<br>▪ अध्ययन अनुसन्धानमा सहयोग<br>▪ रोयल्टी सूचनाको सङ्कलन<br>▪ सूचना तथा तथ्याङ्क सङ्कलनमा सहयोग<br>▪ वातावरण संरक्षणमा सहयोग<br>▪ स्थानीय विवाद सहजीकरणमा सहयोग |

| | | |
|---|---|---|
| | | ▪ नीतिगत स्थिरतामा सहजीकरण<br>▪ लगानी मैत्री वातावरणको सिर्जना। |
| ५ | विकास साझेदारहरू | ▪ आयोगका कर्मचारीहरूको क्षमता विकास र विज्ञता उपयोगको लागि सहकार्य र सहजीकरण।<br>▪ आयोगसँग समान कार्य प्रकृति भएका अन्तर्राष्ट्रिय वित्तीय संस्था र विदेशस्थित सरकारी निकायसँग सिकाइ आदानप्रदान।<br>▪ विदेशस्थित विश्वविद्यालय र शोध तथा अनुसन्धानमूलक संस्थासँग शोध अनुसन्धानमा सहकार्य गर्न सहजीकरण। |